CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरुणोदय

साहित्यिक त्रैमासिक

बी. पी. विशेषांक

यस अङ्कका आकर्षणहरू:–

वि. प्र. कोइरालासँग लिइएको अन्तर्वार्ता

रेणु र म: वि. प्र. कोइराला

वर्तमानमा बी. पी. कसरी सम्झिइन्छन्

वि. प्र. कोइरालाका कृतिमा विभाजित 'स्व' को रेखाचित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संविधान दिवस २०४९ को पावन उपलक्ष्यमा

सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा

हार्दिक शुभकामना व्यक्त

गर्दछौं ।

महेन्द्र संस्कृत विश्वविद्यालय परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरूणोदय

(नेपाली साहित्यिक त्रैमासिक)

वर्ष- २८ २०४९ मंसीर संयुक्ताङ्क - १ - ३

सम्पादक मण्डल

१) धनेश्वर नेपाल
२) मोदनाथ खनाल
३) मुकुन्दप्रसाद लामिछाने

सञ्चालक समिति

१) अध्यक्षः- श्रीराम अधिकारी
२) सचिवः- रामहरि अधिकारा
३) कोषाध्यक्षः- पद्मप्रसाद नेपाल
४) सदस्यः- वद्रीप्रसाद पाण्डे तथा सम्पादक मण्डल, (पदेन)

प्रकाशक

छात्रकार्य समिति संस्कृत छात्रावास, दरवारमार्ग

कार्यालय

संस्कृत, छात्रावास

दरवारमार्ग, फो. नं. २-२३८८४

संरक्षक

नीलमणि ढुंगाना

प्राचार्य

वाल्मीकि क्याम्पस

प्रति १०००।-

मूल्य रु. १०।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

क्र. सं. विषय	लेखक	पृष्ठ संख्या
१. रेणु र म	विश्वेश्वरप्रसाद कोइराला	१
२. वि. प्र. कोइरालाका कृतिमा विभाजित 'स्व' को रेखाचित्र	कृष्ण गौतम	५
३. लाजभन्दा लाल बादल	कन्चन पुडासैनी	८
४. प्रजातन्त्र फुले मात्र राष्ट्र हुन्छ समुन्नत	मुकुन्द प्रसाद लामिछाने	९
५. मोदिआइन, केही टिपोट	कोषराज न्यौपाने	१०
६. उपन्यासकार वि. प्र. कोइराला मानवीय स्वतन्त्र अस्तित्वको...	दुर्गा अर्याल	१४
७. आमाको काख रित्तियो	लक्ष्मणहरि अर्याल	१८
८. वर्तमानमा वी. पी. कसरी संझिइन्छन् ?	पुरुषोत्तम दाहाल	१९
९. मुक्तक	वीपीन अर्याल	२०
१०, प्रजातन्त्र फुले मात्र हुन्छ राष्ट्र समुन्नत	रूक्मणि पौडेल	२१
११. प्रसव वेदनामा अतीतको संझना	धनेश्वर नेपाल	२३
१२. कर्मठ पाखुरीहरू	दुर्गादत्त विष्ट	२६
१३. आजभोलिको आज	मोंदनाथ खनाल	२७
१४. हामी विद्यार्थी हौं	पद्मप्रसाद नेपाल	३०
१५. शत्रु कथाका अजातशत्रु वि. प्र. कोइराला	हरिप्रसाद शर्मा	३१
१६. राष्ट्रिय सन्दर्भमा वातावरणीय समस्या र समाधान	कृष्णप्रसाद सिग्द्याल	३५
१७. पाखुरीहरू	नारायण अधिकारी	३७
१८. हे मूर्ख हो !	बद्रीप्रसाद खनाल	३८
१९. संस्कृतः एक दृष्टि	श्रीराम अधिकारी	३९
२०. वि. प्र. कोइरालासँग लिइएको अन्तर्वार्ताको सारांश		४३
२१. विदेशी छोराको यादमा	यज्ञराज अधिकारी	४८
२२. चम्किन्छ तारा सधैं	नवराज ढकाल	४९
२३. विवश जिन्दगी	उत्तम सापकोटा	५१
२४. युवा	माधवप्रसाद दाहाल	५२
२५. जीवनगीत	रामहरि अधिकारी	५३
२६. हाँसौं, सिकौं र हाँसौं	हरिशरण 'अपरिचित'	५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

स्वतन्त्रताको संग्राममा अतवरत लागिरहने महानायक स्व. वी. पी. कोइरालाको मस्तिष्कले नेपाली साहित्यको वाटिकालाई पनि सिञ्चित गर्न पछि परेन । एकातिर मानवीय अस्तित्वको उद्घाषको रुपमा विश्वमा प्रस्तुत हुने भावना अर्कोतिर साहित्यिक सिर्जनाको रसिलो कोसेली लिएर नेपाली जन–मानसमा प्रस्तुत हुनपुग्यो । नेपाली साहित्यमा रहेको पुरानो मूल्य र मान्यतालाई नवीकरण गरेर क्रान्तिकारी परिवर्तनको रेखा कोर्न वी. पी. को साहित्य रचना सफल भएको छ । साँघुरो मान्यताको परम्परालाई तोडेर मानव मनोजगतको वास्तविक प्रतिबिम्ब झल्काउनु नै कोइरालाको संप्रेषणीयता हो । चेतन र अचेतन मनको हरेक रेशा रेशालाई केलाएर अपचराग र विरागको प्रत्यक्षीकरण गर्ने चातुर्य वी. पी. को सिर्जनशीलतामा रहेको छ । मान्छे भित्रको अचेतन र चेतन बीचको अन्तरद्वन्द्वबाट अकस्मात् प्रस्फुटित भएको परिणाम वास्तवमा जीवनको सहज प्रस्तुति हो र यसैको आधारमा बाँच्ने पद्धतिको शृङ्खला घटनाहरूको क्रमबद्धताबाट प्रभावित छ भने जस्ता धारणाहरूले वी. पी. का कृतिहरु चुलिएका छन् । वास्तवमा मानवका अव्यक्त क्रियाकलापहरुको शृङ्खला वी. पी. बाट उद्घाटित भएको हो । जवानीजन्य मानसिकताको चाञ्चल्य र संवेगात्मक भावातुरबाट मान्छे भित्रका चेतन ग्रन्थिहरू कसरी निष्क्रिय भएर जान्छन् र कसरी अचेतन मनको सक्रियताबाट चेतना समेत अथाह क्रियाकलाप सँग सम्झौता गर्न पुग्छ भन्ने जिज्ञासालाई कोइरालाले अति सूक्ष्म रूपले चिरफार गरेका छन्

राजनीतिमा समाजवादी विचार राख्ने कोइराला साहित्यमा आफूलाई अराजकतावादी स्वीकार्छन् । समाजको सामाजिक परिस्थितिको खोतल खातल गर्नुदेखि लिएर एउटा व्यक्तिको भावनात्मक उतार चढावको गतिलाई सुटुक्क नाप तौल गरेर खुला परिवेशमा फुकाइदिनु नै उनको कृतिगत विलक्षणता हो । मानवको वास्तविक प्रतिबिम्बलाई निर्भिकताका साथ वी. पी. ले आफ्नो प्रतिभासँग वरण गराए । मानवीय स्वभावजन्य अदव संवेगात्मक भावनाबाट निस्किएका क्रियाकलापहरुको चित्रण गर्नु कोइरालाको प्रमुख साहित्यिक प्रवृत्ति हो । मान्छेको अन्तर कुन्तरमा रहेको सूक्ष्म एषणालाई जिस्क्याई जिस्क्याइकन ,कहिले हाँसोको उत्साहप्रद आनन्दको सफलतासँगत कहिले रोदनबाट निस्किएका आँशुका ढिक्काहरुसँग आफू पनि सहयात्री बनेर पाठकका अगाडि प्रस्तुत गर्ने कुशल कलाकारको रुपमा वी. पी. स्थापित भएका छन् ।

संघर्ष र विद्रोहको घनीभूत बादल भित्रबाट पनि सत्य र न्यायको बिगुल फुकेर समग्र मानवीय समाज भित्रको सामाजिक विसंगति विरुद्ध र राष्ट्रको नियतिका पक्षमा अनवरत लडिरहने महायोद्धाको मस्तिष्कले मानवीय जन–जीवनको सर्वपक्षीय घात–प्रतिघात तथा पक्षविपक्षको अति संवेदनशील वास्तविकताको सरस सुगम शैलीबाट साहित्यिक सिर्जनाको कोसेली प्रस्तुत गरेर साहित्यिक विधालाई धनी बनाउन सक्नु नै वी. पी. को प्रमुख विशेषता हो । अनवरत राजनीतिक क्रियाकलापबाट पन्छिन नसक्ने व्यक्तिले आफ्नो कृतिलाई पूर्णतः विशुद्ध साहित्यिक सिर्जनाको रुपमा प्रस्तुत गर्न सक्नु वास्तवमा उच्च बौद्धिकता र साहित्यिक चातुर्यको विषय हो । राजनीतिक क्षेत्र र साहित्यिक क्षेत्र जस्ता २ बेग्ला बेग्लै विशेषता युक्त विधामा दुबैतिरबाट सर्वाधिक सफलाता प्राप्त गर्न साधारण मानवीय बौद्धिकताले सक्ने स्थिति हुँदैन ।

समग्रमा वी. पी: कोइराला बहु–आयामिक व्यक्तित्वका धनी हुन् । सुम्निमा जस्तो उपन्यास ७, ८ दिनको छोटो अवधिमा नै समाप्त गर्न सक्ने भावनात्मक प्रवाहलाई बुझ्न र गम्भीर अध्ययन गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोज्दा त्यो प्रवाहको गन्तव्यमा नै पुग्न नसकिने स्थिति हुन्छ । भाषाको सम्पन्नता, कथा वस्तुको सम्प्रेषणीयता, पात्रहरुको उपयुक्त प्रस्तुतीकरण, उद्देश्यको स्वाभाविक आकांक्षा, तथा मान्छेको सहज क्रियाकलापको क्रमबद्ध विन्यासले उपन्यासलाई विभिन्न रङ्गका फूलहरुको सुन्दरतम वैजयन्ती जस्तो बनाएको छ । जीवनका शृङ्खला-हरूमा घटनाको आरोह र अवरोहले पात्रहरुको जीवनमा विविध अस्तित्व कायम गराएको छ । सुम्निमा उपन्यासमा सोमदत्त र सुम्निमा बीचका अनेक क्रियाकलापहरुको उठान र वैठान नै उनीहरूको जीवन शैली हो । उनीहरुमा जतिसुकै विशुद्ध सम्पर्कको चेतन मनस्थितिले दावी गरे तापनि अचेतन मनस्थितिको आग्रहबाट उनीहरु बच्न सकेका छैनन् । आफ्नो शास्त्रीय मान्यता तथा परम्परा अनुसारकी श्रीमतीसँगको संभोगलाई आफ्नो बाल्यावस्थादेखिकी सँगिनी सुम्निमा प्रति भावनात्मक स्थानान्तरण गरेर सन्तुष्ट हुनु तथा सक्षम वीर्य दाता हुन सक्नु र सोमदत्तकी श्रीमती पुलोमा पनि आफ्नो बाल्यसखा भिल्ल युवक प्रतिको आकर्षणका कारण सोमदत्त-सँग भइरहेका संभोगमा त्यही युवक प्रति भावनात्मक लक्ष्य गरेर पुलोमा पनि गर्भधारण गर्न सक्षम बन्न सकी । यस्ता अतिमनोवैज्ञानिक र शाश्वत मान्यतालाई उद्घाटन गरेर कोइरालाले उपन्यास जगतमा नौलो आयामको जगलाई बलियो बनाउने काम गरे । त्यस्तै, तीन घुम्तिमा विशेष गरेर नारीको विविधता मुखी शृंखलाको व्याख्या गर्दै नारी सुलभ एषणाको उदत्तीकृत भावनालाई स्पष्ट पारिएको छ । जसमा इन्द्रमाया र पीताम्बर बीचको मनोवैज्ञानिक विघटन प्रमुख रहेको छ । विशेष गरेर कोइरालाका कृतिहरुमा पात्रहरू अस्तित्ववादी हुन्छन् । नरेन्द्र दाइमा पनि अस्तित्ववादको रङ्ग पोतिएको छ । विशेषतः नारी पात्रलाई अस्तित्ववादको अल-ङ्कारिताबाट सजाइएको छ । गौरीको प्रारम्भिक जवानीवाट अतृप्त नरेन्द्र आफ्नै नोकर्नी मुनरियाको पूर्ण जवानी जन्य मादकताको पोखरीमा चुर्लुम्म डुब्न पुग्छ र विवाहिता पत्नी गौरीलाई पन्छाउँछ । परन्तु अन्त्यमा नरेन्द्र पुनः गौरीकै आश्रयमा फर्किन्छ । गौरीले आफ्नो पतिको मृत्युबाट वैधव्यको स्थिति स्वीकारिन, र त्यो मृत्युलाई शास्वत प्रेमको लागि संयोजक अवसर मानी । यसरी नारी पात्र अस्तित्ववादी शृंखलाबाट परिचालित भएको पाइन्छ । 'मोदिआइन' उपन्यासमा उपन्यासकार वी. पी. ले मानवीय मूल्य र मान्यता प्रति विशेष चिन्ता व्यक्त गरेका छन् । मानव इतिहासको सर्वाधिक चर्चित गीतालाई निष्काम व्याख्या मात्रै हो र मानवीय भावनाले संप्लावित अर्जुनलाई विनाशकारी युद्धमा प्रवृत्त गराउनु राम्रो हैन भन्ने धारणा यस उपन्यासमा राखिएको छ । भर्खरै प्रकाशित बाबु-आमा र छोरा उपन्यासमा पनि वी. पी. ले मनोवैज्ञानिक पक्षलाई नै विशेष महत्व दिएका छन् र सूक्ष्म रूपबाट मानवीय पक्षको ह्रास हुँदै गएको विषयलाई कोट्याएका छन् । वी.पी. कोइराला उपन्यास-कारमात्रै नभएर महान् कथाकारको रूपमा पनि प्रतिष्ठित व्यक्तित्व हुन् । अति सूक्ष्म र मनोवैज्ञानिक कथा "दोषी चश्मा" वी. पी. का कथाहरूको एक संगालो हो जसमा कथाकारिताको अद्भूत चमत्कारिता पाइन्छ ।

वी. पी. कोइराला नेपाली साहित्यका एक नक्षत्र भएका हुनाले यस तीन धारा संस्कृत छात्रावास-बाट प्रकाशित हुँदै गरेको नेपाली साहित्यिक त्रैमासिक अरुणोदय पत्रिका यस पटक वी. पी. विशेषाङ्कको रुपमा पाठकहरुको हातमा समर्पण गरेका छौं । साहित्य सिर्जनाको विहङ्गम अभीष्ट लिएर प्रकाशन गर्न लागिरहेको अरुणोदय पत्रिकाले विविध कारणवश आफूलाई निरन्तरता प्रदान गर्न सकेको छैन । अर्थाभाव तथा अन्य विविध कारणहरू नै पत्रिका प्रकाशनका लागि तगारो बने । तै पनि हामीले यसपल्ट हाम्रा कयौं आदरणीय पाठकहरुबाट माग भैरहेको र उक्त अंकको पत्रिका समाप्त भैसकेको हुनाले पुनः त्यही संयुक्ताङ्क ४-५, ०३९ -वर्ष १९ को संस्करणलाई केही थपघट गरेर दोस्रो संस्करणको रुपमा प्रस्तुत गरेका छौं । यस भित्र कयौं त्रुटिहरु रहेका होलान्, यस प्रति हामी क्षमा प्रार्थी छौं ।

यस पत्रिका प्रकाशनार्थ सहयोग पुऱ्याउनु हुने सम्पूर्ण लेखकहरु, विज्ञापनको रुपमा आर्थिक सहयोग पुऱ्याउनु हुनेहरु तथा अन्य सहयोगी साथीहरु प्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्न चाहान्छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविस्मरणीय प्रसंग

रेणु र म

– विश्वेश्वर प्रसाद कोइराला

[हिन्दीका सुप्रसिद्ध साहित्यकार स्वर्गीय **श्री फणीश्वर नाथ 'रेणु'** स्वर्गीय "सान्दाजु" **श्री विश्वेश्वर प्रसाद कोइरालाका** अति सान्नेकट स्नेहपात्र हुनुहुन्थ्यो। भारतको विहारस्थित पूर्णिया जिल्लाको एउटा गाउँमा सन् १९२१ मार्च ४ का दिन एक मध्यम-वर्गीय परिवारमा रेणुको जन्म भएको थियो। किशोर वयदेखि नै नेपालको विराटनगरस्थित कोइराला परि-वारको 'स्कूल' मा उहाँको शिक्षा-दीक्षा सम्पन्न भयो। जहाँ स्व० श्री वी० पी० का पिताज्यू श्री कृष्ण प्रसाद कोइराला 'हेड माष्टर' हुनुहुन्थ्यो। स्कूल जीवनको समाप्तिपछि पनि रेणुले कोइराला-बन्धुको संसर्ग छाड्नु भएन र साथै उहाँ पनि बनारस हिन्दू विश्वविद्यालयमा पढ्न जानुभयो। यसरी रेणुको सम्पर्क कोइराला-परि-वारसंग (विशेषतः स्वर्गीय 'सान्दाजु' संग) त्यही बेला-देखि नै बढी घनिष्ट तथा वात्सल्यपूर्ण रह्यो। नेपाल प्रतिको आफ्नो अगाध श्रद्धा र प्रेम दर्शाउँदै भारतमा आपातस्थिति चित्रण गर्ने सन्दर्भमा एकठाउँ रेणु भन्नु-हुन्छ–

"जब साँच्चि नै मलाई थाहा भो कि यहाँ (भारतमा) लेख्ने, पढ्ने, बोल्ने सबै स्वतन्त्रता छिनिएको छ, र त्यो फेरि फर्किहाल्ने कुनै आशा पनि छैन, तब मलाई लाग्यो– भारतमा बसेर केही हुँदैन..... खान र सुत्नका लागि भारत नै किन चाहिन्छ र.....मलाई लाग्न थाल्यो– साँच्चि नै मेरी आमा मर्नु भएको छ र हाम्रो यहाँ एउटा भनाई छ "आमा मरे मावल जानू" ..... नेपाल मेरो मावल.....।"

यसरी रेणु पुनः नेपाल आउनुभो र निकै दिन सान्दाजुको परिवारसंग बिताउनुभो। तर रेणुको साँच्चिकै कोइराला परिवारसंगको सान्निध्य किशोर-कालीन वयमै भएको थियो। जसको बालमनोवैज्ञानिक प्रभाव स्पष्टतः रेणुको समग्र साहित्यिक चिन्तन तथा क्रान्तिकारी जीवनमा देखिएको प्रतीत हुन्छ र यही प्रसंग सान्दाजुले यहाँ प्रस्तुत आफ्नो संस्मरण लेखमा व्यक्त्या-उनु भएको छ। वास्तवतः शुरुदेखि नै निश्छल आदर्श ग्रामीण जन-जीवनको यथार्थ संवेदनशील चित्रणद्वारा सन्त कवीर, प्रेमचन्द जस्ता उच्चकोटिका हिन्दी साहित्य मनीषीहरुदेखि दोश्रो स्थान प्राप्त श्री रेणु 'मैला आँचल' 'परती परिकथा' जस्ता उत्कृष्ट उपन्यासहरू मात्र दिएर जानुभएन, सन् ४२ को 'भारत छोडो' आन्दोलनदेखि नै हजारीबागको जेलयात्रा (जहाँ सोही क्रममा स्वर्गीय सान्दाजु पनि पुग्नु भएको थियो) बाट प्रारंभ गरीकन सन् '७४ को लोकनायक जयप्रकाश नारायणद्वारा नेतृत्व प्राप्त 'विहार आन्दोलन' तथा '७५ को 'आपतकालीन विरुद्ध आन्दोलन' एवँ 'सम्पूर्ण क्रान्ति' सम्म आमृत्यु रेणुले देखाएको अपूर्व संघर्षमय चरित्र तथा क्रान्तिकारी आदर्शबाट यो भन्न करै लाग्छ कि स्वातन्त्र्योत्तर भार-तीय साहित्यकारहरूमा 'संघर्षको राजनीति' तथा 'लोकजीवनको प्रामाणिक साहचर्य' का बीच समन्वय स्थापित गर्न सक्ने विलक्षण प्रतिमा रेणु बाहेक अरूमा भेटिनु दुर्लभ छ। यसरी सत्तापक्षीय उग्र अत्याचारको विरोधमा आफूले पाएको 'पद्मश्री' जस्तो उच्च सम्मान तथा विहार सरकारद्वारा तत्काल प्राप्त वृत्ति समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहजै फिर्ता गरिदिन सक्ने क्रान्तिधर्मी व्यक्तित्व श्री रेणु पार्थिव अस्तित्व ११ अप्रिल १९७७ का दिन समाप्त हुन्छ । यहाँ प्रस्तुत छ, श्रद्धेये स्वर्गीय वी.पी. प्रति भावाञ्जलि अर्पण गर्ने क्रममा उहाँकै लेखनीबाट निःसृत एक महान साहित्यकारसंगको संस्मरण कथा ('रेणु और मैं', रेणु: सँस्मरण और श्रद्धाञ्जलि, नवनीता प्रकाशन, पटना, १९७८) को नेपाली अनुवाद ।

- कृष्ण ज्ञावली]

कुरा सन् १९३५ को हो । महिना मलाई संझना छैन । म मेरी पत्नी सुशीलालाई लिएर आफ्नो घर (विराटनगर) जांदै थिएँ । त्यो बेला हाम्रो भर्खर-भर्खर नयाँ विवाह भएको मौका थियो, हामी कटिहारबाट जोगबनी जाने रेलमा यात्रा गरिरहेका थियौं । बेस्सरी पानी परिरहेको थियो । एउटा स्टेशनमा पुगेपछि जब रेलको ढोका खुल्यो, तब मैले देखें कि एउटा किशोर हाम्रो डिब्बाभन्दा बाहिर झ्यालको डण्डी पक्रेर पाउदानमाथि उभिएको छ । गाडी साँय-साँय गर्दै द्रुतगतिले दौडिन लाग्दै थियो । त्यो युवक विचरा निथ्रुक्कै भिजेर पानी-पानी भईरहेको थियो । हाम्रो डिब्बा सेकेण्ड क्लासको थियो (त्यो बेलाको राजसी सेकेण्ड क्लास) । त्यसमा हामी केवल पति-पत्नी थियौं । हामी यही सोंचमा थियो कि त्यो नित न्त अपरिचित व्यक्तिलाई डिब्बा-भित्र छिर्न दिउँ या नदिउँ । के त्यो पागल त होइन? हुन सक्छ ऊ चोर होस र हामीलाई एक किसिमले निर्जन भेट्टाएर हाम्रो हत्या गरेर हाम्रो सामान लिएर सुईंकुच्चा ठोकोस । तर सुशीला अब चुपलागेर बस्न सकिनन् । चाहे जे होस, त्यो बेलाको उसको अवस्थामाथि दया गरेर उनले डिब्बाको ढोका खोलिदिइन् । भित्र आउने वित्तिकै जब उसले देख्यो कि डिब्बामा त खाली पति र पत्नी दुई प्राणी मात्र छन्, तब ऊ केही संकोच मान्न लाग्यो र सीटमाथि बस्न पाठ्घारो माने जस्तो गऱ्यो, तर बस्न भनेर हामीले पटक-पटक अनुरोध गरेपछि ऊ एउटा सीटमा खुम्चिएर टुक्रुक्क बस्यो । एकै छिनमा सुस्थिर भएपछि उसले आफ्नो परिचय दियो र हाम्रो परिचय माग्यो । पारस्परिक परिचय पछि ऊ हामीसंग यति घुलमिल भयो कि ऊ हामीसंगै विराटनगर आउने सुर कस्यो । त्यहाँ आइसकेपछि ऊ हाम्रै घरमा बस्न लाग्यो । उही थियो हिन्दीको यशस्वी कथाकार फणीश्वरनाथ रेणु ।

रेणुले मलाई 'सान्दाजु' भन्थ्यो । नेपालीमा सान्दाजुको अर्थ हुन्छ- ठूलो दाजुभन्दा सानो, तर आफूभन्दा जेठो (अग्रज) । हामी पाँच भाइहरूमा मातृका प्रसाद कोइराला जेठा हुनुहुन्छ । हामी सबै भाई (अनुज) उहाँलाई 'ठूल्दाजु' अर्थात् 'जेठोदाजु' भन्छौं । उहाँभन्दा कान्छो म हुँ । अरू तीन भाइहरू भन्दा जेठो हुनाले म उनीहरूका लागि सान्दाजु बनें ।

विराटनगरमा मेरा पिताजी (स्व० कृष्णप्रसाद कोइराला जो 'नेपालका गान्धी' भनिनुहुन्थ्यो र साधारणतया सबै उहाँलाई पिताजी भन्ने गर्थे) ले एउटा स्कूल खोल्नुभएको थियो, जो नेपाल तराईको सबैभन्दा पहिलो स्कूल थियो । मेरा एउटा साना भाई तारिणी प्रसाद कोइराला (अहिले स्वर्गीय) संग रेणुको खूब मिलती थियो । दुबैमा साहित्यका प्रति अनुराग थियो । दुबै साहित्यका रसिक प्रेमी यदा-कदा केही लेखिरहने गर्थे । त्यो बेला तारिणीप्रसाद को उमेर १५ वर्षको थियो र रेणु पनि संभवतः समवयसी नै थियो होला । त्यसै बेलादेखि नै एक समयको नितन्त अपरिचित किशोर रेणु कोइराला परिवारको एक अभिन्न सदस्य जस्तो भइदियो र जीवन-पर्यन्त यही रूप कायम रह्यो ।

रेणु हिन्दीको मात्र नभएर बङ्गला साहित्यको समेत मनोयोगी तथा रसग्राही पाठक थियो । त्यसताका ऊ खास गरी सतीनाथ भादुडी (प्रसिद्ध बङ्गाली लेखक, का मर्मस्पर्शी उत्तेजक क्रान्तिकारी राजनीतिक रचनाहरूप्रति निकै आशक्त थियो । उसैले मलाई सतीनाथजीसंग भेट गरायो र उनका रचनाहरू पढेर-पढाएर रसास्वादन गरायो । मेरा केही रचनाहरू हिन्दी सिक 'हंस' (त्यो बेला त्यसका सम्पादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेमचन्दसंग मेरो चिनाजानी भइसकेको थियो) एवं नेपाली मासिक 'शारदा' (काठमाडौं) मा छापिइ-सकेका थिए । रेणु मेरो साहित्यिक सहायक बन्यो । पछि उसले मेरा केही कथाहरूको हिन्दी अनुवाद पनि गऱ्यो । पटनाबाट स्व० रामवृक्ष बेनीपुरीद्वारा सम्पादित मासिक 'हिमालय' मा मेरो एउटा नेपाली कथाको हिन्दी अनुवाद रेणुले प्रकाशित गराएको थियो ।

परन्तु सबै कुरा छाडेर रेणु मेरो सानो भाई थियो । उसको क्रान्तिकारी प्रवृत्ति तथा अन्याय एवं दमनको विरोध गर्ने उग्रता मेरो जस्तै थियो । उसका विचारहरु मेरा आफ्नै जस्ता लाग्दथे । वास्तवमा ऊ मेरै एकात्मा थियो । ऊ स्वतन्त्रताको प्रचण्ड योद्धा थियो । नेपालमा प्रजातन्त्रप्राप्तिको हाम्रो संघर्षमा उसले हामीसँग काँधमा काँध मिलायो । राणा शासन लाई अपदस्थ गर्नकालागि नेपाली कांग्रेसले १९५० ई. मा जुन सशस्त्र क्रान्तिको आव्हान गरेको थियो, त्यसमा रेणु पनि सामिल भयो र मुक्ति सेनाको फौजी पोशाकमा मेरो साथमा बन्दूक बोकेर मोर्चामा अग्रसर भएको थियो । क्रान्तिको समयमा उसले नेपाली कांगेसको प्रचार प्रकाशन तथा विराटनगरमा स्थापित 'गैरकानूनी' आकाशवाणीको संगठनमा महत्वपूर्ण भूमिका निभाएको थियो (हेर्नुहोस- दिनमान, १९ जुलाईदेखि २६ सेप्टेम्वर'७१ को अङ्कमा रेणुको आपनै नेपाल संस्मरण ।)

१९३५ मा जहिलेदेखि मेरो परिचय रेणुसंग शूरू भयो, त्यसैबेलादेखि हामी घनिष्ठ नै भइ राख्यौं यद्यपि बीच बीचमा कहिले काहीं हाम्रो सम्पर्क टुटे जस्तो पनि हुन्थ्यो । दिसंबर १९७६ मा ८ वर्षको निरन्तर आत्मनिर्बासनपछि म स्वदेश फर्किने तयारी गरिरहेको थिएँ । त्यही सिलसिलामा म पटना पुगेको थिएँ, जहाँबाट ३० दिसंबरका दिन काठमाडौं जाने मेरो कार्यक्रम निश्चित भएको थियो । किन्तु काठमाडौं जानुभन्दा पहिले जसरी पनि म रेणुसँग भेटन चाहन्थें । पटनामा मेरा केही साथीहरूसंग उसका बारेमा सोधेपछि मलाई के थाहा लाग्यो भने ऊ एक स्थानीय अस्पतालमा उपचारका लागि भर्ना भएको छ । त्यो वेला रातको दश वजिसकेको थियो । म आत्तुरीमै उत्तिखेरै उसंग भेट्न त्यो अस्पतालतिर दौडिएँ । यस्तो कुसमयमा रोगीसंग भेट गर्नु अनुचित हुन्छ । मलाई यो थाहा थियो, तर अर्को दिन विहान सबेरै काठमाडौंका लागि स्थान गर्नुपर्नु थियो, यसैले रेणुलाई भेट गर्ने अवसर गुमाउने कुनै सम्भावना नै थिएन ।

अस्पतालमा शय्यालीन रेणुलाई देखें । एउटा कंकाल जस्तै लाग्यो । डाक्टरले भन्यो ऊ कुनै खतरनाक ज्यानमारा रोगले सताइएको छ । तर मैले कति नै निषेध गर्दा गर्दै पनि रेणु उठेर बस्यो र मेरो पाउ छोएर फर्किया, र शायद केही हराएको चीज फेला पारेजस्तो एकछिन गद्गद् भयो । रेणुले भन्यो म विरामी छु । त्यसैले यतिखेर मैले नेपालको प्रजातान्त्रिक आन्दोलनमा तपाईलाई साथ दिन सक्दिन । तर म छिट्टै सञ्चो हुनेछ । त्यसपछि सारनाथ (काशी गएर सुशीला भाउजूसंग रहनेछु र अनि उहाँको सेवा गरेर बस्नेछु । त्यहीबेला त्यहाँ उपस्थित दुई चार जना युवकहरुसंग मेरो परिचय गराउँदै उसले भन्यो- तपाईहरूले कोइरालाबाट प्रेरणा लिनुपर्छ, एकातिर हामी कस्ता छौं जो आफ्नो राजनीतिक अधिकार प्राप्तिको संघर्षमा मर्न डराउँछौं भने अर्कोतिर कोइराला कस्ता हुनुहुन्छ जो त्यस्तो संघर्षको भार उठाएर मृत्युको आव्हान स्वीकार गर्दै काठमाडौं जान उद्यत हुनुहुन्छ । उसले म संग भन्यो कि उसको अभिलाषा मेरा सारा लेखहरूलाई हिन्दीमा अनुवाद गर्ने छ । यहाँ एउटा कुरा भनिहालुं, उसले त्यतिबेरसम्म मेरो एउटा नेपाली उपन्यास 'नरेन्द्र दाई' को अनुवाद हिन्दीमा गरिसकेको थियो र त्यसलाई छाप्ने चाँजो मिलाउँदै थियो, त्यहीबेला आपतस्थिति (इमरजेन्सी) लागू भएको थियो र काम रोकिएको थियो ।

मईको शुरुमा राजकाज अपराध कानून अन्तरगत आरोपित केही अभियोगहरूको कारणले जब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाई सर्वोच्च अदालतमा पेश गरिदै थियो, त त्यही बेला अदालतमा मलाई दिनमानको एक प्रति हठात् प्राप्त भयो, जसको आवरणमा रेणुको फोटो छापिएको थियो। फोटो देख्ने बित्तिकै मैले त्यो अङ्क उत्तिनै खेर तानेर लिएँ। तर जब समाचार पढिसिध्याएँ, स्तब्ध भएँ। त्यसमा रेणुको मृत्युको खबर छापिएको थियो। उसको मृत्युबाट मलाई लाग्यो– मेरो एउटा ज्यादै ठूलो सम्पत्ति हराएको छ। अरु कुनै अर्को समय हुन्थ्यो भने मैले चाहन्थें कि दुःखलाई मैले मौन भएर सहने कोशिस गरुँ। तर म अदालतमा थिएं, जहाँ मैले आफ्नो तर्फबाट सफाई पेश गर्नु थियो र आफ्नो वकिल तथा सरकारी पक्षका वकिलहरुका बीचको बहस सुन्नु पर्ने थियो। विवश भएर मैले प्रकृतिस्थ भइदिनु पर्‍यो। जसले पनि अडकल गर्न सक्छ यसका निम्ति मलाई कति आत्मसंघर्ष गर्नुपर्‍यो होला।

मेरा निम्ति रेणु मरेका छैनन्। ऊ मेरो हृदयभित्र जीवित छ, कोइराला परिवारका सदस्यहरुको हृदयमा जीवित छ, हामी प्रजातन्त्रका सम्पूर्ण नेपाली तथा भारतीय सेनानीहरूको हृदयमा जीवित छ। रेणु मर्‍यो, तर रेणु बाँचिरहेछ आफ्नो जीवन्त बलिदानका लागि, आफ्नो क्रान्तिकारी विचारहरुका लागि, तानाशाहीका विरुद्ध संघर्षका लागि, आफ्नो जिजीविषाका लागि आफ्नो सिसृताका लागि !

– अरूणोदय, वर्ष–१९, संयुक्ताङ्क ५–६ बाट

साना किसान विकास आयोजना क्षेत्रमा आर्थिक कारोबार बाहेक

– प्रौढ शिक्षा
– वातावरण संरक्षण
– खानेपानी र सरसफाई
– खोप कार्यक्रम
– सिशु स्याहार र बालबृद्धि मूल्याङ्कन
– तरकारी बीउ वितरण
– सामुदायिक विकास
– महिलाहरुका लागि आय बृद्धि तथा सोप विकास कार्यक्रमहरू कृषि विकास बैंक मार्फत सञ्चालित भएका छन्।

कृषि विकास बैंक परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वि. प्र. कोइरालाका कृतिमा विभाजित 'स्व' को रेखाचित्र

– कृष्ण गौतम

१. आदिकालमा मनुष्यको संघर्ष वातावरणसित थियो । वरिपरिको भयावह परिवेशले उसलाई निलुँला झैं गर्थ्यो । उ एक्लै टाढा जान सक्तैनथ्यो, नजिकमा सधैं निर्वाह हुँदैनथ्यो । आजको जस्तो उन्नति–उद्योग विहीन त्यस युगमा सभ्यताको सानो विरौटा खन्न परिवेशसित उसले भिड्नु पर्थ्यो । त्यस युगको साहित्यमा र त्यस युगको अवस्था देखाउने साहित्यमा वातावरणसित भिड्दो मनुष्यको चित्र पाइन्छ । भयावह समुद्र, अनकण्टार जङ्गल, कालो अँध्यारो रात, भीषण बर्षा, बाडी र पैरो, जङ्गली बाघ र भालु, दुर्दान्त दैत्य र दानव, भयङ्कर भूत र पिशाच, रक्तपिपासु राक्षस र रात्रिञ्चरहरूसित संघर्ष गर्ने मनुष्यहरूको चित्रण आदिकालीन साहित्यमा उपलब्ध हुन्छ ।

२. सभ्यताको अर्को अवस्था पनि आयो जुन अवस्थामा मनुष्यको संघर्ष मनुष्यसितै हुन थाल्यो । वातावरणमाथि विजय गर्दै मनुष्य विकसित जीवन, विकसित समाज र विकसित राज्यको युगमा आइपुग्यो । यस अवस्थामा वातावरण गौण भयो, मनुष्य र मनुष्य समाजकै अनुहार प्रमुख भएर देखा पऱ्यो । अब वातावरणलाई जित्ने प्रश्न थिएन, थियो मनुष्यले मनुष्यलाई नै जित्ने प्रश्न । फलतः मनुष्यमै द्वन्द्व, झगडा, वैषम्य र विरोधको सृष्टि भयो । यस अवस्थाको साहित्यमा मनुष्य, मनुष्यकै बीचमा द्वन्द्व र संघर्षको चित्रण पाइन्छ ।

३. सभ्यताको तेस्रो अवस्था, जुन अवस्थामा हामी बाँचिरहेछौं र आफ्नो जीवनयात्रा जिनतिन धानिरहेछौं, अझ महत्त्वपूर्ण छ । आजको मान्छे अर्को कुनै मान्छेसित भन्दा आफैंसित लड्दो छ । म आज मैंसित भिडिरहेछु र स्वयंमा पराजित भएर फेरि बाँचिरहेछु । म भत्किएको, माट्टिएको र खण्डित भएको छु, म मात्र होइन, म जस्ता धेरै सह-यात्रीहरूको हालत यस्तै छ । मै भित्र फुटेर बाँच्न विवश भएको म कति क्रूर नियतिको पथमा हिंड्न बाध्य छु । आजको साहित्यले चित्रण गर्ने मनुष्य यही आजैंसित भिड्दो मनुष्य हो । आजको साहित्य मनुष्य केन्द्रित छ, अन्तर्मुखी छ, उसै भित्रका धाँजा र चिराहरूलाई छर्लङ्ग पारेर देखाउँछ ।

४. मनोवैश्लेषिक पद्धतिको विकास भए पछि मनुष्य भित्रका धाँजा र खवटाहरूको अङ्कन हुन थाल्यो । मनोविश्लेषणले के देखाई दियो भने मान्छेको मन एक पत्रे नभएर अनेक पत्रे छ । मनुष्यका ती विभिन्न पत्रका कार्य र उद्देश्य भिन्न भएकोले तिनका बीच द्वन्द चलिरहन्छ । द्वन्द्वमा सन्तुलन हासिल गर्नेहरू स्वस्थ रहन्छन्, त्यस्तो सन्तुलन पाउन असमर्थ व्यक्तिहरू विकृत भएर जान्छन् ।

५. सफल मनोवैश्लेषिक लेखक श्री विश्वेश्वर प्रसाद कोइरालाका कृतिमा आफैं भित्र फुटेको र चिरिएको व्यक्तित्व राख्ने पात्रहरू उभिएका छन् । उदाहरणार्थ 'कर्नेलको घोडा' की कर्नेल्नीलाई लिन सकिन्छ । कर्नेल्नीको चेतनमन त पोइलाई मान्थ्यो नै तर भोगवादी अचेतन मन काम तृप्ति दिन नसक्ने त्यस्तो बुढो पोइलाई घृणा गर्थ्यो । उसको चेतन मन पोइको साथ छ, अचेतन मन त्यही पोइलाई घृणा गर्छ । मन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्रका दुई पाखा दुइतिर बाङ्गिएर कर्नेल्नी आफै भित्र फुटेकी छे। यस्तो स्थितिमा घोडा नमिल्दो हो त उ भित्रबाट चिरिएर सखाप हुन्थी तर उसको कामेच्छा घोडामा स्थानान्तरित हुन पाएकाले उ केही अड्न सकी। लैला मजनूलाई नपाए पछि मजनुको कुकुरलाई प्रेम गर्न थाल्छ। मजनु प्रतिको प्रेम कुकुरमा स्थानान्तरित भए झैं पहिलाको प्रेमी युवकलाई नपाएर बुढामा परेकी कर्नेल्नीको कामभाव घोडामा स्थानान्तरित भएको छ। तर मनुष्यको पशु प्रति कामेच्छा स्थानान्तरित हुनु स्वच्छताको लक्षण होइन। मनुष्यको पशुप्रति कामुक आशक्ति प्रकृतिको सूचक नभई विकृतिको सूचक हुन्छ। फुट्न लागेको मानव व्यक्तित्वलाई फुट्न नदिई जोड्ने मनोरचनात्मक स्थानान्तरण हो। त्यही प्रक्रियाले तत्काल आश्वस्त कर्नेल्नी घोडा मारिए पछि बेहालमा पर्छे।

पवित्रा पनि आफूभित्र यस्तै प्रकारले फुटेकी छे। बाहिर मनले भने उ केशवदेवलें हेरिएकी केटीलाई गुलाफको फुल जस्तै राम्री छे भन्छे तर भित्री मनले भने उ आफैं केशवदेवलाई चाहन्छे। यसरी मनस्थितिको विभाजनबाट उत्पन्न लडन्तले गर्दा उ हायल कायल हुन्छे, ओछ्यानमा उकुसमुकुसिन्छे। अब उ साडी गहनाहरू किनेर नयाँ दुलहीको प्रतियोगितामा सौता हुन खडा हुन्छे। मित्रको लडाईले उ कुहिएर जान सक्थी तर यो छोटो कथामा लेखकको कलमले त्यो दिशातिर पाइला चालेको छैन। यहाँ त मनको फुटेका धाँजालाई जोडेर उसलाई तात्कालीन शान्ति दिने तिर लेखकको कलम अग्रसर भएको छ। उ रत्यौलीमा दुलही बन्छे र दुलहा बन्नेसित विहे गर्ने अभिनय गर्छे। अब उसलाई केशवदेवसित विहे गरे जस्तो मजा आउँछ र च्यातिएको मनः पत्र फेरी टाँसिन्छ। श्री कोइरालाको कलममा यस किसिमको सूक्ष्म नाटकीय कला-विधानको चमत्कार दृष्टिगोचर हुन्छ।

यहाँ पवित्रा दुलही बनेकी छे। त्यसरी दुलही बन्दा उसले केशवदेवले ल्याइने दुलहीको स्वरूपको अन्तक्षेपण (इन्ट्रजेक्सन) र आत्मीकरण (आइडेन्टिफेशन) गरेकी छे। दुलाहा बनेकी आईमाई भने पवित्राका निम्ति केशवदेवको प्रक्षेपण (प्रोजेक्सन) भएकी छे। यस प्रकार कथाभित्र नाटकको विस्मयपूर्ण चमत्कार हामी देख्छौं।

मैयाँ त्यो समाजकी युवती हो जहाँ उ बाँचेकी छे, तर, उसको भित्री मन तल्लो समाजको रामे भन्ने नोकरसित लहसिएको छ। स्वेटर दिए पछि उ रामेलाई मन पराउँछे भन्ने कुरा नारी समाजमा हल्लिन्छ। तब मैयाँ बौद्धिकीकरण गर्दै भन्छे: "बुझ्यौ रमा, प्रेम कसैको कर र खटनमा रहदैन यो एउटा ईश्वरीय शक्ति हो, त्यो उँच-नीचमा भेद देख्दैन।" एक उच्च वर्गकी युवतीको तल्लो वर्गको मान्छेसित अज्ञात स्तरमा भएको असामाजिक प्रेमलाई यहाँ स्वेटर पत्रो प्रतीकले राम्ररी देखाएको छ।

'सखी' कथाकी चन्द्र कुमारी भित्र भित्रै चकिएकी छे। उ भित्र मनमा आफ्नो घरको डेरामा बस्ने तरूनोलाई रूचाउँछे, बाहिर भने पोइसित उसलाई लखेट्न भन्छे। बाहिरी डरले उ म्वाई दिन आँट गर्दिन। भित्र भने झन उसैलाई ताक्छे। उ आफै बद्मास् छे, यसैले उसको प्रतिक्रिया निर्माण यस्तो छ "मलाई त्यो मानिस बदमास जस्तो लाग्छ।" आफू खराब भएपछि आफ्नैलाई पनि त्यस्तै भन्नु मान्छेको स्वभावै हो। युवकले बेवास्ता गर्दा उसलाई झोक चल्छ र कापी-सापी च्याति दिन्छे। यहाँ कापी च्यात्ने काम युवकलाई आफूतिर आकृष्ट गर्नकै निम्ति गरिएको हो। युवक सरे पछि उसलाई सच्चो लाग्नुको सट्टा निराश लाग्छ।

६. 'सुम्निमा' उपन्यासका दुबै नायक, नायिका भित्रै देखि चकिएका छन्। सुम्निमा प्रति सोमदत्तको बाल्यकाल देखि नै खँदिलो प्रेम परेको थियो। पछि पुलोमामा गर्भधारणको क्षमता न देखे पछि उसको भित्री मन सुम्निमा जस्ती पुष्ट नारी पाउन लालायित हुन्छ। धर्म बन्धनले सोमदत्तको पराहम अंकुश लगाउँथ्यो र सोझै सुम्निमाको खोज गर्नुबाट उसलाई रोक्थ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पराहमबाट जोगिन देवताको निहुँ सुम्निमासम्म पुऱ्या-उने एउटा उदात्तीकृत बहाना उसलाई मिल्दछ। उसलाई किरात इलाकामा किरातीदेवी सुम्निमाले तानेकी थिई जसरी कि पुलोमालाई भिल्ल केटाले तान्दछ। भित्री मनमा सुम्निमालाई अंकित गर्दै र उसको स्याहारबाट भौतिक स्फूर्ति प्राप्त गर्दै समोदत्त सम्भोगमा समर्थ र सन्तानोत्पादनमा सक्षम बन्दछ। यसरी सोमदत्त चिरिएर सुम्निमातिर र पुलेमातिर बाँडिएको छ।

उता पुलोमा सन्तान दिने क्षमता न देखेपछि अचेतन मनमा गुप्तबास ओगटेको वाल्य सखा भिल्ल केटोलाई याद गर्छे। उ पोइतिर र भिल्ल केटोतिर विभाजित भएर फुट्दछे। त्यस रातको साँघातिक संभोग भिल्ल केटाको हो भन्ने बनेपछि भौतिक र मानस संतोषले उ गर्भ-धारणमा सक्षम बन्छे। श्री कोइरालाका कृतिमा नारी यौन-परितृप्ति र सन्तानका निम्ति अर्को लोग्ने मान्छेसित निर्धक्क सम्बन्ध राख्छे। यहाँ यौन-परितृप्तिका निम्ति पुरुष पनि पर-नारीसित लुटपुटिन स्वतन्त्र छ 'तीन घुम्ती' की इन्द्रमाया पोइ जेल परेपछि यौन-परितृप्तिका निम्ति रमेशसित सम्बन्ध गाँस्छे र छोरी पाउँदा खुशी हुन्छे।

मनोवैज्ञानिक दृष्टिले पुरानो यौन नैतिकता बोक्रे देखिन्छ। कसैको शरीर चोखो हुन सक्छ, मन विटुलिएको, मन चाखो राखेर शरीरमात्र दिन सक्ने झन् कम नै होलान्। यस स्थितिमा बोक्रे नैतिकता-लाई श्री कोइराकाका कृतिमा मान्यता प्राप्त न हुनु स्वाभाविक हो।

पुलोमाले गर्भधारण गरे पछि पराहम् सुम्निमाको स्मृतिले आवेष्टित सोमदत्तलाई प्रताडित गर्न थाल्छ। प्रेम के मा निर्भर छ? शरीरमा कि मनमा, मनुष्य के हो? शरीर कि मन? यस्तो जीव-मनोवादी द्वैतको पाशोमा अल्झिएको सोमदत्त भल्कंदै र चर्कंदै मर्दछ।

'तीन घुम्ती' की इन्द्रमाया धाँजा धाँजा परेर फुटेकी छे। इन्द्रमाया श्री कोइरालाका कृतिको ज्यादै उत्कृष्ट सर्जन हो। आफ्नै व्यक्तित्व, विशेषता र सूझबुझले सजिएकी इन्द्रमाया नेपाली उपन्यासका नारी पात्रीहरूमै उच्चकोटिको स्थान राख्छे। इन्द्र-मायालाई पहिलो पटक समाजसित विद्रोह गरेर पीताम्बरलाई वरण गर्छे। समाजमा मान्छेसित लड्नु भनेको आफूभन्दा बाहिरको तत्वसित लड्नु हो। यस्तो लडाईँमा नारी-सुलभहठले पीताम्बरलाई आ-लेर उपार उत्रन्छे। उसले विद्रोह गरी, तर नफुटीकन र नचर्किइकन। तर रमेशसित सम्बन्ध जोडेपछि भने उ चर्किएकी छे। नारीत्वको सार्थकता र पूर्णताका निम्ति रमेशसित सम्बन्धित हुनुमा उसले अनुचित देखिन। तर यस्तो अनैतिक सम्बन्ध उसको पराहम-लाई कसरी सह्य हुन सक्थ्यो? उ पाप-बोधले दण्डित हुन थाली र भित्र–भित्रै भत्कन थाली। वागमती नुहाएर, पशुपति धाएर, पीताम्बर प्रतिको प्रेमलाई तीक्ष्ण पारेर उ प्रायश्चित गर्छे। प्रायश्चित अनैतिक कार्यप्रतिको प्रतिक्रिया निर्माणमात्र हो।

पीताम्बरले वेवास्ता गर्न थाले पछि इन्द्रमायाको जीवनमा अर्को भुइचालो आउँछ। उ अब त्यस घरमा छोरीका साथ बस्न नसक्ने र रगतको वा मुटुको टुक्रा जस्ती छोरीलाई छोड्न पनि नसक्ने हुन्छे। पीताम्बर चाहन्छ, इन्द्रमाया छोरीलाई रमेशको जिम्मा लाओस्, इन्द्रमाया चाहन्छे, छोरीका साथै उ पीताम्बरसित बस्न पाओस्, तर अब घटनाले चरम-सीमा छुन्छ। उ छोरीका साथ पीताम्बरलाई छोडेर निस्कन्छे। यो निष्क्रमणमा उ फुटेकी मात्र छैन, टुक्रिएरै, चोई-टिएरै गएकी छे। छोराको क्षतिपूर्ति छोरी हुन सक्छे, तर पोइको क्षतिपूर्ति छोरी हुन सक्तिन। छोरीका साथ पोइसित बस्ने उसको इच्छापूर्ण हुन सकेन। उस-बाट चोइटिएरै गयो।

नरेन्द्र दाइकी गोरी चर्कंदै गएर आखिर वौला-उँछे अशिक्षित गरीब बालिका गौरीको सानै उमेरमा नरेन्द्रसित बिहे हुन्छ। बाबुसित झगडा परेपछि उनैलाई जस्तो गरी गौरीलाई छाडेर उ घरकी नोकर्नी मुनरियासित सल्कन्छ। गौरी सानी, सिनित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र चिटिक्क परेकी सुग्घर नारी थिई, मुनरिया भने बराठ । तरुनी भए पछि पति–परित्यक्ता गौरी मीराका भजनहरूको उदात्त प्रक्रियाबाट आफूलाई केही सम्हाल्छे । तर उसभित्रको उकुस-मुकुसी त्यत्तिले थामिन सक्तैन । उ सानो बाबुलाई थिचेर, अंगालेर, म्वाई खाएर भित्री सन्तोष लिन्छे । पोइले छाडे पनि सामाजिक नैतिक नियमले पोइसित बाँधिएकी गौरी-का अतृप्त वृत्तिहरू सानो बाबुमा पोखिन्छन् । 'मोदिआइन' मा अर्जुनको मनको द्वैधभाव (एम्वि-भ्यालेन्स) को चित्रण छ । जसलाई श्री कृष्णको 'गीता' ले रासायनिक तवरले जोडेको छ ।

७. यस प्रकार के देखिन्छ भने श्री कोइरालाका कृतिमा मान्छेको र खास गरी स्वास्नी मान्छेको विभाजित व्यक्तित्वको चित्र पाइन्छ । सानो बाबु र सान्नानीका सम्बन्धहरू, अन्य पात्रहरूलाई पनि हामी यस किसिमले केलाउन सक्छौं । विभिन्न कृतिहरूमा र नरेन्द्र दाइमा प्रयुक्त प्रतीकहरू हामीलाई यस कार्य-मा निकै सहायक हुन्छन् ।

◁▷

लाजभन्दा लाल बादल

लाजभन्दा लाल बादल साँझ पर्दा आज आए
जिन्दगीमा एकबाजि चुम्छु तिम्रा ओठ पाए

मैं त केही माग्न खोज्छु, ओठ तिम्रा नाइँ भन्छन्
रोज–रोजै हाल यस्तै, खालि गाला लाल हुन्छन्
बैंस उठ्दा लाज लाग्यो, कोरलीले शिर झुकाए
जिन्दगीमा एकबाजि चुम्छु तिम्रा ओठ पाए

छट्पटाई मर्छ मान्छे सुन्दरीले म्वाइँ खाए
चित्त हाम्रो हुन्छ शीतल लाजवन्ती मुस्कुराए
रूपभन्दा लाज प्यारो, लाज सबले मनपराए
जिन्दगीमा एकबाजि चुम्छु तिम्रो ओठ पाए

– कन्चन पुडासैनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजातन्त्र फूले मात्र राष्ट्र हुन्छ समुन्नत

- मुकुन्दप्रसाद लामिछाने

देश यो कसरी बन्छ ? कस्ले देश बनाउँछ ?
कसरी देशमा शान्ति, सुख, समृद्धि आउँछ ?
जसरी सभ्य मान्छेले मान्छे कैं बाँच्न पाउँछ ।
रच्नेछ उसको हात उस्को राष्ट्र समुन्नत ।।

पूर्वका विश्व-कर्माले रचे पश्चिम सुन्दर ।
शक्तिमाता त्यहाँ नै छिन् त्यहीं छन् गुह्यकेश्वर ।।
कि विधाता स्वयं लागे सृष्टिमा सृष्टि वर्षन !
नभए कसरी थाले पश्चिमाहरू चम्कन !!

कि तिन्का हातमा नौला जादूका दिव्य छन् छडी ।
कसरी देखियो नत्र, सृष्टि-सौन्दर्य माधुरी ।।
म भित्र चाँदनी जस्तै चेतना झल्मलाउँछ ।
लाग्छ मान्छे भएँ बल्ल प्रजातन्त्र म भित्र छ ।।

भन्छ मेरो प्रजातन्त्र 'वसुधैव कुटुम्बकम्' ।
सर्वे भवन्तु सुखिनः, शिवं, सत्यं र सुन्दरम् ।।
म भित्र अस्मिता मेरो म जस्तै ज्योति बल्दछ ।
मेरो देश त्यसैले त अहिंले ज्योति–पुञ्ज छ ।।

पोखिंदा ज्योति यै मेरो पहरा झल्मलाउँछन् ।
पर्दा पोखरोमा ज्योति चन्द्रतारा लजाउँछन् ।।
कल्प–वृक्ष यहीं झुल्छन् हिमशैल रमाउँछन् ।
हर्षाश्रु-शीतका थोपा मोती कैं टल्पलाउँछन् ।।

कहिले ज्योति झुल्कन्छ ज्ञान भै नेत्र-नेत्रमा ।
कहिले चेतना झुल्का झुल्कन्छ गोठ-गोठमा ।
म जस्तै चेतना मेरो खोज्छ संसार–सिजंना ।
फुल्छ जस्तो प्रजातन्त्र त्यस्तै नै चल्दछ वासना ।।

राम्रा फूल फुले आफैं वाटिका बन्छ सुन्दर ।
राम्रा भाव खुलेकाले कविता कैं मनोहर ।
आत्मा हाँस्न सके मात्र जिन्दगी उच्च बन्दछ ।
प्रजातन्त्र फूले मात्र राष्ट्र हुन्छ समुन्नत ।।

(वा. वि. स्व. वि. यू. ले आयोजना गरेको कविता प्रतियोगितामा प्रथम स्थान प्राप्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोदिआइन, केही टिपोट

– कोषराज न्यौपाने

विश्वेश्वर प्रसाद कोइराला'; यस नामको उच्चारण हुने वित्तिकै धेरै कुराको उद्घाटन हुन्छ। २००७ सालको क्रान्ति नायक, प्रथम निर्वाचित प्रधान मन्त्री, लगभग ४ दशक सम्म नेपाली जनताका मुटुका धड्कन, राजद्रोही र राष्ट्रद्रोहीहरूका आँखाका कसिंगर, सात महामुद्दाका संवाहक इत्यादि संपूर्ण कुरा श्री कोइरालाको नामोच्चारणका साथै प्रवाहित हुन्छन्। यी सबै कुरा भन्दा पहिले चर्चित श्री कोइरालाको अर्को व्यक्तित्व छ साहित्यिक व्यक्तित्व। नेपाली कथाका फाँटमा कोइरालाको योगदान मनोविज्ञानको क्षेत्रलाई लिएर सर्वोपरि रहेको छ। बीशौं शताब्दिको अन्तिम दशकतिर नै नेपाली कथालाई नयाँ भोटो फेराउने विशिष्ट प्रतिभा हुन् श्री कोइराला हिन्दुस्तानमा जन्मेर हिन्दीबाटै लेखन प्रारम्भ गरे पनि श्री कोइरालाको योगदान नेपाली राजनीतिको संगसंगै नेपाली साहित्यमा पनि उत्तिकै महत्वपूर्ण रहेको छ। दर्जनौं कथाका अतिरिक्त आधा दर्जन भन्दा बढी उपन्यास श्री कोइरालाबाट नेपाली साहित्यले उपहार पाएको छ। म यहाँ दर्जनको चौथाइयौं उपन्यास मोदिआइनको चर्चामा तल्लीन रहन्छु।

प्रस्तुत उपन्यास कति उपन्यास हो, कति पौराणिक कथान्यास हो, कति यात्रा विवरण हो, कति लामो कथा हो, कति दन्त्यकथाको औपन्यासिक संगठन हो इत्यादिको म रहस्योद्घाटन मात्र गर्छु। यी मध्ये कुन विधामा पर्छ मोदिआइन; त्यो विशिष्ट पाठक र समालोचकहरूले छलफल गर्नु पर्छ। उपन्यासमा हुनुपर्ने विराट जीवन चित्र पनि यसमा अटेको छैन र कथामा हुनुपर्ने जीवनांश मात्रै पनि यसमा छैन। यसबाट हेर्दा प्रस्तुत पुस्तक उपन्यास र कथाको दोसाँध हुन सक्छ 'पल्लो घरको झ्याल' जस्तै र भन्न सकिन्छ जहाँ कथाको समाप्ति भइसक्छ त्यसको अन्तिम विन्दु हो मोदिआइन र जहाँबाट उपन्यास प्रारम्भ हुन्छ त्यसको प्रथम विन्दु हो 'मोदिआइन'। यिनै सीमाका परिधि भित्र म मोदिआइनको चर्चा गर्छु।

उपन्यासमा कथावस्तुको शुरूआत अप्रत्यशित ढङ्गले गरिएको छ– घटनाक्रमको प्रस्तुतीकरणका सन्दर्भमा। उपन्यास शुरू हुनु भन्दा पहिले उपक्रम देखाइएको छ सुम्निमामा जस्तै। हुन सक्छ लेखाइ शुरू गर्ने शिलशिलामा यो एउटा शैली हो। तर जहाँबाट उपन्यास शुरू भएको छ त्यहाँ एउटा अप्रत्यशितता छ, अनिरन्तरता छ काटिएको छ उपन्यासको शुरूआत। एउटा पात्र अर्को अभिभावक पात्रसंग जिद्दी गर्छ, दरभंगा जान र विजय पाउँछ उसको जिद्दीले तर जिद्दीको पृष्ठभूमि र वातावरणको पटाक्षेप गरिएको छ। दरभङ्गा जाने एउटाबाट पटाक्षेप गरिएको छ। दरभङ्गा जाने एउटा बालक(म पात्र) को जिद्दीको जीत पछि उपन्यास प्रारम्भ हुन्छ रेलवे स्टेशनबाट र समाप्ति चाहिं रेलबाट उत्री घर आई पुग्ना साथ हुन्छ। यसैले यो एउटा भ्रमण बृत्तान्त मूलक उपन्यास हुन पुगेको छ यात्रा संस्करणका रूपमा। अर्को कुरो उपन्यास तथा 'म' पात्रहरू ९० प्रतिशत स्वयं लेखक हुन्छन्। यहाँका कथामा देखापर्ने नै म पनि लेखक नै हुन कि भन्ने भान पढने जतिलाई पर्छ। भान पर्ने कारण हुन्(१).....४० वर्ष पहिले बालककालको मेरो भावनामय जगतमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घटेको एउटा घटना हो यो, जसलाई आज यति दिन पछि जुन रूपमा त्यसलाई स्मृतिको दूरवीनबाट हेरिरहेको छु र अतीतलाई वर्तमाननग संयोजन गर्ने संझनाको तोरणबाट जसरी त्यो आज देखिन थालेको छ तेही रुपमा र त्यसरी नै म त्यसको वर्णन गरिरहेको छु (पृ. ६) (२) ''ठूला मानिस थरिथरिका हुन्छन् । असल मानिस भने एक थरिका मात्र हुन्छन्। ''ठूलो हुनपट्टि नलाग्नु, असल हुन पट्टि लाग्नु,नानी'' (पृ. १५) यी माथिका दुईटै कथनले उपन्यास भित्र स्वयं लेखकको प्रवेशलाई संकेत गर्दछन् । यस भित्रको विचार वा दर्शनले पनि उक्त कुराको पुष्टि दिन्छ ।

दन्त्यकथाको ढाँचाबाट वास्तविकताको सचेतता सहित शुरु भएको कथा वस्तुले दरभङ्गा जाने रेलको छेउमा आएर औपन्यासिक सङ्गठन लिन्छ । 'म' र मिसिरजी दरभंगा जान्छन् । रेलबाट उत्रे पछि ठूलो भीड पार गरेर मिसिरजी चिरपचित मोदिआइनको घरमा दुवै जना जान्छन् । मोदिआइन एउटी थसुल्ली आईमाई र 'म' एउटा सुबोथ बालकको हेराहेरको परस्पराकर्षण अयौनिक छ । 'हडाहा तलाब' नामक पोखरीमा नुहाउन जादै त्यसको भयङ्करता बारे मोदिआइनबाट 'म' लाई थाहा हुन्छ । न्वाइ ध्वाइ गरेर 'म' खाना खान्छन् । अनि घरमा दरभंगा डुलेर भयंकर थकावत लिएर 'म' आईपुग्छन्। जिज्ञासु 'म' लाई 'हढाहा' पोखरीको वृत्तान्त भन्छे मोदिआइनले । महाभारतको पालाको त्यो पोखरी ठूलो जंगलको बीचमा थियो । जंगल मासिएर अहिले बस्तीले मिच्दै लाँदा अहिले यो गाउँ बन्यो । त्यो पोखरीको किनार मा एउटी अग्ली, मोटी र सुन्दरी केटी (मछुवारिन) माछा बेच्थी । त्यो केटी कहाँकी हो भन्ने थाहा नभए पनि उसका माछा असल हुन्थे र छिटै बिक्थे । यसै क्रममा एक दिन दरभङ्गा राजाका दरवारको एक तान्त्रिक तलाउको किनारमा दुर्गा कवच पाठ गर्दै थिए । त्यो केटी त्यस दिन ठूलो रोहु माछो डालामा लिएर बेच्न बसेकी थिई । त्यो माछालाई उनले किने र केटीलाई हेरेर ट्वाल्ल परे । माछो चीलले टिपेर लग्यो । केटी हाँसी तान्त्रिकले 'तिमी को हौ' भनी सोध्दा खिस्स हाँसेर ''तिमीलाई के को प्रयोजन'' भनी पोखरीमा अलप भई । तान्त्रिकले सम्पूर्ण विवरण राजा कहाँ आएर भने त्यस पछि मछुवारिनको रहस्य बुझ्न त्यो तलाउ एक महिना अहोरात्र खनेपछि धेरै हाडहरू त्यहाँ फेला परे जसको कारण त्यसको नाम नै हडाहा पोखरी रहेको हो ।

मोदिआइनले अर्कोदिन अर्को कथा सुनाई महाभारतको र एउटी नारीको कथा । ती नारी जसका बाबु युधिष्ठिर पक्षको थिए र जसले कौरवपक्षको एक सैनिकसंग जंगलमा स्वयंवर गरिन्। यहाँ यस्तो एउटा संयोग भयो कौरव पक्षीय सैनिकले पाण्डव पक्षीय केटी बिहे गऱ्यो । युद्ध चर्कदै जान थाल्यो महाभारतको र क्रमशः कौरव पक्षको पराजय हुदै गयो । नारीको मुटु धक्धकाउन थाल्यो, कतै मेरो लोग्ने पनि पाण्डवको वाणले त समाप्त हुदैन ? भनेर । र उ मनमनै सोच्च थाली ''दुलाहा र देवर कौरव सेनामा बा र भाइ पाण्डव सेनामा । कसले कसलाई बध गर्ने हो, यो स्वजातीय हत्याकाण्डले कसका जय कसको पराजय हुने हो, हे परमात्मा !'' (पृ. ४१) आखीर दुलहा र देवर तर्फकै पराजय भयो नारी विधवा भई त्यही विधवा आत्मा पोखरीको छेउमा तड्पिएर बसेकी छे आफ्ना पतिको वेदनामा ।

दोस्रो कथा यसरी मोदिआइनले सिध्याउछे । 'म' ले अर्धनिन्द्रामा स्वप्नवत् त्यो कथा ग्रहण गरेको हुन्छ उपन्यासको निर्माणका लागि ।

मूलरूपमा गीता दर्शनलाई केन्द्र विन्दु बनाएर लेखिएको प्रस्तुत उपन्यास श्री कोइरालाका अरू उपन्यास भन्दा भिन्नै ढाँचको छ । यसलाई दार्शनिक वा विचार प्रधान उपन्यास भने पनि हुन्छ । हडाहा पोखरी, महाभारतको युद्ध, गीता, मोदिआइन यसका केन्द्रीय तत्व हुन् । मिसिरजी एउटा साधन हुन् र स्वयं साध्य लेखक श्री कोइराला ।

वी. पी. का अन्य कथा र उपन्यासका जस्तै यसका पनि परिभाषात्मक वाक्यहरू केही मात्रा छन्-जस्तो कि

(१) ''ठूला मानिस थरि थरिका हुन्छन् । असल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिस भने एक थरिका मात्र हुन्छन् । ठूलो हुनपट्टि नलाग्नु, असल हुन पट्टि लाग्नु नानी''
(पृ. १५)

(२) जीवन एउटा कहिल्यै पनि समाप्त नहुने बसन्त हो (पृ. ३५)

(३) विधवा, मरिसकेकी नारी हो, जसको देह कालान्तरमा ढलेर, समाप्त हुन्छ (पृ. ५०)

यी माथिका तीनवटै वाक्यहरू बडो सारगर्भित छन् । एउटाले ठूलो असलको पृथक्ता सहित असल–लाई परिभाषित गरेको छ कि ठूलो हुनु मात्र असल होइन । दोस्रोले जीवनले अत्यन्त सुखद क्षणमा गरेको अनुभूतिको परिचय दिएको छ र तेस्रोले मृत्यु भनेको प्राण जानु मात्र होइन भन्ने कुरो औंल्याएको छ ।

उपन्यासमा गुमास्ता, अदद झाडफानुस, फिटिन उलाहना, पुरवीया, बबुल जस्ता केही शब्दहरू छन्, जसको अर्थ अड्कलकटाइमा मात्र सीमित हुन्छ ।

संस्कृत शब्दको प्राचुर्य र बाक्य बनोटमा त्यसको उल्झन कोइरालाको समष्टि साहित्यको नै विशेषताको रूपमा देखापरेको छ । अस्तबल, निविड, क्षुधानरमुण्ड जस्ता अनगिन्ति संस्कृत शब्दको प्रयोग यस उपन्यासमा पनि गरिएको छ जसले सामान्य पाठकलाई सहज नहुनुका अतिरिक्त स्तरीय चाहिं भएको छ । अंग्रेजी भाषालाई ल्याटिन र ग्राक शब्दहरुले सिंगारे जस्तो संस्कृतका अनेकौं शब्दले नेपाली भाषालाई सिंगारेका छन् । श्री कोईरालाद्वारा गरिएको शब्द प्रयोग पनि अधिकांश रूपमा त्यही शृङ्गार को द्योतक हो । त्यसैगरी संस्कृतमय वाक्यहरुले उपन्यासलाई एकातिर कठीन जस्तो बनाएको छ भने अर्कातिर मधुरताको वासना पनि छरेको छ । यस क्रममा 'निर्जन निकुञ्जमा प्रवाहित भइरहने कुनै निर्झरिणीको अजस्र ध्वनि जस्तो मोदिआइन को बोली' (पृ. ३०) ''उनको क्षुधा अझै निवारण भएको छैन'' ''वगाउ शोणितको रक्तिम गंगा'' (पृ. ४९) जस्ता संस्कृतमय वाक्यहरूलाई उदाहरणका रूपमा राख्न सकिन्छ ।

उपन्यासकार कोइरालाको कलम सूक्ष्म कुराको वर्णनको पारखमा पनि उत्तिकै परीक्षोत्तीर्ण छ । हुन पनि वर्णनको सजीवता उपन्यासको प्राण नै हो ।

''स्टेशनको पश्चिम पट्टिको ठूलो इनारमा सैकडौं मानिस भेला भएका थिए । कोही पानी झिक्दै, काही पानी थाप्दै, कोही नुहाउँदै, कोही दतुनले दाँत मल्दै, कोही त्यसै कराउँदै उभिरहेका थिए, इनारलाई चारै तिरबाट घेरेर ।'' (पृ. १०)

यस उद्धरणले वातावरणको तथ्य सुक्ष्माङ्कन गरेको छ भने तलको उद्धरणले मोदिआइन भन्ने पात्रको व्यक्ति चित्रलाई सजीवता प्रदान गरेको छ । जस्तो–

स्थूल र अग्लो शरीर, खुकुलो-नाइटोलाई छोप्ने खालको शिरबाट छिराउन हुने बनाउनलाई ठूलो घाँटी भएको छीटको चोलो र वृहत् लम्बाईको नीलो धोती भुडी भन्दा तलको एउटा गाँठो भरमा अडेको चाँदीका च्याप्टा-च्याप्टा र विभिन्न आकारका गहना कानमा, घाँटीमा, हातमा र गोडामा, च्याप्टा र जसको हात बराबर फुस्किरहने, सुख्खा कपाललाई फेरि फेरि जूरोमा बाँध्न शिरका उपर पुगिरहने, तिनी नै थिइन् मोदिआइन । (पृ. १२)

यसरी उपन्यासमा गरिएको सूक्ष्माङ्कनले उपन्यासको चेष्टालाई सघन र सजीव बनाएको छ ।

तीन दिनमा लेखिएको अत्यन्त छोटो उपन्यास (जसले महाभारतको युद्धलाई प्रतीक बनाएको छ) लाई हेर्दा यस भित्रबाट विभिन्न पाटा उद्घाटित हुन्छन् । कसैको धारणामा यहाँ गीता विरोधी दर्शन छ, कसैकोमा गीता समर्थक र कसैको धारणामा गीता निरपेक्ष । यसो भए तापनि सिङ्गो उपन्यास मानववादी छ, महाभारतमा कृष्णको उपस्थिति (जो दैवी भएर मानवलाई दैवी रङ्ग दिन्छ) अनावश्यक भनिएको छ । मानव–मानव बीचको युद्धमा मानव स्वयंले भूमिका निर्वाह गर्नुपर्ने पर्याप्त छनक उपन्यास ले दिएको छ । दरभंगाको किंवदन्ती बनेर जसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारत उल्लेको छ त्यो चाहिं रमणीय छ त्यो के भने उपन्यासको धरातल के मा टेकिएको छ ? यसको उद्देश्य के हो ? र यसमा पृष्ठभूमि किन यहाँ अवतरित छन् ? यी प्रश्नले निश्चय पनि नेपाली राजनीतिक समाजबाट उत्तर खोज्न चाहेका छन् । सानो कुरालाई लिएर ठूलो कलह मच्चाउन द्रौपदी, (सूच्यग्र च नदास्यामि विना युद्धेन केशव) को धृष्टता बोकेको दुर्योधन, राज्यशासनलाई चकनाचूर पार्न सक्ने दुःशासन, कौरव पक्षकी नारी र अलौकिक भावना बोकेका कृष्ण जस्ता पात्रहरू नेपाली राजनीतिक समाजकै प्रतीकात्मक उपासनाभएर देखापरेका छन् । यो निकै महत्त्वपूर्ण र सार्थक कथा संयोजन हो ।

यहाँ दुई किसिमका पात्रहरूको समावेश छ । उपन्यासको संगठनमा प्रत्यक्षित म, मिसिरजी, मोदिआइन, मोदी जस्ता सजीव पात्रहरू र कृष्ण, अर्जुन, कृपाचार्य, द्रोणाचार्य, कर्ण, भीष्म, शकुनी जस्ता अनेकौं अदृश्य पौराणिकपात्रहरु छन्। यी दुवै खालका पात्रहरूले दुई किसिमको काम गरेका छन् । (१) औपन्यासिक संयोजन र (२) औपन्यासिक विषय वस्तुको प्रतीकात्मक पराकाष्ठको प्रतिपादन ।

समष्टिरूपमा 'मोदिआईन' गीतालाई एउटा सानो तर ठूलो देखिने खालको आधार बनाउन वैचारिक र दार्शनिक रङ्ग रोगन समेत लगाएर लेखिएको नेपाली राजनीतिक समाजको यथार्थ अंकन गर्ने एउटा व्यंग्य चित्र हो । यसको प्राण धार्मिक रूपमा देखिएर सामाजिक बन्दै पूर्ण राजनीतिक बनेको छ अत्यन्त प्रतीकात्मक ढंगले । सानो भएर पनि बौद्धिकताको कसी लगाउँदा चारैतिर अर्थ्याउन सकिने कथा वस्तु हुनु यसको संयोजन पक्षको सघनता हो । यस उपन्यासले गीतालाई हेर्ने नौलो ढङ्ग प्रस्तुतगरेको छ भने राजनीतिक मर्मभेदन गर्न आफ्नो पर्याप्त सफलता अंगिकार गराएको छ । शायद नेपाली उपन्यासहरू मध्येमा सबैभन्दा छोटो भएर पनि सबैभन्दा बढी नौलो र सघन खोलेको छ 'मोदिआइन' । कथामा साध्यको रूपमा देखिएको वी. पी. को मनोविज्ञान अन्य उपन्यासहरूमा जस्तै यसमा पनि साधनकै रूपमा देखा परेको छ ।

– अरुणोदय वर्ष–१९, संयुक्ताङ्क–५-६ बाट

सम्विधान दिवस २०४९ को पावन उपलक्ष्यमा

सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा

हार्दिक शुभ–कामना व्यक्त गर्दछौं ।

नेपाल बैंक लिमिटेड परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपन्यासकार विश्वेश्वर प्रसाद कोइराला मानवीय स्वतन्त्र अस्तित्वको महत्वपूर्ण स्वर

– दुर्गा अर्याल

नेपाली कथा साहित्यलाई मनोवैकानिकता, रतिगात्मकता तथा मनोविश्लेषणात्मकता जस्ता मानव शाश्वत आधुनिक मूल्य प्रदान गर्ने विश्वेवर प्रशाद कोइराला उपन्यासका क्षेत्रमा पनि विख्यात व्यक्तित्व बनेका छन् । नेपाली मात्रका निम्ति बहुमुखी योगदान प्रदान गरी आफ्नो त्याग तपस्याको उज्वल कीर्ति कलेवरलाई श्री कोइरालाले हिमशिखर जस्तै उच्च शुभ्र र अटल तुल्याएका छन् । उनको राजनीतिक व्यक्तित्वले प्राप्त गरेको अमर उच्चता साहित्यिक कृतित्वले आर्जन गरेको प्रोज्वल महत्ता नेपालका निम्ति महान् गौरव हो । नेपाली राष्ट्रिय अस्तित्वका विचार बिन्दुमा घोलिन पुग्दा कुनै पनि नेपालीका लागि वि० प्र० कोइरालाको राष्ट्रवादी दृष्टिकोण महत्वपूर्ण ठहर्छ । जे होस्, श्री कोइरालाको पार्थिव जीवन अवसान भएको छ, तर उनको नेपाली राजनीति प्रतिको समर्पण र साहित्य सृजनाको अर्पण अत्यन्त अविस्मरणीय तथा मननीय रहेको छ । साहित्य तथा राजनीतिको पृथक अस्तित्वलाई उत्तिकै महत्व दिने श्री कोइराला राजनीतिमा समाजवादी हुन् भने साहित्यमा अरू कसैले हिंडेको बाटो भन्दा नौलो पाइलो हाल्न मन पराउने स्वच्छन्द गतिका कलाकार हुन् । साहित्यमा के भनिन्छ भन्दा कसरी भनिन्छ भन्ने कथ्यको कलाकारितामा महत्व रहने कुरालाई आफ्नो साहित्यक मान्यता ठान्ने श्री कोइराला मानव मनका अमीट विकृतिहरूलाई हाँसी खेली जिस्क्याइ वरी खोतल्ने चञ्चल जिज्ञासु कलाकार हुन् । जसरी एउटा चपल चतुर बालाले आफ्नो कौतुकमय व्यवहारमा क्रीडा गर्दै आफ्ना आमा बाबुको कुरा दुहुन्छे, त्यसै गरी कोइरालाको लेखनीले पनि मानव मनका अन्तर कुन्तरका अपच राग र विरागलाई उधिन्ने काम गरेको छ । श्री कोइराला नेपाली उपन्यासको उपवनलाई रङ्गी विरङ्गी तुल्याउने सिपालु माली हुन् । नेपाली कथाको पुष्पवाटीकालाई मनोहर गराउने वगैंचे हुन् । सद्य प्रकाशोन्मुख "हिटलर र यहुदी" समेत गरी श्री कोइरालाले पाँच वटा उपन्यास लेखेका छन् । ती मध्ये 'तीन घुम्ती, सुम्निमा, नरेन्द्र दाइ र मोदिआइन प्रकाशित छन् । उपन्यासकार कोइराला गुण परिणाम दुवै दृष्टिले महत्वपूर्ण रहेका छन् । बि. सं. २०२५ देखि प्रकाशनमा आएका पूर्वोक्त चार उपन्यासले नेपाली उपन्यासको वाटिकामा विशेष चरण चिन्ह राखेका छन् ।

विश्व सभ्यताको इतिहासमा संसार व्याप्त दुई महासमरले जन्माएको जीवनको नौलो अस्तित्वको जुन व्यापकता रहेको छ त्यसको व्याप्ति श्री कोइरालाका उपन्यासमा पनि भएको छ । उनका उपन्यासहरूमा मान्छेको महत्त्व नै सशक्त रूपमा पष्टिन्छ । मान्छे भन्दा माथि मानवीय जीवन जान सक्तैन । किन भन ऊ प्रकृतिबाट शुरू देखि नै मान्छे भएर आएको छ । त्यसैले उसले आफ्नो जीवनमा मान्छे कै हैसियतले स्वतन्त्र निर्णय गर्दछ । चाहे त्यो निर्णयलाई अनेकौं बाधा व्यवधानले गलत दिशातिर किन नडोऱ्याउन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साँच्चै भन्ने हो भने प्रकृतिले मान्छेको रूपमा दिएका शक्ति सम्पन्न कतिपय कुराहरूलाई मान्छेको रूपबाट अलग भएर उसले परिहार गर्न सक्तैन । यदि त्यसो गर्ने चेष्टा गऱ्यो भने पनि ऊ असफल हुन्छ । सामान्य मानवीय स्वभाव भन्दा अनौंठो स्वरूपको बन्छ । यस किसिमको विचारलाई टाडो प्रचार गर्ने पर्चावादी साहित्यिक आग्रह उनका उपन्यासमा देखिदैन । जीवनको गहिरो रहस्यलाई कलात्मक दीप्तिका साथ व्यक्त गर्दै उपन्यासकार कोइरालाले विभिन्न पात्रहरूका आ-आफ्ना जीवनका कथा हालेका छन् । त्यसैले उनका सबै जसो उपन्यासमा कथात्मकताको प्रधानता छैन । तर पनि सबै किसिमका पात्रको आ-आफ्नो कुराकानी र सोचाइका बिन्दु बिन्दुबाट एउटा सुन्दर कथाको सरित् प्रवाह चलेको देखिन्छ । अब यस लेखकको शीर्षकले औल्याउन खोजेको बुँदातिर केन्द्रित रहँदै कोइरालाका उपन्यासहरूमा विवेचनात्मक दृष्टि राख्ने प्रयास गर्नु प्रासङ्गिक होला ।

१. तीन घुम्ती

सामान्य भन्दा सामान्य व्यवहार र बोली चालीबाट पनि जीवनको गम्भीर रहस्यलाई उद्घाटन गरिएकोले उपन्यासहरुमा चरित्र, कार्य र सम्वादको अत्यन्त सुन्दर सन्तुलन रहेको हुन्छ । यो उपन्यासकार कोइरालाको विशिष्ट शिल्प क्षमता हो । यही कुरा 'तीन घुम्ती' ले बताउँछ । जस्तो कि इन्द्रमायाले पीताम्बर, रमेश र उनका अन्य साथीहरूसँग प्रशस्त कुराकानी गर्छे तर नजानिदो पाराले आफ्ना जीवन मान्यताहरू पनि पोख्छे । त्यहाँ कतै अस्वाभाविक र उत्ताउलो लाग्दैन । जस्तै–"सत्य भनेको रमेश ! मैले तिमीबाट बडो सुख पाएकी छु । र मेरो आजको स्थितिमा मेरा स्वामी जब जेलमा छन् । यत्रो ठूलो सुख मलाई सह्य हुने थिएन यदि यो अस्थायी हो भन्ने विश्वास नभएको भए । आखिर म दिन रात पर्खेर बसेकी छु, पीताम्बर कहिले छुट्लान्, उनी कहिले आफ्नो घरमा आउलान् भनेर । ..... कुन दिन पीताम्बर छुट्छन् र यो घरको र मेरो समेत स्वामी भएर बस्छन् । तिम्रो पनि आफ्नो घर छ .... कहिले न कहिले त त्यहाँ तिमीले जानु नै पर्छ ।" यसरी संवाद कथाबाट सहज रूपमा आफ्नो मान्यता प्रस्तुत गराउने शिल्प शक्तिले उनका उपन्यासमा अनौंठो स्वाद भेटिन्छ । उपन्यासकी नायिका इन्द्रमायाका मन, वचन र कर्मका परस्पर भिन्न त्रिफला पाक्दा पाठकले एउटै स्वाद भेट्टाउँछ । त्यो हो जीवनको स्वतन्त्र अस्तित्व र त्यसप्रति आत्मानिर्णय । जीवनको स्वतन्त्र अस्तित्वप्रति निर्बाध आत्मनिर्णय लिने इन्द्रमायाले आफ्ना जीवन जनत्का परिणामलाई पनि सहज स्वीकार गर्छे । त्यसैले ऊ अस्तित्व शीला नारी हो । त्यसकै पक्षलाई रमेश र पीताम्बरले आधार पुऱ्याएका छन् । रमेश, पीताम्बर र इन्द्रमाया तीन पात्र, यिनका आ-आफ्नै तीन निर्णय र यिनीहरूले भोगेका जीवनका तीन मोडबाट 'तीन घुम्ती' ज्यादै सार्थक शीर्षक भएको छ । अतः यसमा प्रेम, रति, मातृत्व जस्ता नारी जीवनका तीन अपरिहार्य रागहरू र तिनका कार्य प्रकारहरू जीवन्त छन् । पीताम्बरका पौरुषहीन पुरुषको हीनता बोध, उसको आफ्नो अस्तित्वको प्रयोग तथा सामाजिक राजनीतिक कर्तव्य र दायित्वको उपयोग जस्ता उच्चतर एवं हीनतर मनोवृत्तिले पनि उत्तिकै महत्व दर्शाएका छन् ।

२. सुम्निमा

राज्य भित्रका जनता, जाति, शासक र शासितका बीच सामाजिक सम्झौताको अनिवार्य आवश्यकता हुन्छ । यही कुरालाई राज्योत्पत्तिको सामाजिक सम्झौता सिद्धान्तले पुष्टि गर्दछ । यस्तै किसिमको संस्झौता मानव जीवनको पहिलो सामाजिक शर्त हो मानव सामाजिक प्राणीका नाताले । सुम्निमाले एकातिर यही उदाहरण प्रस्तुत गर्दछ भने अर्कातिर स्वयं लेखकको राष्ट्रिय मेलमिलापको नीतिलाई पनि कलात्मक अभिव्यञ्जनले संकेत गर्दछ, संभवत निम्न उधृत वाक्यले त्यस्तै निदर्शन गर्छन् । सुम्निमाले भन्छे "छोरीले पनि तिम्रा कुरा बुझेर आफ्नो बाटो–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई केही छाड्न तयार हुनु पर्छ । त्यस्तै तिमीले पनि सम्झौता गर्ने प्रयत्न गर्नु पर्छ तिमीहरूको भलो होस् । तिमीहरूका सन्तान सम्झौताको बाटो झिक्न सक्ने होउन् ।''

यसमा किराती जातिकी सुम्निमाकी छोरी र ब्राह्मण जाति सोमदत्तको छोराका बीच दाम्पत्य जीवनको सम्बन्धले जातीय एकता देखाइएको छ । यस किसिमको दुई विपरीत स्वभावका बीचको जातीय एकताले लेखकको राजनीतिक उद्देश्यले निर्देशन गरेको स्वस्थ मेलमिलापपूर्ण समाजवादको झझल्को पनि दिन्छ । वस्तुतः सुम्निमाको मूल स्वरूप अझै सार्वजनिक र शास्वत छ । यसमा दुर्दमनीय प्रकृतिदत्त जैविक रागलाई जस्तो सुकै कठोर बन्धन र संस्कारले पनि पखाल्न नसकिने भन्ने मानवीय प्रकृत धर्मलाई अत्यन्त परिपाकका साथ पुष्टि गरेको छ । दुई विपरीत प्रकृति (लिङ्ग) का बीचको स्वच्छन्द एवं स्वस्थ सम्भोग र उपयोग विना मानवीय महत्व अक्षुण्ण रहन नसक्ने तथ्यनै सुम्निमाको मूल कथ्य हो । त्यसैले वँशक्षयको सम्भावित भयले त्रस्त सोमदत्त सन्तानोत्पादनको उपाय खोज्छ । यसरी मानवीय प्रकृतिको बलवती सत्ता छ भन्ने कुरा सुम्निमाको एउटा मुख्य स्वर हो भने अर्को सनातन प्रकृतिको शक्ति अविजेय रहन्छ भन्ने हो । विषय-वस्तुलाई समीचीन वातावरण, आख्यानलाई यथोचित पात्र र आ-आफ्ना मान्यताको लागि प्रगाढ वैचारिक द्वन्द सृजना गरेर लेखकले उपन्यासमा प्राण सञ्चार गराएका छन् । सुम्निमा र सोमदत्तका बीचको सम्वादात्मक विचारले जीवन दर्शनको गम्भीर चिन्तनलाई दर्शाएको छ ।

३. नरेन्द्र दाइ

कोईरालाका उपन्यासहरू मध्ये वातावरणलाई मूर्त रूप दिइएको तेस्रो उपन्यास हो नरेन्द्र दाइ । यसमा कोशी प्रदेशको सन्निकट वर्ती मधेशको वातावरणलाई अत्यन्त जीवन्त कलाका साथ प्रस्तुत गरिएको छ । उपन्यास पढ्दा पाठक समक्ष परिवेश सिनेमाको दृश्य झैं फनन्न रिङ्छ । उपन्यासको पात्र सानो बाबुले गौरी मुनरिया र नरेन्द्रका चरित्रको रेखा चित्र खिच्छ । सहयोगी पात्रको रूपमा उपन्यासको मूल प्रवाहसंग सदा तटस्थ रहेको सानो बाबु उपर्युक्त तीनै पात्रका जीवनको यथार्थ द्रष्टा हो कुनै मामिलाको साक्षी जस्तै । कहिले गौरीको भरोसा पात्र बन्ने कहिले मुनरियाको, अनि कहिले मुनरियाको निरासा पात्र बन्ने कहिले गौरीको गरो नरेन्द्रले गौरी र मुनरियालाई तीनछक पारे जस्तो लाग्छ । तर नरेन्द्र कता कता आफ्नो मान्यताका लागि निर्दोष छ । उसले यौवन सुलभ कामेच्छाको पूर्ति गर्न नसक्ने सानी उमेरकी पत्नी गौरीलाई पन्छाउँछ । अनि आफ्नो स्वतन्त्र निर्णयले दासी मुनरियालाई लिएर हिंडछ । यो नरेन्द्रको एक किसिमको स्वभाविक कामेच्छा पूर्तिको जीवन प्रक्रिया हो । पछि अस्वस्थतावश बनारसमा मुनरियालाई छोडेर आफ्नो गाउँमा फर्को उही परित्यक्ता पत्नी गौरीलाई आशातीत प्रणय प्रदान गर्छ । त्यसरी नरेन्द्र स्वतन्त्र निर्णयमा पुग्दा पुग्दै पनि उसको आफ्नो अस्वस्थताले उसलाई अप्रत्यक्ष दिग्दर्शन गरेको भान हुन्छ । यसरी त्रिकोणात्मक ढङ्गमा जीवनका अनौठा स्वरूपलाई प्रस्तुत गर्ने यो उपन्यास नेपाली साहित्यको अनूल्य रत्न हो। यहाँ जीवन आत्मनिर्णयले निर्दिष्ट हुँदा हुँदै पनि कता कता अप्रत्यक्ष ढङ्गले नियति निर्दिष्ट जस्तै देखिन्छ । उपन्यासका तीनै प्राणी निश्छल र अकलुषित हुँदा हुँदै पनि उनीहरूमा परस्पर एक अर्काले धोका दिएको भान हुन्छ । फेरि जीवन मार्गको अनिश्चितता हुन खोज्दै पनि मुनरियाले आफ्नो स्वतन्त्र बाटो लिन्छे। गौरी पनि पति प्रणयको सुखानुभूतिले विलक्षण आनन्दानुभव गरे जस्तै गरी नरेन्द्रको मृत्यु पछि माइतीघरमा जीवन विसर्जन गर्छ । यी तीन प्राणीका जीवनका तीनै दिशाले समग्र मानव जीवनको अङ्कल गरी नसक्ने मूल्य संकेत गरेका छन् । संभवतः जीवनलाई आफ्नै स्वतन्त्र निर्णयले डोऱ्याउँछ । तर परिणतिको उपभोग अनिर्णित हुन्छ, एक किसिमले नियति निर्दिष्ट गति जस्तै । यही औपन्यासिक भाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिको पुष्टिलाई उपन्यासकै निम्न पङक्तिले उपसंहार गरेका छन् । लाग्यो कोशीको तटमा बालुवाको राशी माथी नरेन्द्र, गौरी र मुनरियाले एउटा खेलौंचीमा त्रिभुज आकार अङकित गरे । नियतिको एउटा सानो पफुमा बालुवा हल्लियो । त्रिभुज विलीन भयो । बालुवाको निर्दोष राशी निर्द्वन्द्वतामा शून्यलाई चिच्याएर बसिरहेको छ, ··· ··· ।

४. मोदिआइन,

लघु आकृतिको प्रस्तुत कृति उपन्यासकार कोइरालाको मानवीय महिमाप्रति हार्दिक समवेदना राख्ने बैचारिक उपन्यास हो । संस्मरणात्मक शैलीमा लेखिएको यस उपन्यासमा चर्चित गीता दर्शनको निस्कामकर्म र धर्मयुद्ध प्रति ठूलो प्रश्न चिन्ह खडा गरिएको छ । मानव हृदय बोकेको अर्जुनलाई देवत्व चढाएर उसलाई युद्ध उद्यत गराउनु धर्म भन्दा मानव विनाश हो । मानवीय अस्तित्वलाई नै पखाल्न खोजिएको नरसंहारकारी कुरुक्षेत्रीय धर्मयुध्दलाई मनुष्यको स्वजातीय हृदयले बुझ्नु प्रस्तुत उपन्यासको कथ्य भएको छ । करुणा र स्नेहकी प्रतिमूर्ति बनेकी यस भित्रकी नारीको आत्मकथन यस उपन्यासको मानवीय अस्तित्व प्रतिको करुण क्रन्दन हो लेखकको बाल्यकालको छोटो एक राते घटनाबाट चुस्त कलाकारिताका साथ संक्षिप्त रुपमा प्रस्तुत गरिएको "मोदिआइन" उपन्यासकार कोइरालाको विशिष्ट कृति हो । यसमा देखा पर्ने प्रत्येक प्रमुख पात्रले आ–आफ्नै अस्तित्व बोक्न खोज्दा खोज्दै पनि अन्तमा इश्वर शक्तिका अगाडि कसैले उन्मादले कसैले छल छामले घुँडा टेकेका हुन्छन् । मानव विनाशको दारुणकथा बोकेको दरभङ्गाको "हडाहा" पोखरीले एउटा रहस्यको संकेत गर्छ । त्यस्तै मछुवारिन, नारी मोदिआइन यी सबैबाट लेखकले महाभारतीय पृष्ठ भूमि दिंदै मानवीय व्यथालाई जीवन्त रुपमा प्रस्तुत गरेका छन् ।

दृश्यमान वस्तु मिथ्या हो भनेर अर्जुनलाई भन्ने श्री कृष्णको भनाइप्रति प्रस्तुत गरिएको नारी हृदयको करुण उद्धारको निम्न लिखित अंशले उपन्यासको भावभूमिलाई रोचकता साथ निर्देशन गर्छ– जस्तै –" स्वर्गको उच्चतामा बसेर तलका कीटमय मृत्युलोकमा हामी प्राणीलाई देखेर तिमीलाई लाग्दो हो मानव जीवनमायावत् मिथ्यावत् अप्रासङ्गिक छ हामीलाई कमिला प्रति भएको जस्तो··· तर हाम्रो जीवन हामीलाई अप्रासङ्गिक छैन । कुनै तर्कले पनि कुनै उच्च दर्शनको भारले पनि जीवनको सुख दुःखलाई, जन्ममरणको सत्यलाई या ठोस घेरालाई मिथ्यामा परिणत गर्न सक्दैन ··· ··· ।"

यसरी "मोदिआइन" ईश्वर र मानव विचारका बीच द्वन्द रेखा खिच्दै ईश्वरीय सत्ताले मानवीय महत्तालाई घुडाटेकाई लाखौं शरीर संहार गरेको कुरुक्षेत्रको दुर्गन्धमय वातावरणलाई सम्झाउने औपन्यासिक कलाकृति हो । राजनीतिक पर्यावरणमा जन्मेको महाभारतीय युद्धको वर्णनबाट लेखकले मानव जीवनको हत्या हिंसा प्रति घृणात्मक भाव देखाएका छन् । यही भावले सामाजिक सन्दर्भलाई पनि पर्याप्त संकेत गरेको छ । त्यसैले मोदिआइनमा प्रतीकात्मकता र साङकेतिकता तथा बैचारिकताको कलात्मक सन्तुलन रहेको छ । कथा भन्ने र सुन्ने सामाजिक परम्पराको स्मरण गराउँदै उपन्यासकारले मोदिआइनको वात्सल्य पीडाग्रस्त मानसिकतालाई पनि ठाउँ ठाउँमा संझाएका छन् ।

संक्षेपमा उपन्यासकार कोइरालाका उपन्यासहरूको अध्ययन संक्षेपमा यति नै भन्न सकिन्छ– कोइराला नेपाली साहित्यका विशिष्ट शिल्प शक्ति भएका सफल उपन्यासकार हुन् । उनका उपन्यासमा मनोवैज्ञानिकताको परिपाक छ । मानवीय अस्तित्वको अनुराग छ । पत्रात्मक र संस्मरणात्मक शैली प्रविधिको नित्य नवीनता छ । विचार र जीवन दर्शनको कलात्मक शिल्प सज्जा छ । दर्शन र चिन्तनको कलात्मक औपन्यासिक भावभूमि छ । परिवेश प्रस्तुतिको सजीव समन्विति छ । अतः सुन्दर औपन्या-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिक कलाकृतिमा मुखरित हुने मानवीय स्वतन्त्र अस्तित्वको महत्वपूर्ण स्वर नै उपन्यासकार कोइरालाको प्रमुख स्वर हो । कठोर बन्दी जीवनका क्षणमा ई० सन् १९६४ मा दुई–तीन महिनाका अन्तरालमा केवल १७–१८ दिनमा लेखिएका उपर्युक्त उपन्यासबाट कोइरालामा उपन्यास लेखनको विलक्षण शक्ति थियो भन्ने कुरा स्पष्ट हुन्छ । उनका बनारस सारनाथ र चावहिल निवासमा लेखिएका ठेलीका ठेलीहरू अझै काठका बाकसहरू भरि थन्किएका छन् । ती सामग्रीहरूको सोध खोज हुन बाँकी नै छ । यसरी तीन दिन देखि सात दिन सम्ममा उपन्यास तयार गर्ने कोइरालाले अवश्य पनि अन्य साहित्यिक कृतिहरू लेखेका हुन सक्छन् । जे होस् प्राकृतिकबाटै पनि उपन्यासकार कोइराला अमर रहेका छन् । नेपाली साहित्यका श्रद्धालुले दिएका कोइरालाका साहित्यिक कला कृतिलाई राजनैतिक मतमतान्तरको आडमा होइन, स्वस्थ साहित्यिक गुण गरिमा र दोष दर्दको आधारमा मूल्याङ्कन गर्ने छन् ।

⊛⊛

"आमाको काख रित्तियो"

लक्ष्मणहरि पर्याल

सयौं रगतका पाल्सा पोखिए आगनी भरी
निरङ्कुशहरू पूरै मोटाए टन्न वेसरी ।
अन्यायी जालको सीमा नेपालीमाथि चूलियो
संघर्ष वीरले छेडे आमाको काख रित्तियो ।।

१

पड्क्यो त्यो वारुदी छिर्का घुप्लुक्क वीर भूमिमा
ढल्यो निःस्वास छाडेर आमाको प्रिय छातिमा ।
छुट्यो रगतको भुल्को नेपाली फाँट रङ्गियो
धर्ती यो तिनले छोडे आमाको काख रित्तियो ।।

२

वीर शहिदकी आमा ढलिन् आगनीमा पुगी
आँकुरो प्यारको छोरो चढाइन् देशमा बली ।
उनिछिन् साहसीमाला वीर कण्ठ सजाउन
छड्किने छाती तो बोली छाती भित्रै छिपाउन ।।

३

गर्व साथ उनी भन्छिन्, फुक्दै सुवर्ण बाँसुरी
गयो मित्रहरू माझ जहाँ छन् देशका पति ।
गर्छिन् स्वागत ब्युँझेर प्रजातन्त्र बिहानिको
सम्झनी आउदा भन्छिन् सट्टा यो रित्त काखको ।।

४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्तमानमा वी. पी. कसरी संझिइन्छन् ?

-- पुरुषोत्तम दाहाल

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएको अढाइ वर्ष पूरा भयो । हाम्रो पुस्ताले पहिले प्रजातन्त्रको प्रयोग कसरी भएको थियो भन्ने थाहा पाएन र त्यस-बेलाको नेतृत्व क्षमता, व्यवस्थापन, अनुशासन, कार्य प्रणाली सबै नै इतिहासमा पढेर जान्नु पर्ने वा इतिहास निर्माताहरूका मुखबाट सुन्नु पर्ने भएको छ । त्यसैकारण हिजोको कुरालाई लिएर संभावनाका आधारमा मात्र हेर्नु उपयुक्त हुने छ ।

आजको प्रजातान्त्रिक अभ्यास हेर्दा एक पटक फर्केर हेर्नु उत्तिकै जरूरी छ । पचास वर्ष अघि अर्थात् २००० सालदेखि अनवरत रूपमा नेपालको प्रजातान्त्रिक आन्दोलनको नेतृत्व २०३९ अर्थात् अवशानको अन्तिम क्षणसम्म वी. पी. कोइरालाले गर्नुभएको थियो । त्यो नेतृत्वलाई अनुभव गर्नेहरू अहिले के भन्छन् भने यदि आजको प्रजातन्त्रलाई नेतृत्व दिनेमा वी. पी. कोइराला भएको भए के हुने थियो ? यो प्रश्नले सबैको मन झक्झकाएको छ । 'स्टेट्स म्यान' त्यसलाई भनिन्छ- जसमा नेतृत्व क्षमता छ, दूरदृष्टि र चिन्तन क्षमता छ र जसको व्यवहारलाई अरूले पनि शालिनतापूर्वक स्वीकार गर्दछन् । यस्तो संयुक्त व्यक्तित्व नै स्टेट्स म्यान हो र यो शताब्दीको 'स्टेट्स म्यान' नेपालका लागि अहिलेसम्म वी. पी. कोइराला नै हुनु भएको छ । भोलि अरू कोही यस्तै संयुक्त व्यक्तित्व लिएर जन्मन सक्ला वा परिस्थितिले 'स्टेट्स म्यान' जन्माउला त्यो अलग कुरा हो । वर्तमानको सत्य हो– 'स्टेट्स म्यान' वर्तमानमा कोही पनि छैन ।

नेता वा नेतृत्व बारेमा दुइटा विचारहरू यहाँ प्रस्तुत गरौं । स्टेट्स म्यानका रूपमा भारतको स्वतन्त्रता आन्दोलन र त्यसपछिका झण्डै डेढ दशकसम्म निरन्तर देखिनु भएका जवाहरलाल नेहरूको अनुभवजन्य विचार छ– "महान् नेताहरूमा केही यस्ता गुणहरू हुन्छन्, जसले सम्पूर्ण राष्ट्रलाई प्रेरणा दिन्छन् र महान् कार्यहरू गर्न प्रेरणा दिन्छन् ।" तर वी पी. कोइरालाले बारम्बार महानतालाई इन्कार गर्नुभयो । उहाँको अत्यन्त चर्चित उक्ति छः "ठूलो होइन असल बन्नु पर्छ र म सधैं ठूलो नभएर असल बन्ने प्रयत्नमा लागि परें ।' तर नेहरुले भन्नु भएको वा प्रयोग गर्नुभएको 'महान्' को आशय पनि असल र क्षमतावान् मान्नु पर्ने हुन्छ । नेतृत्वका बारेमा कतिले तर्क र निर्णय क्षमताको आधार बताएका छन् त कतिले निष्ठा र चरित्रको । हाम्रो जस्तो समाजको नेतृत्वका विषयमा कुरा गर्दा बाइबिलको यौटा कथन स्मरणयोग्य हुन आउँछ । "यदि आँखा नदेख्ने व्यक्तिलाई डोऱ्याउने व्यक्ति पनि आँखा नदेख्ने नै छ भने, दुवै जना कुवामा खस्ने छन् ।" बाइबिलको यो कथन नेपालको वर्तमान परिस्थिति र नेतृत्वको आवश्यकतालाई प्रकारान्तरले भन्न समर्थ देखिएको छ किनकि नेपालीहरू अशिक्षा, आलस्य, कुलत, अभाव, शोषण र यस्तै अनगिन्ती कारणहरूले नेत्रहीन व्यक्ति जस्तै देखिएका छन् । यस्ता व्यक्तिहरूलाई नेतृत्व गर्नेहरू यदि आलसी, लोभी, दरिद्र (बुद्धि वा अरु प्रकारको) अशिक्षित वा स्वार्थी भए भने 'अन्धेनैव नीयमाना यथान्धा' जस्तै हुन्छ । सही अर्थमा भन्ने हो भने 'स्टेट्स म्यान' का अभावमा नेपालीहरुको स्थिति झण्डै झण्डै 'अन्धेनैव नीयमाना यथान्धा' मा परिणत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ । त्यसैले मानिसहरुलाई पछाडि फर्केर हेर्नु पर्ने बाध्यता भएको छ । हिजोको अग्रपंक्तिमा देखिएका व्यक्तिहरुले देशको रथ कसरी हाँक्ने गर्थे । पृथ्वीनारायण वा भीमसेन थापा वा वी. पी. कोइराला को शासन सञ्चालन कस्तो थियो । उनीहरूमा रहेको कौशलताका साथ लोभ वा स्वार्थ भन्ने वस्तुहरू कति थिए ? उनीहरूका बारे यो प्रश्नको उत्तर खोजे पछि आजका मान्छेहरूको मूल्याङ्कन हुन सक्छ । यद्यपि हाम्रो समाज वर्तमानमा सम्मान गर्न जान्दैन र भविष्यमा पश्चाताप गरेर थाक्दैन । वी. पी. का तत्कालीन उग्र आलोचकहरू अहिले वी. पी. को तारीफ गरेर थाक्दैनन् । हुन सक्छ आजको नेतृत्वको आलोचना गर्दा कतै भोलिको नेतृत्वलाई हेरेर पश्चाताप गर्नु पर्ने हो कि ? यो प्रश्नतर्फ पनि यसो हेर्नु उचित हुन्छ ।

तर यी सबैका बावजूद निर्धक्क भन्न सकिन्छ आज वी. पी. जत्तिकै नायक भइ दिएको भए अनगिन्ती खलनायकहरूले खेल्ने मौका पाउने थिएनन् । जो नायक खलनायकहरूको औंलामा बसेर उफ्रिन्छ, त्यसले त्यो पुस्ताको वर्तमानलाई मृतप्रायः गराउँछ । मदारी नायक भएर जसरी बाँदर नाच्दछ त्यसले झलक्क हेर्दा मनोरञ्जत त प्रदान गर्दछ तर नेतृत्वको भोक मेटिदैन । हामीले हेर्दा अहिले लाग्छ राजनीतिक नेतृत्व – मदारी र बाँदरको नाच जस्तै मनोरञ्जनकारी भएका छन् । कांग्रेस वा कम्युनिष्ट नेताहरू यस्तै खेल खेलेर बसेका छन् ।

आज वी. पी. कोईराला त हुनुहुन्न तर उहाँले दिनु भएका विचारहरू र छाड्नु भएका व्यवहारका पदछापहरूले नायकत्व गर्ने क्षमता अझै पाँच दशकका लागि नेपालको सन्दर्भमा राख्तछन् । यत्ति मात्र हो- त्यसलाई ग्रहण गर्न र निर्देशक आस्था मान्ने क्षमता हुनु पर्दछ । नत्र 'बाँदर–मदारी' को नाचले न स्टेट्स म्यान पैदा गर्न सक्छ न त राष्ट्रलाई सही गन्तव्य दिन सक्छ । वी. पी. कोइरालालाई आज संझिनु पर्दा यसरी नै संझिनु पर्ने हुन्छ ।

मुक्तक

–वीपीन अर्याल

क्षण मात्रैको मेरो तिर्खा होइन ।
त्यसैले गिलासमा पानी नदेऊ ।

एकचोटी भेट्ने मात्र मेरो चाहना होइन ।
भेट्ने इच्छा मात्र पनि नलेऊ ।

जीवन भरीको तिर्खा मेट्न ।
स्वच्छ सागर नै चाहिन्छ ।

जीवनका हरेक क्षणहरू फुल्न ।
तिम्रो प्यार सदा नै चाहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजातन्त्र फूलेमात्र हुन्छ राष्ट्र समुन्नत

रूक्मणि पौडेल "विवश"

नेपालीले यस धरणिमा क्रान्तिको पुञ्ज छर्दै
थापे गोली सरल मुटुमा मुक्त उद्घोष गर्दै ।
माग्दा आफ्नो हक र प्रतिभा जेलमा नेललाई
तोडेका थे प्रथम वयमा घोर अन्यायलाई ।।

१

खोला नाला नहर र नदी सत्य सन्देश बोकी
जान्छन् आफ्नो प्रियतम सरित् आश्रय स्थान खोजी ।
त्यस्तै हामी भुवनभरको राष्ट्रियाखण्डतामा
एकै ढिक्का भइकन जुटौं शान्ति, स्वायत्ततामा ।।

२

लागेका छन् कति नरपशु राष्ट्र राष्ट्रियताको
चर्को नारा दिइकन सबै सार्वभौमिकताको ।
गर्दैछन् है सुनन जनता ! रे यहाँ क्रीतदास
भाँडभैलो, निखिल जनता राष्ट्रको उपहास ।।

३

बोकेका छौ सब हृदयमा राष्ट्रको स्वाभिमान
आपनै आँखा, गति र मतिले सोच हे नौ जवान ।
ल्यायौं प्यारो जसरी–तसरी यो प्रजातन्त्रलाई
रक्षा गर्दै प्रगति पथमा लाग्दछौं जुर्मुराई ।।

४

फुल्नै लागे सरि विपिनमा कोपिला पुष्पका ती
हालौं पानी मलजल अनि ज्ञानभा ध्यान दिई ।
वासन्तीका कुसुमकलि ती फक्रिए गाँस माला
प्रजातन्त्रोन्नति, प्रगतिको दिव्य संघार खोल ।।

५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजातन्त्रोन्नति गर सबै जिन्दगी छाइदेऊ
नेपालीको हृदयगतिमा मन्द मुस्कान देऊ ।
लागौं हामी प्रखर कलिलो यो उषा चाँदनीमा
गाऊँ ब्यासी शहर सबको पुग्नु छ आँगनीमा ।।

६

भन्छौं सारा विवश जनता बाल्नलाई दियालो
गर्छौं आह्वान युवकहरू राष्ट्रको फाल्न मैलो ।
एक्लो इन्दु पनि गगनमा झल्झलाकार बल्छ
लाग्यौं हामी यदि प्रगतिमा मोतिको हार फल्छ ।।

७

सेवा हाम्रो तन र मनले देशमा काम लाओस् ।
गर्छौं सारा जनहित जति देशमा फल्न पाओस् ।
नेपाली हे सकल जनता हातमा हात बाँधी
आऊ जान्छौं प्रगति पथमा देशको भार थामी ।।

८

तातो रातो रगत छ सदा पाखुरी तेजिला छन्
छर्यौं आफ्नो अतुल बल यो सन्तति सम्झने छन् ।
छाड्छौं हामी यस जगतमा उन्नति बीजलाई
पार्छौं राश्ट्रोन्नत समधरा विश्वमैं झक्मकालाई ।।

९

(वाल्मीकि विद्यापीठ विद्यार्थी यूनियनद्वारा आयोजित कविता प्रतियोगितामा द्वितीय स्थान प्राप्त)

सम्बिधान दिबस २०४९ को पावन उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु भाइ तथा दिदी बहिनीहरूमा हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

नेपाल खाद्य संस्थान परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'प्रसव वेदनामा अतीतको संझना'

– धनेश्वर नेपाल

जीवनमा कैयौं ठाउँ पुगियो, गुडियो र रहर पनि मेटियो। युडाइ र उडाइबाट पुग्न नसकिने गाउँ र ठाउँ त कमै होलान् तर गुड्नु उड्नु अनि वैज्ञानिक आविष्कारको व्याख्या गर्नु मेरा रूचिका विषय होइ–नन्। कृत्रिमताको जलप लगाएर कुँदिएका रङ्गी-चङ्गी शहरहरू प्रति पनि मलाई त्यति चासो छैन। म त पहाडी लेकमा डाँडापाखासँगै हुर्केका वन, जंगलसित मीठा-मीठा वर्तालाप गरेर बाल्यकाल बिताएको र लालीगुराँस जस्ता फूलहरूको चुम्बन ओठमा जमाएर बाँचेको गाउँले हुँ। त्यसैले मेरो सम्बन्ध प्राण बनेर पहाडका टाकुरीसँग जोडिएको छ। हिमाल पग्लेर तल्तिर झरेका भेरी, कर्णाली र बाह्रै महिना सेता दाँत टल्काएर हाँसिरहने हिमालयसँग गाँसिएको छ। अनपढ, मूर्ख र अज्ञानताको सानै उमेरदेखि नै मलाई प्रकृतिप्रति ज्यादा मोह र आधुनिकताप्रति घृणा थियो। चन्द्रमामा बस्ती बसाउँने र समुद्रमाथि खेती गर्ने वैज्ञानिकता पनि नरूचाउँने कस्तो मूर्ख रहेछ भन्नुहोला, त्यो त वैज्ञानिकहरूले देखाउँने एउटा दाँत मात्र हो। अर्को पक्ष त वैज्ञानिकहरूको प्रकृतिमाथि विजयको होडबाजी छ। जुन नशाले आज पृथ्वीभरी शास्त्रास्त्रको ओछ्यान विछ्याएको छ। अणु र परमाणुको च्यादर ओढाएको छ। काँढै काँढाको संसारमा कोमल र नरम राष्ट्रहरू किचिएर जेनतेन बाँचिरहेका छन्।

प्रकृतिलाई उजाड र नाङ्गो पार्न गोला र बम–रूपि सेनाहरू तैनाथ छन्। जताततै प्रकृति नाङ्गिदै र भासिदै गइरहेकी छिन्। उद्योग र यातायातबाट निस्केको प्रदूषणले पृथ्वीलाई ढाक्न थालिसकेको छ। जनसंख्या वृद्धि र बढ्दो शहरीकरणले वातावरण दूषित भएको छ। तेलखानीबाट निस्केको धुँवा र बमवर्षाबाट निस्केको रापले संसारका हरेक मुलुकमा आतङ्क मच्चिएको छ। चन्द्रमामा पुग्नेहरू वैज्ञानिक आविष्कारको आकाश छुँदैछन् र शस्त्रास्त्रको अन्न पनि फलाउँदैछन्। पृथ्वीलाई टुक्रा टुक्रा पार्न सक्ने अणुहरूको खेती गरेर गर्व गर्नेहरूको लागि मात्र वैज्ञानिक आविष्कार वरदान हुन सक्छ, भोको र नाङ्गो शरीर बोकेकाहरूको निम्ति त्यसको के औचित्य र? त्यसमाथि पनि हामी नेपालीलाई त खुशी लुट्ने आविष्कारहरू प्रति के चासो? हामीलाई त शान्ति चाहिएको छ र देश सुहाउँदो आविष्कार।

जुनबेला म A, B, C, D का दुइचार स्पेलिङ्ग घोकेर अध्ययनको उकालो चढ्दैथिएँ,त्यो बेलादेखिनै म प्रकृतिलाई अघोर मायागर्थे र कृतिमताको घोर विरोधगर्थे गाई बाख्रा चराउँन जङ्गल जाँदा प्रकृतिसंग ख्याल–ठट्टा गर्ने, जिस्किने र केही क्षणको लागि प्रकृतिको अङ्गालोमा बाँधिने पूरानो बानीले आज म छट्पटिन्छु। खुला चौरमा डण्डी-वियो खेलेर पाउँने मनोरञ्जन आज नपाउँदा म अरू खेलबाट पनि टाढीन थालेको छु। म प्रकृतिप्रेमी मान्छे आज काठमाडौं जस्तो शहरमा कृत्रिम हावा पिएर बाँचिरहेको छु। सानोमा म अञ्जान भएर पनि ज्ञानी थिएँ भने आज Graguate भएर पनि मूर्ख बनेको छु। यही काठमाडौं हो जुन शहरमा मैले पहिलो पटक पाइला टेक्दा यहाँको जादूले मलाई खुबै लठ्याएको थियो। लाग्थ्यो नेपाल भनेको काठमाडौं मात्र रहेछ। जब मैले नजिकैबाट काठमाण्डोको अनुहार पढ्न थालें मलाई यहाँका ठूला-ठूला गगनचुम्बी घरहरूप्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुल्दुली बढ्यो, व्यापारीहरूप्रति चाख बढ्यो र कर्मचारीहरूको सेवातर्फ ध्यान आकर्षित भयो। मैले विविध अध्ययनबाट के पत्ता लगाएँ भने काठमाडौं ठूला-ठूला व्यापारीहरूको बजार रहेछ, तस्कर र कालबजारीयाहरूको कर्मभूमि रहेछ र सामन्तीहरूको पेवा रहेछ। राणाहरुले भोग विलास गर्न बनाएका दरबारहरू, पञ्चेहरूले तस्करीगरेर ठड्याएका आधुनिक बङ्गलाहरू र राजा लगायत मन्त्री र ठूला-ठालुहरूको सुविधाका लागि बनेका सडक, बिजुली आदिले काठमाडौं रंगी-चंगी देखिए तापनि नराम्रा कीराहरुको प्रवेशले यो ठाउँ रूग्ण भएर बुढीन थालेको छ। तस्करहरूले लुट्नु लुटे, व्यापारीहरूले पार्नु हातपारे, कर्मचारीहरूले चुस्नु चुसे र नेताहरूले सोस्नु सोसे, यसको इमान्दारीतालाई ढाल बनाएर। अब त यो ठाउँ तस्करी र घुसखोरीहरुको भारीले कहिल्यै ठाडो उठ्न नसक्ने गरी थिचिएको छ। यसभित्रका सोझा-साझा र इमान्दार प्राणीहरूमाथि भने अन्याय, अत्याचार र महङ्गीको मार परिरहेको छ। जसले कालो कर्तूत गरे तिनीहरूमध्ये कतिपय अमेरिकाको वाशिटनमा मोज लुटेर बसिरहेका छन्, कोही बेलायती टापुहरूमा सानदार जीवन बिताइरहेका छन्, धेरैजसो त छिमेकी मुलुकको बम्बै र न्यूदिल्लीका ९ तले दरबार मा राजसी छाँट काटेर बाँचिरहेका छन्। उनीहरूलाई काठमाडौं कुहियोस्, पाकोस्, क्यान्सरले ग्रस्त होस्, छटपटिएर मरोस् केही वास्ता छैन।

हुन त राजधानीमा के कुराको पो अभाव छ र जनसंख्या नबढ्नु, मौरी पनि जता रस पाइन्छ त्यतै पल्किन्छ भने सिङ्गै नेपालको प्रतिनिधित्व गर्ने काठमाडौंतिर नयाँ नयाँ सपना बोकेकाहरू किन आकर्षित नहुन्। डाँडा र पाखाले बनेको नेपाल प्रकृतिको देश भनेर चर्चित छँदैछ, उपत्यकाको छेउछेउमा शिवपुरी, पुल्चोकी र नागार्जुन जस्ता थुप्रै डाँडाहरू छँदैछन्। मन्दिरै मन्दिरको देश, हिन्दूहरूको देश भनेर नेपाल चिनिन्छ। यहाँ मन्दिरहरूको पनि कुनै कमी छैन, हिन्दूहरुको नाक बचाउँने पशुपति नाथको मन्दिर पनि काठमाडौंकै छातीमा उभिएको छ। कला र संस्कृतिलाई हेर्ने हो भने हङ्ककङ र पश्चिमका केही नामी बजारहरूमा बेचिएका कलात्मक मूर्ति र धातुहरू बाहेक बाँचेखुचेका कलाका अवशेषहरु हेर्न काठमाडौं नै धाउँनु पर्छ। सभ्यतातिर फर्किने हो भने दौरा, सुरुवाल र टोपीबाट विकसित भएर यहाँका मानिसहरू यूरोपीयन टाइ र सूटमा उक्लीसकेका देखिन्छन्। नेपाली खानालाई छोडेर यहाँका मानिसहरु लन्च (Lunch) र डिनर (Dinner) गर्छन्। नेपाली लोक नृत्य र गीतभन्दा माथि उठेर पप र डान्स (Dance) गर्छन्। कुनै न कुनै पार्टीमा व्यस्त हुनु, चियर्स गर्नु, Birth day मा cake काट्नु यहाँको विकसित सभ्यताको परिचय हो। यहाँका नारीहरू चोली र साडीबाट दुई वित्ता माथि उठेर म्याक्सी र स्कटमा फेशन छाँटेर अंग प्रदर्शन गर्दै गल्लीहरुमा यताउति नाचिरहेका भेटिन्छन्। गुन्द्रुके बाल बनाएर हुन्छ, कि सात ठाउँमा पाइण्ट टालेर हुन्छ कि, आशिकी र ठानेदार कट काटेर हुन्छ कि, गगल्स भिरेर हुन्छ कि जे जसरी भए पनि यहाँका युवकहरु आफू स्मार्ट बनेको गर्व गर्दै आधुनिकताको परिचय दिइरहेका हुन्छन्। उमेरले ५० नाघे पनि विदेशबाट आयातीत लिपिष्टिक पाउडर, सुगन्धित तेल आदि दलेर, कालो अनुहारमा सेतो पट्टीलगाएर फूलेको कपालमा कालो दली ब्यूटीपार्लर धाएर, आधुनिक फेसनदार पोशाकले चाउरीएकै छाला भए पनि सजाएर आफूलाई सुन्दर देखाउन यहाँका नारीहरु खप्पीस छन्। गल्ली-गल्लीमा भिडियो र अश्लिल नग्न Picture हेर्नेहरुको ताँती र लस्कर पाइन्छ। मरेको डीगोलाई लुछ्न कुकुरहरू एक आपसमा जे जति तछाड-मछाड गर्छन् त्यो भन्दा बढी भीड र जमातको हारालुछी हेर्न पाइन्छ मखन र बौद्धका गल्ली भित्र। बिहान, बेलुका र दिउँसो तीनै समय व्यस्त रहने यी ठाउँहरूमा यिनीहरूले शुरू गरेको भारतीय र पश्चिमी व्यापार चकाचक भएर चलेको देखिन्छन्। सभ्यता र संस्कृति, स्वच्छन्दता र सुन्दरता, दान र धर्म, सरलता र सहजता, सुख र शान्ति जस्ता सबै कुराहरू उल्टोबाट भए पनि निकै माथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उठेका छन् काठमाडौंमा । तर म भने कुन्नी किन हो आधुनिकताले सम्पन्न यसबाट पलायन हुन खोज्दैछु । यहाँको भौतिक पराकाष्ठाको स्वच्छन्दताले मलाई वाक्क पारिसकेको छ । खल्लो हावा पिएर बाँच्ने मेरा रहरहरु धरहराको टुप्पोबाट तल खसिसकेका छन् । मलाई पछुतो छ यहाँका कला र संस्कृतिको, मलाई माया छ यहाँका प्राचीन मूर्ति र मन्दिरहरूको मलाई पछुतो छ यहाँको प्राकृतिक सुन्दरता र स्वच्छताको । त्यसैले म दिग्दार भएर पनि यसको विरोधमा जान सक्दिन । यो डुबेको र मासिएको देख्दा–देख्दै मौन भएर बस्न पनि सक्दिन । यहाँको संस्कृति बेचिएको छ, यसको चिन्ता गर्ने कि नगर्ने ? पानी र माटो सुक्दै र फुट्दै छ कोट्याउने कि नकोट्याउने? वातावरण धमिलिदैछ बोल्ने कि नबोल्ने ? हामी त पहाड बोकेर जन्मेका मानिसहरू, हिमालयको काखमा हुर्केका नेपालीहरु हौं । हाम्रा मुटुबाट बग्ने खोला र नाला हाम्रा प्राण हुन् । हिमाली हावाको न्यानो स्पर्श पाएर हामी बाँचेका छौं ।

बाह्रै महिना बगिरहने खोलानालाको पानी र हरिया जंगलहरूको स्वच्छ हावा लिएर बाँचिरहेका हामी नेपालीहरू फोहोर पानी र दूषित हावाको भरमा कतिसम्म टिक्न सक्छौं ?

मुटुलाई सफा, सुन्दर र पवित्र राख्न सकेमात्र शरीर स्वच्छ र निरोगी बन्न सक्छ । त्यसैले म राष्ट्रसेवक, कवि बन्न नसके तापनि आदिकवि र महाकवि हरूको गाउँले, कलाकार र शिल्पकार बन्न नसके तापनि उनीहरूकै सन्तान, वातावरणविद् हुन नसके तापनि त्यसको शुभचिन्तक, त्यसैले म यहाँको कला र संस्कृति, प्रकृति र वातावरण, राष्ट्रप्रेम र राष्ट्रियता संगीत र लय आफ्नै श्रमले सफा र कञ्चन भएर अगाडि बढेको देख्न चाहन्छु । कलाकार अरनिको, वीरयोद्धाहरू, बलभद्र, पृथ्वीनारायण र बहादुर शाह जस्ता राष्ट्रिय विभूतिहरू प्रकृतिभित्र छामछुम गर्दैछु अब मलाई शस्त्रास्त्रको संसार चाहिएको छैन । रगतका धाराले रगीएको प्रकृति म हेर्न सक्दिन । शरीरभरि धूलो र मैलो टाँसिएकी, फुस्री र नाङ्गी, सिउँदो रित्तिएकी प्रकृति मैले हेर्नु छैन । त्यसैले त प्रकृतिभित्र रमाउँने ऋषिमुनिहरूको चोखो सिद्धान्त, बुद्धको शान्ति र गान्धीको अहिंसा अहिलेको संसारमा चाहिएको छ । अनि म किन नभनौं सुन्दर, स्वच्छ, कलात्मक, चचल र रमणीय काठमाडौंकी प्रकृतिलाई धुंवा,प्रदुषण,अश्लीलता,घनावस्ती,असभ्यता,छुद्रता, अमानवीयता, रुग्णता र कृत्रिमताबाट टाढा राख्नु पर्छ । तस्करी र शोषणबाट मुक्ति दिनु पर्छ । सुख, शान्ति र निरोगी काठमाडौंको पुनर्बहाली गर्नु गर्छ । तब मात्र भानुभक्तको कान्तिपुरी नगरी चम्किन सक्ने छ, लेखनाथ र देवकोटाको सुन्दर संसार बन्न सक्ने छ र काठमाडौंबाट बगेको कृत्रिम हावा क्रमशः मेटिदै सिङ्गै नेपाललाई सुन्दर र हरियाली बनाउँने अभियान बामे सर्ने छ । प्रसव वेदनाकी काठमाडौं र सम्पूर्ण नेपालको उद्धार हुनेछ ।

"राष्ट्रियताको धुकधुकी अनुरूप राजनीति गरे अनन्त शक्ति प्राप्त हुन्छ ।"

– वी. पी. कोइराला

× × ×

"विकसित देशको चकचौंध देखेर हामी नबहकिऔं र विकासको प्रश्नमा भावुक नहोऔं । विकासको काममा पहिला हामी गाउँको माटोले आफ्नो हात मैलाऊ जुन माटोले नेपाल बनेको छ ।

– वी. पी. कोइराला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'कर्मठ पाखूरीहरू'

–दुर्गा दत्त विरुट
गोकुलेश्वर, दार्चुला

ओह !
आश्चर्य लाग्छ
धर्तीमा मोटरहरू गुडिरहेछन्
आकाशमा स्थूल विमानहरू उडीरहेछन्
पमावट्रीमा इन्जिनहरू खटखटाई रहेछन्
अन्धो देख्न सक्ने भइसकेछ
लङ्गडो पहाड चढ्न सक्ने भइसकेछ
मलाई आश्चर्य लाग्छ...२
प्रकृति र काल माथि विजय प्राप्त गरिरहेछन्
हाम्रा यी कर्मठ पाखुरीहरू ।
अनि,
कम्युटर, रोबोट संचालन गर्न
प्राचीनदेखि आधुनिकसम्म
मूर्ति, चित्र, वास्तुकला जीवन्त राख्न
साहित्यलाई चुचुरोसम्म पुऱ्याउन
ढुङ्गालाई पगाली रूखो धर्तीमा सुन फलाउन
दुःख सुखका उकाली ओरालीहरू पार गर्दै
कर्तव्यपथमा अग्रसर हाम्रा यी कर्मठ पाखुरीहरू..२ ।
जेठको प्रचण्ड घूप
अनि पुसको कट्याङ्गिने जाडो बिर्सिएर
दुई छाक हातमुख जोर्न
एक मुठी प्राण बचाउन प्रकृति सित संघर्ष गर्न
तर,
आधुनिक तोपको विरूद्ध
ढुङ्गा मुडाले विजय प्राप्त गर्न
"डिजर्ट अप्रेशन स्टोर्म" मा होस्
अथवा मलायाका झाडीहरूमा
जर्मनी र वर्माका पहाडहरूमा
गुरिल्ला युद्धका महान सेनाहरू
अनि शान्तिका प्रतीकहरू
विश्वमा प्रशंसा पात्रा हाम्रा यी कर्मठ पाखुरीहरू ।
'अस्तु'

तीनधाराका पाठशाला छात्रकार्य समितिद्वारा आयोजित कविता प्रतियोगितामा द्वितीयस्थान प्राप्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजभोलिको आजः

– मोदनाथ खनाल

दुङ्गे युगदेखि आरम्भ भएर आज सम्ममा मानवीय सभ्यताका चरणहरू थपिंदै जाने क्रम तीव्र दरले अगाडि लम्किंदै गएको वास्तविकता स्पष्ट भैराखेको छ । सरसर्ती हेर्दा यावत् मानवीय व्यवहारिक 'राजनैतिक, आर्थिक, सामाजिक' कूटनीतिक, भौतिक 'आध्यात्मिक' वैज्ञानिक दार्शनिक, साहित्यिक, नैतिक, शैक्षिक पद्धतिहरू निकै परिष्कृत तथा विकसित हुँदै गइराखेका छन् तर भित्रैदेखि केलाएर, व्याख्या, पुनर्व्याख्या, दृष्टि-सूक्ष्मदृष्टि, आलोचना समालोचना, पक्ष विपक्ष आदि वस्तुतथ्यहरूलाई समेट्दै जाँदा शायद परिष्कृति भन्दा विकृति, विकास भन्दा विनाश, सभ्यता भन्दा असभ्यता, इमान्दारिता भन्दा बेइमानी, मूल्य र मान्यताको कदरभन्दा अनादर तथा अनास्था जस्ता घोर आपत्ति जनक प्रवृत्तिले नै घरजम गरेर आजको तथाकथित मानवीय सभ्यतालाई सजिलै बशीभूत गरेको छ, र अझै दिनप्रतिदिन यो प्रवृत्ति झाङ्गिंदै गएको अनुभूति सबैमा महसुस भैराखेको छ । एक-एक व्यक्तिहरूको प्रवृत्तिदेखि लिएर राष्ट्रिय–अन्तराष्ट्रिय तथा समग्र मानव समाजको नीति, मूल्य र मान्यता वा अन्तरभाव–नात्मक लक्ष्य तथा स्वाभाविक रूपले प्रवाहित प्रवृति प्रति टाठा आँखा लगाएर हेर्ने हो भने नकारात्मक भावनाको नै प्रबलता पाइन्छ । आज सर्वत्र मानवीय प्रक्रियाहरूमा नयाँ नयाँ प्रविधि, नयाँ अनुसन्धान विशेषीकृत तथा सुनियोजित कार्यक्रमको व्यवस्थापन अति श्रादर्श र व्याख्यात्मक प्रविधिमा पर्याप्तता बाहिरी सौन्दर्यको चाकचक्यमा मनोहारिता तथा अति स्वच्छन्द व्यवहारहरूलाई नाङ्गा आँखालेमात्रै पान गर्ने हो भने चक्षु–विलासको शिखरमा पुगेर सर्वाधिक आनन्दानुभूति प्राप्त हुन सक्ला परन्तु यस भित्रभित्रै झाङ्गिंदै गएका नराम्रा प्रवृत्तिहरूले कता कता मानवीय सभ्यता प्रति नै भयानक चुनौति दिंदै आज सम्म प्राप्त भएको विकासतथा सभ्यताको अस्मिता प्रति नै प्रश्न चिन्ह गरेको आभास हुन गइरहेको छ ।

विशेष गरेर आजको समाज अहन्ता र विशृङ्खल मनोजनित बाह्याडम्बर, अति विलासिकता, आलस्य अरू प्रति ईर्ष्या तथा डाह, सद्भाव दरिद्रय, सहयोग र मित्रताको अपहेलना, आत्म अविश्वास र हीनताबोधको भावनाले गर्दा अति नै जर्जर हुन पुगेको छ । आज स्वतन्त्रता, मानवीय मूल्य र मान्यताको संप्राप्तिका कुरा त एकातिर छँदैछन्, त्यत्तिकै शक्ति सम्पन्न र शक्तिहीन तथा सानु र ठूलो बीचको व्यवहारिक असन्तुलन ले गर्दा सर्वत्र चर्का भाषणमा राजनैतिक प्रवञ्चनाले स्पष्ट बिम्ब ग्रहण गर्न थालेका छन् एकातिर प्रजातान्त्रिक पद्धतिमा शाश्वत् मूल्य र मान्यता केवल एउटा गीताको पुस्तक जस्तै भएर सँधै उपासना र पाठ गर्ने प्रवृत्ति भैराखेको छ भने अर्कातिर यही मौका छोपी जनताबाट तथा विश्व मानव समुदायबाट नै जतिसुकै तिरष्कृत भएपनि प्रजातन्त्रको अभ्युन्नति देख्न नसक्नेहरू तथा जनतामाथि अर्थात् समग्र मानव समुदाय माथि अधिनायकवाद जमाएर निरङ्कुशता, शासकीय एकछत्र स्वच्छन्दताको लागि मीठो सपना देखेर मुख मिठ्याइ रहेका हैकमवादी एकदलीय संस्कारले दूषित भएका अमानवीय जङ्गली पद्धतिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माली हरू पुन: जुर्मुराउन खोजेका छन् । यो परिस्थितिमा प्रजातन्त्रका, मानवीय मूल्य र मान्यताका पक्षमा युद्ध गर्ने योद्धाहरूले युद्ध जितियो भनेर सुस्ताउने तथा हामी अजेय शक्तिका रूपमा स्थापित भैसकेका छौं भन्ने रूढी आग्रहलाई त्यागेर राष्ट्र र जनताको सर्वोपरि हित र सुविधालाई ध्यानमा राखी स्वच्छ मनस्थितिले अगाडि बढ्नु पर्ने स्थिति देखापरेको छ ।

समाज भित्रका विकृतिहरू एक पछि अर्को क्रमण फस्टाउँदै गइराखेका छन् । सिर्जना तथा निर्माणका ढोकाहरू प्रायः ढप्प भएका छन् । मानिसहरूको मनस्थितिमा नराम्रो रोग पसेको छ । समाज चारित्रिक दरिद्रताले ग्रसित छ । कर्तव्यको बोध कसैमा हुन सकेको छैन । शून्यताम एकैचोटी महल उभ्याउन खोज्ने महत्वाकांक्षी भावनाले काम गर्ने मानसिकतालाई टुसाउन नै दिएको छैन । रचनात्मक कार्यमा प्रतिस्पर्धा हुँदैन । वास्तविकता बेलाएर सुक्नै लागि सक्यो । इमान्दारिता दन्ते कथा भैसक्यो । विश्वास र सहयोगी भावना ओझेल पर्दै गइराखेको छ । मानिसहरू सिद्धान्त र आदर्शको कुरामा निकै नै सचेत जस्ता देखिन्छन् । परन्तु व्यवहारिक क्रियाकलापमा भने विवेक र नैतिकता देखिंदैन । जतिजुकै शैक्षिक चेतना भएपनि बौद्धिकताको विकास हुन सकेको छैन । वैचारिक उन्नयन तर्फ समाज बढिरहेको देखिंदैन । समाजभित्रका सदस्यहरू दिन प्रतिदिन दूषित हुँदै गइराखेका छन् । एकातिर प्रजातन्त्र र मानव अधिकारको शाश्वत् मान्यताहरू प्रति सबै सचेत वर्गहरूको मौखिक धारणा सकारात्मक पाइन्छ परन्तु व्यवहारिक धरातलमा भने इमान्दारिता प्राप्त गर्न सकिंदैन । प्रजातन्त्रको वास्तविक अर्थ नबुझेर समाज निकै भाँडिएको छ । प्रजातन्त्र भनेको मनपर्दी गर्न पाउने स्वच्छन्दता हो भन्ने भावनाले गर्दा सामाजिक जीवनमा अस्तव्यस्तताले छाइराखेको छ । अर्काको इच्छा विरुद्ध आफ्नो विचार लादन खोज्ने र यदि सकिएन भने तोडफोड, कुटपिट तथा अराजक क्रियाकलापबाट शान्तिपूर्ण वातावरण माथि नै बलात्कार गरिनुलाई नै आज प्रजातान्त्रिक स्वतन्त्रता भनिने गरिएको छ । कसैको भावनामा आघात पर्ने गरी तथा कसैको इच्छा विरुद्धमा नचाहिंदो दबाब दिनु प्रजातन्त्रको मान्यता हो भन्ने सोचाइ हाम्रो समाजले अझै भित्र्याउन सकेको छैन । वैचारिक द्वन्द्व तथा सैद्धान्तिक प्रतिस्पर्धा नै प्रजातन्त्रको मूलाधार हो भन्ने कुरा नबुझ्नेहरूले त यसै बुझेनन् तर बुझ्नेहरू पनि एकातिर सबै भन्दा चर्को स्वरले प्रजातन्त्रको वकालत गरेर अर्कातिर त्यसैको मान्यता विरुद्ध हिंसा आतङ्क तथा अराजकता जस्ता घोर जङ्गली चरित्र देखाई समाजमा सन्त्रास फैलाउने र सिधासाधा जनताहरूको भावनामा प्रजातन्त्र प्रतिको नराम्रो छाप बसाउने कुचेष्टाबाट अभिप्रेरित भई सामाजिक भावना विपरीत कार्य गर्ने प्रवृत्तिले समाजलाई अस्तव्यस्त बनाएको छ । हरेक मानिसहरूमा श्रम गर्ने उत्प्रेरणा जगिराखेको छैन र परनिर्भरताको पगरी गुतेर दिनदिंदै सडकमा जुलुश लगाउनु नै प्रजातन्त्र हो भन्ने विचार राख्नेहरूबाट वास्तवमा राष्ट्रको उत्थान गर्नको लागि प्रेरणा र सहयोग मिल्न सक्दैन । सत्यासत्यको पहिचान नगरी केवल राजनैतिक अवधारणाले मात्रै ग्रसित भएर जतिखेर पनि अन्धरूपले विरोध गर्ने प्रवृत्तिले झन् जरो गाडिसकेको छ । स्वच्छ प्रजातान्त्रिक संस्कारको विकासका लागि हरेक सचेत व्यक्तिहरू अति संवेदनशील जस्ता देखिन्छन् । तर तिनैबाट जानाजान अप्रजातान्त्रिक क्रियाकलाप भै नै रहन्छ ।

आजभोलिको समाजको सबैभन्दा ठूलो समस्या नैतिकताको प्रश्न मानवीय चरित्र भित्र कस्ता क्रियाकलापहरू भावै अट्न सक्छन् भन्ने विषयको सीमा आज देखिंदैन । नैतिक चरित्रताको क्षेत्र आजको समाजमा संकुचित भएको छ । हत्या, लुट, प्रवञ्चना तथा नारी अपमान जस्ता मानवेतर प्रक्रियाहरू आजको फेसन बनेको छ । जति जति चेतनाको विकास हुँदै गइराखेको छ, त्यति त्यति वैचारिक चिन्तन, आदर्श तथा तार्किक पक्षको बलात्कार हुन थालेको छ । आफ्नो राष्ट्रिय मूल्य र मान्यता प्रति पाश्चात्य संस्कृतिबाट बलात्कार गराउने प्रवृत्तिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परंपरागत संस्कृति तथा आफ्नो पनको विलय भैस-केको छ । शिक्षित समाजमा झन् बढी यस्ता क्रिया-कलापहरू प्रति आकर्षण बढेको छ । युवा वर्गहरू नराम्रो मार्गमा लागेर आफ्ना महत्वपूर्ण समय दुरूपयोग गरिराखेका छन् । वास्तवमा चेतनशील युवा वर्ग नै राष्ट्रको सशक्त उर्जापुञ्जको रूपमा स्थापित भैराखेको इतिहास आजसम्म कतै पनि छिपेको छैन । परन्तु हाम्रो सामाजिक संरचना हेर्दा अराजकता, अशान्ति, लूट, हत्या, चोरी, बलात्कार जस्ता सामाजिक विकृतिका श्रोतको रूपमा युवा वर्ग नै रहेको दृष्टान्त सुलभ भैरहेको छ । यही प्रवृत्ति नै राष्ट्र निर्माण तथा सिर्जनात्मक उन्नतिको लागि दुर्भाग्य भैराखेको छ । सिर्जनाका सशक्त श्रोत नै आज कताकता विनाशका शक्ति बनेर निस्किएको आभास भएको छ । यही लागू पदार्थको सेवनबाट नै समाजले सबैभन्दा ठूलो दुर्भाग्य भोग्नु परेको छ । हरेक युवाका आमा बाबुहरूले आफ्ना छोराछोरी-हरूको सुन्दर भविष्य देख्नलाई तड्पिराखेका हुन्छन् तर, परिणाम लागू पदार्थ सेवन, युवक-युवति बीचको अमर्यादित क्रियाकलाप तथा हिंसा र विध्वंसको विकृतिग्रस्त मानसिकताको उजाड प्रस्तुति प्राप्त हुन्छ । त्यसैगरी राष्ट्रको लागि एउटा सशक्त शक्ति यसरी बरालिएर नराम्रो प्रवृत्तिको दूषित कुण्डमा चुर्लुम्म डुबिदिनाले अति संवेदनशील स्थिति पैदा भएको छ ।

हामी सँधै गरीबीबाट ग्रस्त छौं । कयौं जनता-हरू पसीनाको पौखरीमा डुबिरहँदा पनि अर्काको निगाहबाट बाँच्नु परेको छ । कयौं मान्छेहरू औषधि गर्न नसकेर अकालमै मृत्युको निमन्त्रणा स्वीकार्न बाध्य हुन्छन् । जसले आफूलाई गरीबीको डरलाग्दो खाडलमा खसालेको छ, उसैको नै सँधै उपासना गर्नुपर्ने हुन्छ । गरीब मुलुकमा धनीहरूको अवसर बढ्दै गएको छ । गाउँकी एउटी महिलाले आफ्नो लाज छोप्नको लागि एउटा टालो प्राप्त गर्न सकिरा-खेकी छैनन् । बच्चाले भोक लाग्यो भनेर रूँदा एक टुक्रो रोटी दिन सकेकी छैनन् । तर आफूलाई सर्वहारा भनाउन चाहने सामान्त वर्गहरू भने सानो परिमाणको विद्युत महसुल समेत नतिरेर झझै तिर्ने गरीबको रगत पिउने पीपासाले सड़कमा नारा र जुलुश सहित भौंतारिन्छन् । बिचरा गरीबहरू हरेक बर्ष हिन्दूहरू-को सबैभन्दा ठूलो चाडपर्व दशैं-तिहारलाई आँशुको थोपाले स्वागत गर्छन् । घरमा छोरी बढ्दै गएपछि इज्जत लुट्ने तथाकथित इज्जतदारहरूको लाइन हुन्छ । विवाह गर्ने गरीबकी छोरीसँग कसैले मान्दैन । यद्यपि उसँग प्रशस्त रूप र गुण नै किन नहोस् । धनले सम्पन्न सम्भ्रान्त वर्गका छोरीहरूले दिनदिँदै नैतिक-ताको धितो राखेपनि उसको मूल्य उच्च रहिरहन्छ । २-४ लाखको दाइजो जसले दिन सक्छ, त्यही केटी नै सती साध्वी हुन पुग्छे । पैसा नै नैतिकताको मापन गर्ने साधन बनेको छ । पैसा नहुनासाथै समाजमा उसको महत्व रहदैन । (आजको यो परिवेश वास्त-वमा राष्ट्रको लागि तथा सामाजिक मर्यादा र प्रजातान्त्रिक पद्धतिको बिकासका लागि र आजीवन आफ्नो सम्पूण शक्ति र विवेकलाई राष्ट्र र जनताको हितका लागि समर्पित गर्ने महानायक वी. पी. कोइरालाको विचार तथा सिद्धान्तको लागि यो परि-वेश अति नै प्रतिकूल रहेको छ ।)

Astonishing fact ? the Hindu revelation (veda) is of all revelations the only one whose ideas are in perfect which modern science as it fioclaims the slow and gradual formation of the word.

– D. Jacolliot.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी विद्यार्थी हौं

पद्मप्रसाद नेपाल

विद्यार्थी हौं मृदुल रसका कोपिला मञ्जु फूल
शिक्षार्थी हौं सरल दिलका ज्योतिला विज्ञशील ।।
जिज्ञासु हौं नव युग रसिला चाख नौला सुनौला
भावी धारा हृदय पथका दिव्य नेता बनौंला ।।

आशा राख्छौं विविध नमूना योजना जिन्दगानी
सारालाई रमण सुखको शान्तिको भाग्य ठानी
हौंला खाँला जगत मुनिको बास आशासलाई
यौटा जाऊ अमरपुरीको कीर्ति मानौ बनाई

विद्यार्थी हौ यस धरतीको जिन्दगीको मुहान
हाँस्ला धर्ती मुसुमुसु जसै हाँस्छ सूर्य बिहान
हामी साना शिशु वय उचा वल्लरी वृक्षमाला
हावामाथि रमण लहरा आशका दिव्य ज्वाला

माया छोडी शरद ऋतुको कर्म निष्ठा उचाली
हामी लागौं नवहिमचुली मुस्कुराई हिमाली
अज्ञानीको गठरि गहिरो स्तम्भको भावमूल
फ्याँक्छौं हामी यस जगतको हामी गर्छौं कबूल

फक्रिएला नवकुसुम झैं कोपिलाको बिहानी
ढाक्दै जाला रविकिरणको ज्योति झैं उज्वलानी
फुक्तै जाला हृदय बीचको ज्ञान गाथा कहानी
मौलाउला शठ हठ सबै छाडी यो जिन्दगानी

"In the eyes of youth we see a flame but in the eyes of the aged we see light". — Victor Hugo

"Be your own friend and others will friend you". — Unknown

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'शत्रु' कथाका अजातशत्रु विश्वेश्वर प्रसाद कोइराला

–हरि प्रसाद शर्मा

राजनैतिक सामाजिक स्तरका वीतराग-भयक्रोधी स्वर्गीय विश्वेश्वर प्रसाद कोइराला आधुनिक नेपाली कथा एवं उपन्यास साहित्यका पनि त्यस्तै महत्त्वाकांक्षा, भय र ईर्ष्याविहीन प्रतिभाशाली प्रतिभा थिए। कोइराला यिनै राजनैतिक एवं साहित्यिक महामानवीय विशेषताहरूले गर्दा देश अथवा विश्वकै मानवतावादी–समाजवादी राजनीतिका शीर्षस्थ नेता बन्न सके जस्तै नेपाली साहित्य (मूलतः कथा र उपन्यास) का अद्वितीय व्यक्तित्य पनि बन्न गएका छन्।

सङ्गठनात्मक उद्देश्य रहेको राजनीतिलाई सामाजिक वृत्तिका औख्यले हेर्ने कोइरालाले मानव अनुभूतिको विस्तार गर्ने उद्देश्य लिएको कथालाई सङ्गठनहीन व्यक्तिगत वृति मानेका छन्। कोइरालाको धारणा अनुसार सुरक्षा भावनाद्वारा प्रेरित राजनीति नियममूलक र रूढिगत हुन्छ अनि यसमा बहुमतको कदर गरिन्छ भने कलाका क्षेत्रमा यो प्रजातान्त्रिक धारणा पनि उपयुक्त मानिदैन। आ–आफ्नो कलात्मक मूल्यको स्थापना गर्न प्रत्येक कलाकार स्वतन्त्र रहन्छ र आफ्नो क्षेत्रभित्र उसलाई अराजकतावादी बन्ने र स्वच्छाधारी हुने बिल्कुल छुट छ।

समाजवादी राजनीति र विशुद्ध कलसम्बन्धी आदर्शका यिनै मूलभूत र सर्वमान्य मान्यताका कसीमा कोइरालाको सहज राजनैतिक मेता र चोखो साहित्यकारले आफूलाई सधैं शुद्ध र पवित्र राखेको पाइन्छ। अझ स्पष्ट रूपमा भन्ने हो भने नेता कोइरालाको दृढनिश्चयी एवं मानवतावादी राजनैतिक यात्रा समाजवादी राजनीतिको महायज्ञमा आत्म–होम गरेर टुङ्गिनुले उनलाई अद्वितीय राजनैमिक व्यक्तित्व सिद्ध गरे झैं उनले लिएको साहित्यिक निष्ठा र यस प्रतिको शुद्ध सेवाले अत्यधिक सफल र विशुद्ध कलाकार पनि सिद्ध गरेको छ।

लोकतान्त्रिक राजनीतिमा बहुचर्चित व्यक्तित्व विश्वेश्वर प्रसाद कोइरालाले राजनैतिक कार्य गरेर बचेको समय साहित्य-सृजनामा उपयोग गरेका छन्। उनको उपन्यास लेखन त कारवास जीवनकै उपलब्धी हो। कोइरालाको साहित्यिक व्यक्तित्व नेपाली कथा र उपन्यासका क्षेत्रमा बढी चर्चित छ भने उनको केन्द्रीय साहित्य सृजना चाहिं आधुनिक नेपाली कथाकारिता नै हो।

आधुनिक नेपाली कथाको पहिलो प्रहर १९९०–९५ प्रतिनिधि कथा संगालो 'कथा कुसुम' हो। यस कथासंकलनमा सङ्कलित कथाहरू मूलभूत दुई धारामा प्रवाहित छन्– सामाजिक (ग्रामिण सामाजिक, बौद्धिक सामाजिक र तार्किक सामाजिक समेत) र मनोवैज्ञानिक सामाजिक। पहिलो सामाजिक प्रवाहमा मैनाली, सम र पुष्करको संयुक्त योगदान अविस्मरणीय रहेको छ भने दोस्रो मनोवैज्ञानिक सामाजिक कथा धाराका प्रणेता र प्रवर्तक एकाकी विश्वेश्वर प्रसाद कोइराला हुन्।

कथाकार विश्वेश्वर प्रसाद कोइरालाको पूर्वार्द्धको 'शत्रु' नामक मनोवैज्ञानिक कथा अन्य 'विहा' र 'सिपाही' 'सहिद' 'कथाकुसुम' मा सङ्कलित छ। यसै कथाका आधारमा कोइरालालाई अजातशत्रु सिद्ध गर्ने तथ्यपूर्ण आग्रह राख्नु यस लेखको अभीष्ट हो।

हो, विश्वेश्वर प्रसाद कोइराला मूलतः मनोवैज्ञानिक कथाकार हुन र 'शत्रु' कथामा कृष्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रायको मानसिकताको राम्ररी अध्ययन गरिएको छ तर उक्त कथा केवल मनोविश्लेषणसंग मात्र सीमित छैन, बरू आफूलाई अजातशत्रु सम्झने व्यक्तिको क्रियाकलापप्रति शायद व्यङ्ग्य गर्न तम्सिएको छ। यति हुँदा हुँदै पनि 'शत्रु' कथा वास्तविक अर्थमा कृष्ण राय र यस्ता अनेकौं व्यक्तिको आफूलाई अजातशत्रु सम्झने सोचाइप्रति व्यङ्ग्य होइन, बरू त्यस्ता व्यक्तिका पनि शत्रु हुन सम्भव छ ? भन्ने प्रश्नवाचक सोचाई र आश्चर्यमूलक धारणामा शत्रुको सम्बोधन-संग बढी सम्बन्धित छ। यसर्थ कोइरालाको 'शत्रु' कथाले मान्छे अजातशत्रु हुन सक्तैन भन्न खोजेको छैन अपितु अजातशत्रुलाई मूर्खहरूले जबर्जस्ती शत्रु ठानेका हुन्छन् भनिएको छ, त्यस्ता अनैतिक एवं मूर्ख समाज (जसले व्यक्तिको महत्ता र गरिमा बुझ्न सकेको छैन, मूल्य पहिचान्न सकेको छैन) प्रति व्यङ्ग्य गरेको छ। अझ यसो भनौं व्यक्तिले शत्रुको व्यवहार गरेर पनि आफूलाई अजातशत्रु सम्झन्छ भने जरूर प्रस्तुत कथाले मान्छेको अजातशत्रु बन्ने कुभावना प्रति व्यङ्ग्य गरेको छ तर शत्रुको व्यवहार कहिल्यं र कुनै अवस्थामा पनि नगरी व्यक्तिले आफूलाई अजातशत्रु सम्झन्छ भने त्यस व्यक्तिको त्यस सही भावना प्रति 'शत्रु' कथाले व्यङ्ग्य गरेको छ भन्नु सरासर भ्रम र अनुचित हुन जान्छ। किनभने मान्छे आफ्नो भावना र आचरण अनुसार अजातशत्रु बन्न सक्छ जसरी युधिष्ठिर स्वयंमा अजातशत्रु हुन् तर त्यस्तो व्यक्ति-लाई पनि कुदृष्टिवाले शत्रु सम्झिन सक्छ– जसरी कौरवहरूले युधिष्ठिरलाई सधैं शत्रु सम्झिए र उसलाई लाहाको घरमा डढाउमे दुष्प्रयास र देश निकाला समेत गर्ने कुकार्य गरे। त्यसैले यो सही निर्णय दिन असजिलो अनुभव हुँदैन– 'शत्रु' कथामा नायक कृष्ण राय स्वयंमा अजातशत्रु व्यक्ति हुन र उनको यस सही भावना र कार्य प्रति प्रस्तुत कथाले व्यङ्ग्य गर्न सक्तैन। बरू कृष्ण रायले अप्रत्याशित एवं अभूतपूर्व रूपमा भावनाले शत्रु कल्पना गर्ने वाध्य गराउने रामे, बलभद्र, केदार, युवक, गोविन्द पण्डित कन्हैया, माष्टर बुधेलीला र पुष्पराज आदि (जो अजातशत्रु कृष्ण रायलाई कुदृष्टिले शत्रु सम्झि आक्र-मण गर्न गएका छन्) को कुभावना र कुकार्य प्रति व्यङ्ग्य गर्नु 'शत्रु' कथाको अभीष्ट हो भन्नमा कुनै अत्युक्ति हुँदैन। यसर्थ संक्षेपमा के भन्न सकिन्छ भने 'शत्रु' कथाका कृष्ण राय अजातशत्रु व्यक्ति हुन– जसरी युधिष्ठिर अजातशत्रु मानिन्छन् तर उनलाई समाजको वा व्यक्तिको दृष्टिकोणले शत्रु सम्झिएको छ। जसरी युधिष्ठिरलाई कौरवहरूले सम्झिएका थिए, कौरव समाजले सम्झिएको थियो। अब मलाई निर्णय लिन सायद सजिलो पर्नेछ– विश्वेश्वर प्रसाद कोइराला भावना र क्रियाकलापले अजातशत्रु थिए र उनलाई शत्रु सम्झिने ठूलो गल्ती भएको थियो। यस कुराको बलियो एवं प्रामाणिक साक्षी उनको 'शत्रु' कथा प्रस्तुत छ र यसै कथामा कोइरालाले अजातशत्रुका रूपमा देखापरेका छन् भने उनलाई शत्रुताको केन्द्र बनाउने दुष्प्रयास पनि भएको छ।

मान्छे जन्मिदैदेखि शत्रु मित्र हुँदैन। उस-लाई शत्रु र मित्र बनाउने उसको आचरण र क्रियाकलाप नै हो। विश्वेश्वर प्रसाद कोइरालाको भावना र आचरण शत्रुहीन छ। यसैले उनी समाजका आँखामा राखे पनि नविझाउने बन्न सकेका हुन् जसरी विश्वेश्वर प्रसाद कोइराला आचरण र भावनाले पनि शत्रुताको कल्पना गर्दैनथे र समाञ्जस्यपूर्ण मानवता-वादी क्रियाकलाप र सोचाइले गर्दा उनी विश्व मानवताकै लागि हाइहाइ बनेका थिए। अझ भनौं राजादेखि लिएर रैतिसम्म र विरोधी विचारवाला व्यक्तिदेखि लिएर मूर्ख आक्रमणकारीसम्म पनि विश्वे-श्वर प्रसाद कोइरालाको शत्रुताको भावनासम्म पनि थिएन, जसले कोइरालालाई शत्रु कथाका कृष्ण रायलाई झैं भद्रता र अजातशत्रुताको सिंहासनमा बसाउन सकेको छ। तर विश्वेश्वर प्रसाद कोइराला आफू अजात शत्रु रहे 'शत्रु' कथाका कृष्ण राय जस्तै तर गराइएनन्– 'शत्रु' कथाका कृष्ण रायलाई झैं। यो अजातशत्रु भावना र आचरण भएका व्यक्तिको असफलता होइन मूर्ख मण्डलीको मूर्ख सोचाइ हो जसको कुनै अर्थ छैन, अस्तित्व छैन। अझ भनौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युधिष्ठिरको अजातशत्रु भावना र आचरण स्वयंमा महत्त्वपूर्ण कुरा हो, मूर्ख मण्डली कौरवको युधिष्ठिरलाई शत्रु ठान्ने मूर्ख सोचाइ र कार्यको कुनै अर्थ छैन अस्तित्व छैन ।

अजातशत्रुको अभिप्राय जसका कोही शत्रु छैनन् र जो कसैको शत्रु होइन दुबै हुन्छ । जहाँसम्म पहिलो अभिप्रायको प्रश्न छ विश्वेश्वर प्रसाद कोइराला आध्यात्मिक– भौतिक दुबै दृष्टिले अजातशत्रु थिए– 'शत्रु' कथाका कृष्ण राय जस्तै र महाभारतकालीन अजातशत्रु युधिष्ठिर जस्तै । मान्छेका जन्मदेखिकै शत्रुहरू हुन्छन् । कामक्रोध, लोभ, मोह, मद र आश्चर्य आदि । जसले यी षड्शत्रुहरूलाई जित्न सकेको छ त्यो आध्यात्मिक दृष्टिले अजातशत्रु हो । युधिष्ठिरमा यी शत्रुहरूलाई नियन्त्रणमा राख्ने क्षमता थियो र उनी आध्यात्मिक दृष्टिले पनि अजातशत्रु थिए भने कोइरालामा पनि यी सद प्राकृतिक शत्रुहरूलाई पनि शत्रु ठान्नु नपर्ने शक्ति थियो । कोइरालामा न कुनै भौतिक लाभ हानीको आशक्ति थियो, न कुनै व्यक्ति, वस्तु वा समाजदेखि नै उनी रिसाउँथे । कुनै वस्तु वा विषयमा लोभलालचा देखाउनु कोइरालाको पवित्र भावना विपरीत कुरा थियो भने कुनै असामान्य वस्तुकै उपस्थितिमा पनि कोइराला आकृष्ट बन्न सक्तैनथे । अहङ्कार गर्न र दर्प देखाउनु कोइरालाको अप्राप्ति थियो भने कुनै पनि वस्तुको असामान्य लाभ हानीमा पनि आश्चर्यचकित हुने उनको दुर्गुण थिएन । फलतः विश्वेश्वर प्रसाद कोइराला 'शत्रु' कथामा वर्णित कृष्ण राय जस्तै अध्यात्म पक्षका पनि अजातशत्रु थिए भने भौतिक दृष्टिले कुनै पनि व्यक्ति वा समाज कोइरालाको शत्रु थिएन । कोइराला कृष्ण राय झैं विश्वको वा समाजको अझ व्यक्ति व्यक्तिकै स्तरसम्म नबिझाउने र विदेशको भावना समेत नलिने असामान्य विशेषता भएका व्यक्ति थिए । भनौ अजातशत्रु युधिष्ठिर जस्तै विश्वेश्वर प्रसाद कोइराला अजातशत्रु बन्न सकेनन् । 'शत्रु' कथाका कृष्ण राय जस्तै र युधिष्ठिर जस्तै । उनलाई छुल्याहा कौरवमार्गीहरूले सधैं शत्रुताको कलुषित दृष्टिले हेर्दैरहे कृष्ण रायलाई छिमेकीहरूले जस्तै र युधिष्ठिरलाई दुर्योधनहरूले जस्तै । त्यति मात्र होइन "कौडीमा पनि मिल्किन्छ भिल्लका देशमा मणी" भने झैं प्रजातान्त्रिक, राजनैतिक एवं मनोवैज्ञानिक साहित्यिक स्तरका सर्वोच्च प्रतिभा र नेपाली राजनैतिक अनि पारिवारिक स्तरको अजातशत्रुत्वका महार्घमणि स्वर्गीय विश्वेश्व प्रसाद कोइरालालाई भिल्ल नेपाली राजनैतिक समाज र नेपाली साहित्यको कथित भिल्ल समाजले कौडी वा मणि 'मणि' नै हो, त्यो कदापि महत्वहीन र मूल्यहीन बन्न सक्तैन । अझ भनौं त्यसको मूल्य र महत्ता पहिचान गर्न नसके पनि र पारख गर्ने सामर्थ्य कुनै व्यक्ति वा समाजमा नभए पनि मणिको गरिमामा कहिल्यै आँच आउन सक्तैन । बहुमुखी व्यक्तित्वका अधिकारी कोइराला राजनैतिक दृष्टिले जति परिपक्व थिए, कलाकारिताका दृष्टिले त्यस्तै चोखो र प्रौढ थिए । त्यति मात्र होइन, आध्यात्मिक एवं भौतिक दुबै दृष्टिले कोही पनि कोइरालाका आन्तरिक वा वाह्य शत्रुत्वका पात्र थिएनन् । जुनसुकै व्यक्तिलाई पवित्र एवं मानवतावादी दृष्टिले हेर्नु र कुनै पनि वस्तुको आकर्षण-विकर्षण, लाभ-हानी एवं प्राप्ति-अप्राप्तिमा वास्ता नगर्नु कोइरालाको महामानवीय विशेषता थियो तर नेपालको कथित अँध्यारो राजनैतिक पूर्वाग्रह र धमिलो राजनैतिक चश्माले कोइरालाको राजनैतिक गहिराइ साहित्यिक महत्ता र महामानवीय चारित्रिक वैशिष्टयहरूको उज्यालो रश्मि पैल्याउन सकेन । स्वर्गीय कोइरालाको सामाजिक र पारिवारिक विशेषता अनधीत प्राय रह्यो । राजनैतिक र साहित्यिक महत्ताको भिल्ल व्यवहारद्वारा अथवा विपरित वृत्तिद्वारा बरू अवमूल्यन गर्ने दुष्प्रयास भयो । तापनि समाजवादी राजनीति र विशुद्ध साहित्य क्षेत्र एवं पवित्र सामाजिक पारिवारिक स्तरमा महार्घमणि विश्वेश्वर प्रसाद कोइरालाको अस्तित्व मणि झैं चम्किलो रहेको थियो, अहिले अझ तेजिलो बन्न गएको छ र युगौं युगसम्म अर्थात् विश्वमा मानवीय मूल्य र महत्ता समाजवादी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धारणा र सच्चा साहित्यको स्थिति रहेसम्म चम्किदै-रहने छ ।

अतएव अत्यन्त समष्टिमा के भन्न सकिन्छ भने विश्वेश्वर प्रसाद कोइराला अवर्णनीय विशेषताका प्रतिमूर्ति थिए । उनलाई के पारिवारिक व्यवहार, के सामाजिक आचरण, के राजनीति, के साहित्य सबैमा समान सफलता प्राप्त भएको थियो । फलत उनी ठूला नेता, श्रेष्ठ साहित्यकार र अजातशत्रु व्यक्ति बन्न सकेका थिए । उनले राजनीति समाज र साहित्य-लाई जुन देन दिएर गए त्यसको सीमित - - - वर्णन गर्नु असम्भव र दुष्प्रयास मात्र हुन्छ । त्यसैले स्वर्गीय विश्वेश्वर प्रसाद कोइरालाको चारित्रिक सौन्दर्य, भावनात्मक माधुर्य राजनैतिक–साहित्यिक विशेषता-हरूले विभूषित अदभूत-असम्भव कार्यको स्मृतिका लागि प्रिय व्यक्तिको सौन्दर्य-माधुर्य र गुण एवं गरिमाको दीर्घकालीन स्मृतिमा प्रयोग गरिएका कवि माधव घिमिरेका निम्नलिखित भावमय पंक्तिहरूको स्मरण गर्दै यस छोटो लेखको अन्त्य गर्न चाहन्छु ।

"तिम्रो रूप र माधुरी धमिलिदै जाला कुनै कालमा जानेछन् अनि विसिदै गुन पनि यो वैगुनी विश्वमा विर्सौं विर्सी सकिन्न किन्तु कहिल्यै जो यो अनौठो गऱ्यो ।"

सन्दर्भ–सामाग्रीहरू

१) विश्वेश्वर प्रसाद कोइराला, 'शत्रु,' कथाकुसुम ।
२) 'कला, कलाको दायित्व र मानव जीवन' वर-ग दी वर्ष १९ अङ्क ५
३) 'साहित्यमा प्रगतिशीलता, 'प्रगति वर्ष २ अङ्क २
४) दोषी चश्मा ।
५) माधव घिमिरे, गौरी ।
६) ईश्वर वराल, सं. झ्यालबाट ।
७) वासुदेव त्रिपाठी, विचरण ।
८) साझा प्रकाषन, साझा समालोचना ।
९) साझा कथा ।
१०) तानासर्मा, नेपाली साहित्यका सर्वोच्च कृति मध्ये एक दोषी चश्मा रेष्ट ।
११) नेपाली साहित्यको इतिहास ।
१२) पश्चिमका केही महान साहित्यकारहरू ।
१३) कोइराला सम्बन्धी अन्य राजनैतिक-साहित्यिक अन्तर्वार्ता र लेखहरू ।

जिन्दगी न त मासु हो न आत्मा हो दुबै कुरा ।
– महाकवि लक्ष्मीप्रसाद देवकोटा

ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पीपल ।
सिर्जना-शक्ति संसारमा कहिल्यै हुँदैन विफल ।।
– माधवप्रसाद घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय सन्दर्भमा वातावरणीय समस्या र समाधान

– कृष्णप्रसाद सिग्द्याल

नेपालमा कयौं वातावरणीय समस्याहरू छन् र ती आफ्नै विशेषताहरूबाट नै सिर्जित छन् । तिनका समाधानका लागि अन्तर्राष्ट्रिय अनुभवबाट सघाउ पुगे तापनि कयौंका लागि नेपालले आफ्नै मौलिकताको उपयोग गर्नु पर्ने हुन्छ ।

समस्याहरू:

(१) नेपालको जनसंख्या वृद्धिदर २०३८–४८ मा पनि दुई प्रतिशत भन्दा बढी नै रहेको अनुमान छ । यसै दरमा जनसंख्या वृद्धि हुँदै गयो भने आगामी ३०।३५ वर्षमा नेपालको जनसंख्या दोब्बर हुनेछ । नेपालको जनसंख्याको अर्को विशेषता के छ भने खास गरी पहाडी क्षेत्रबाट आफ्नै देशको अर्को एक ठूलो भाग तल समतल भूमि तराई वा भारततर्फ रोजगारी तथा अन्य अवसरको खोजीमा ओर्लन्छ । त्यस्तै नेपालमा भएको दक्ष र अर्धदक्ष कामदारको माग र व्यापार आदिको अवसरको खोजीमा मुख्यतः सीमावर्ती विहार, उत्तर प्रदेश, बम्बई तथा राजस्थान आदिबाट पनि मानिसहरूको आप्रवास हुन्छ । नेपालले वातावरणको समष्टि दृष्टिकोणमा अन्य कुनै पनि कारक भन्दा यस बाह्य आप्रवास तत्त्वको सर्वाधिक छ र जनसंख्या वृद्धि दरको अनुपातमा नै यसबाट वातावरणमा अनुकूल वा प्रतिकूल प्रभाव भविष्यमा पर्ने स्पष्ट छ ।

(२) सबैजसो विकासोन्मुख राष्ट्रहरूमा देखिने एउटा समान सूचक सरसफाई र स्वास्थ्य शिक्षाको अज्ञान नेपालमा झन् बढी टड्कारो छ । जीवनका लागि न्यूनतम आवश्यक यस ज्ञानको अभाववाट राष्ट्रको सामाजिक र आर्थिक जीवनमा अनेक प्रकारबाट प्रतिकूल प्रभाव परिरहेको कुरा स्पष्ट आँक्न सकिन्छ । यसको मूल कारणको रूपमा प्रथमतः देशको साक्षरताको प्रतिशतलाई नै मान्नु पर्दछ । त्यसको साथसाथै गरीबीको कारणबाट पर्याप्त पौष्टिक आहार दिन नसक्नाले बालबच्चाको मृत्युदर उच्च रहने र पितृ तार्न छोरा नै चाहिने भन्ने जस्तो जन विश्वासलाई जनसंख्या वृद्धिको प्रमुख कारणको रूपमा लिनु पर्दछ । अतः सरसफाई र स्वास्थ्य शिक्षा व्यापक गराउन युद्धस्तरमा शिक्षा प्रसार गर्नु, प्राथमिक/ निम्न माध्यमिक शिक्षा कार्यक्रमको अन्तर्गत सकेसम्म छिटो कमसेकम एक छाक पौष्टिक आहार विद्यालय जाने केटाकेटीलाई खान दिने व्यवस्था मिलाउनु र प्रारम्भिक स्वास्थ्य सुविधाको व्यापक जाल विछ्याउनाको साथै उपलब्ध जनशक्ति, भौतिक साधन र स्रोतको अधिकतम उपयोग गर्ने स्थानीय व्यवस्थापन पद्धतिको विकास गर्नु जरूरी छ अनि मात्र नेपालीहरूको बढ्दो आकांक्षालाई पूर्ति गर्न सकिने छ ।

(३) नेपालको विशेष प्रकारको भू-भौतिक बनोटको कारण नेपालका पहाडहरू तुलनात्मक रूपमा नयाँ हुनाको कारण, वार्षिक जल वर्षाको अधिकतम भाग वर्षा याममा नै झर्नुदेखि लिएर जनसंख्याको चाप बढ्नाको कारण र सीमान्त भूमि समेत कृषिमा उपयोग भएकोले पनि भूक्षय बढी टड्कारो हुन गएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । यसबाट वन, जङ्गल र माटो छोपी राख्ने हरियालीको विनाश भई ठाउँ ठाउँमा जमीन मरूभूमीकरण भई बिस्तारै भूक्षय र भूविनाश भैरहेको आम धारणा छ ।

जमीन भिराको भई हुने प्रकृतिजन्य भूक्षय बाहेक हाल भैरहेको भनिएको भूक्षयको रोकथाम आवश्यक गल्छी आदि निर्माण गरी गर्न सकिन्छ नापनि भूक्षयको व्यापक रोकथाम वृहद् वृक्षारोपण कार्यक्रमबाट मात्र सम्भव छ ।

समाधानहरू

(१) नेपालका लागि वृक्षारोपणको भूतकालमा जेजस्तो महत्त्व थियो भविष्यमा पनि हरप्रकारबाट यसको महत्त्व बढ्ने नै छ भन्नुमा कुनै अत्युक्ति हुने छैन । यसैलाई केही गहिरिएर हेर्यौं भने जे जस्तो छैन भने पनि नेपालीहरूको परम्परागत ज्ञान कृषि, वन क्षेत्रमा नै छ । हिजो आज बुझिने अर्थमा अहिले कस्मिएर लाग्ने हो भने पनि, नेपालको विकास गर्न चालीस-पचास वर्ष लाग्छ । दिगो विकासको सिलसिलामा भोलिका दिनहरूमा औद्योगिक उत्पादनको मूल्य निर्धारण प्रकृयाबाट नै कृषि र अन्य वन्य उत्पादनको मूल्य समेत तोकिने दिशातर्फ विश्व उन्मुख छ । अन्य विकासका लागि चाहिने शीप र ज्ञान हामीले हासिल गर्दासम्म अरूले पनि तुलनात्मक रूपमा र प्रतिस्पर्धात्मक आधारमा निकै विकास गरी सक्लान् साथै ओजोन तहको विनाश र वायु प्रदूषण रोक्न विश्वको सबै भागमा वृक्षारोपणका लागि प्राथमिकता बढ्दै जाने पनि निश्चितप्रायः छ । नेपालमा खेतीयोग्य भूमि कम भए पनि वन जङ्गल र हरियाली क्षेत्रका रूपमा सम्पूर्ण भूभागको दुई तिहाइसम्म राख्न सकिन्छ । तर परम्परागत जङ्गल कटानी गरी बेच्ने वर्तमान मनोवृत्तिमा आमूल परिवर्तन जरूरी छ । त्यसका लागि यथाशक्य छिटो यथासम्भव धेरै वन क्षेत्र सामुदायिक नियन्त्रणमा लैजाने र सरकारी क्षेत्रको भूमिका प्राविधिक सहयोग र सरसल्लाह जुटाउनेमा सीमित राख्ने दुईवटा अत्यन्त सरल उपाय छन् । तर यसका लागि दृढ राजनीतिक अठोट आवश्यक छ र कुनै अर्को विकल्प पनि छैन ।

(२) हाल काठमाण्डौं उपत्यका र सडक यातायातद्वारा जोडिएका केही क्षेत्रमा उपयोग हुने गरेको रासायनिक मलले माटोलाई हानी गर्ने कुरा अब राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नै महसुस भइसकेको छ । साथै नेपालको आर्थिक अवस्था र र ढुवानीको कठिनाइको कारणले मात्र पनि नेपालमा उत्पादन वृद्धि गर्न कम्पोस्ट मललाई उचित प्राथमिकता दिनु आवश्यक छ । कृषि क्षेत्रमा उपलब्ध वर्तमान प्राविधिक जनशक्तिको पश्चिमा प्रभावले र सम्भवत. अज्ञानताले गर्दा कम्पोष्ट मलले कृषि प्रसार कार्यक्रममा पर्याप्त ठाउँ लिन सकेको छैन जबकि दिगो विकास लगायत प्रत्येक दृष्टिकोणबाट साना सिंचाईको साथै यसको पनि कृषि विकासमा निकै ठूलो महत्त्व छ । ग्रामीण क्षेत्रमा गाईबस्तुलाई चाहिने स्याउला पातबाट खेर जाने वस्तु तथा घरायसी फोहोर र अन्य जैविक खेर जाने वस्तुहरू उपयोग गरी कम्पोस्ट मल बनाउने प्रविधिलाई कृषि विकासका अन्य प्राथमिकता क्षेत्रकै रूपमा तोकी अघि बढाउनु नेपालमा वातावरणीय समस्याको समाधानका साथै कृषि उत्पादन र जनस्वास्थ्यको स्तर वृद्धिका लागि आवश्यक छ । नेपालको हावापानीको विविधता जैविक मलमात्र प्रयोग गरी उत्पादन गरिएको वस्तु भनी विश्वास दिलाई निकासी गर्न सकेमा यहाँको फलफूल, सागपात, बोटबिरूवा र खाद्यान्न समेत राम्रो मूल्यमा निकासी गर्ने पर्याप्त सम्भावनाहरू देखिन्छन्, आवश्यकता छ एउटा कार्यक्रम बनाई विभिन्न चरणका बीच समन्वय स्थापित गर्ने ।

(३) नेपालमा मानिसहरूको घना वसोबास ५–६ हजार फिटको उचाईसम्म रहेको छ । साथै नेपालमा खासगरी गाई गोरूको संख्या यहाँको भूभागले धान्न सक्ने भन्दा झण्डै एक तिहाइ नै बढी छ भनिन्छ । धार्मिक विश्वासले गर्दा अनुत्पादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको यस संख्यालाई तत्काल घटाउने सम्भावना छैन भने यसको अधिकतम उपयोग गर्ने उपायहरूको सोच हुनु जरूरी छ । यस्तै एक उपयोगको रूपमा गोबर ग्याँस कार्यक्रम हुन सक्छ । भनिन्छ हाल उपलब्ध प्रविधिलाई नै सम्पूर्ण तराई क्षेत्रका साथै मल पकाउन केही रसायनको प्रयोग गरी, गाईबस्तुको गोबरलाई गोबर ग्याँस बनाउनमा ५।६ हजार फिटको उचाइ सम्मको पहाडी भूमिमा पनि प्रयोगमा ल्याउन सकिन्छ । यसरी गोबर ग्याँसको उपयोग व्यापक गराउन सकेमा हाल इन्धनको अभाव महसुस हुन थालिएको तराई र मध्य पहाडको धेरै क्षेत्रलाई यस-बाट सुविधा पुग्ने छ । भनिन्छ गाईबस्तुको मललाई गोबर ग्याँसमा उपयोग गरी सकेपछि खेतबारीमा प्रयोग गर्दा मलको गुणस्तर अझ राम्रो भई उत्पाद-कत्व बढ्दछ । वास्तवमा नेपालीले आफ्नो उत्पादकत्व बढाई प्रतिव्यक्ति आय बढाउने कार्यमा गोबर ग्याँस-लाई सम्भव भएसम्म सम्पूर्ण तराई क्षेत्र र सम्पूर्ण पहाडी क्षेत्रमा प्राथमिक शिक्षा र खोप कार्यक्रमकै प्राथमिकतामा लैजानु जरूरी छ । तत्काल पनि अधिराज्यका विभिन्न जिल्लाका क्षेत्रहरूमा कार्यरत स्थानीय गैर सरकारी संस्थाहरूबाट गोबर ग्याँसको निजी उपयोग र समूह समूहबाट उपयोगको सम्भा-वना र व्यवस्थापन पक्ष बारेमा जनतालाई प्रेरित गर्न सकेमा इन्धनको समस्या टूलो हदसम्म समाधान गर्न सकिने छ । वर्तमान सन्दर्भमा नेपालले दाउराको विकल्पको रूपमा सोच्न सक्ने एउटै मुख्य स्रोत गोबर ग्याँस नै हो ।

उपसंहार

उपरोक्त कार्यक्रमहरूलाई राष्ट्रव्यापी रूपमा प्रभावकारी सञ्चालनका लागि प्रबल राजनैतिक इच्छा शक्ति चाहिने मात्र होइन ठूलो मात्रामा राष्ट्रिय र अन्तर्राष्ट्रिय साधन र जनशक्तिको परिचा-लन गर्न सक्ने क्षमताको विकास पनि जरूरी छ । साथै देशका समस्त राजनैतिक शक्तिहरूलाई उनीहरुले राजनीति गर्ने र जनविश्वास प्राप्त गर्ने आधार यस्तै कार्यक्रम हुनु पर्दछ भन्ने आभास गराउनु सबै बुद्धि-जीवी र सचेत नागरिकको परम कर्तव्य हो । नेपा-लमा भर्खरै प्राप्त प्रजातन्त्रलाई दिगो, बलियो र सशक्त बनाउने एक मात्र आधार पनि त्यही हो ।

पाखुरीहरू

– नारायण अधिकारी
उत्तरमध्यमा, प्रथम वर्ष

वसन्तको सुकोमल गुलाबको फूल
आफ्नो वृक्षको कठोर काँढाले,
छातीमा ढाल बनेर
देश रक्षाको निम्ति
रहनेछन् यी कर्मठ पाखुरीहरु ।
असारको झरीमा बज्ने
यो आकाशको वज्र
अझ भनु त्यो उल्कापिण्ड
बज्रला भन्ने शङ्काले
सतर्क छन् यी हाम्रा पाखुरीहरु ।
कैयौं ठक्कर र हण्डर खाएर
खारिएका यी कर्मठ पाखुरीहरु
शरीरमा एक थोपा रगत रहेसम्म
मुटुमा मसिनो ढुकढुकी रहेसम्म
देश विकास र समाजोत्थानको लागि
लाग्नेछन् यी कर्मठ पाखुरीहरु ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे मूर्ख हो !

बद्री प्रसाद खनाल
"सिम्पल"

आयो ऊ एउटा तूफान गतिमा
थामी नसक्नु वजनदार वेग लिएर
उसका ती द्वन्द्वात्मक भाव लिएर
नदीको छाल झैं उलिएर
लाग्दथियो कतैबाट पनि नपोखिएला त ?
ती द्वन्द्वका भावहरू
पानी, हुरी बतासले झैं क्षत विक्षत पार्दै
बिरूवा जस्तै ती कलिलो मुना
लछार पछार पारेर
आफैंमा एउटा विकराल प्रश्न खडा गर्दै
ऊ आफैंलाई विकासशील बनाउने नरभक्षी प्रणमा
तर के गर्ने आफैंमा ठूला ठूला प्वाल पारेर आएको
त्यसैले त, थामी नसक्नु आँधीमा परेर
त्यसका विकारलाई शुद्धताको रूप दिने क्रममा
कति बाहुहरू घायल भए
जीवनको प्रत्येक मृत्युको झोक्कालाई चुनौति दिएर
आखिर त्यो नाङ्गो नाँच निहत्था जनताले कसरी रोक्न सक्थे र !
तर, समयले कोल्टे फेर्दो रहेछ ।
अचानक उसमा नैरास्य र हीनता बोध भए पछि
साथै विकृतिको प्रतिबिम्बले जिस्क्याए पछि
ऊ बाध्य भइरहेछ । एउटा निस्तेज घाम झैं भएर
जस्तो मलीनता लिएर । कयौं घाउ नै घाउ लिएर
तै पनि, त्यही घाउलाई अंगीकार गर्ने हे मूर्ख हो !
अब पनि चेतना नआउने "कस्तो मूर्ख भयौ" अबत आफैं सोचन ।
त्यसमा त खिया लागिसक्यो,
जीवनको पाइलालाई सरल र सहजै गन्तव्यको दिशामा डोऱ्याउन
सुरम्य वातावरणमा हुर्किन । आऊ वि. पी. को समाजवादलाई
अंगीकार गर ।
किन भोतारिन्छौ, "हे मूर्ख हो"! अब त झन् प्रमाणित गरिसक्यो
त्यो त यौटा निभेको बत्ती हो । त्यसलाई आफ्नै किरणले
लात मारी सक्यो । अतः आऊ यौटा देश र सम्पूर्ण
नेपालीको भविष्य निर्माणको रेखा कोर्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत : एक दृष्टि

श्रीराम अधिकारी

नेपालमा प्रजातन्त्रको पुनः स्थापना पछि शैक्षिक क्षेत्रमा देखा परेका विसङ्गतिहरूलाई परिवर्तन गर्नका लागि राष्ट्रिय शिक्षा आयोग गठन भयो। शिक्षामा के कस्तो परिवर्तन गर्ने हो र स्वतन्त्र वातावरण अनुकूल सबैलाई समेट्ने किसिमको कस्तो शिक्षा नीति तर्जुमा गर्ने भन्ने विषयमा विभिन्न गोष्ठी हुन थाल्यो। त्यसैक्रममा साधारण शिक्षामा सँस्कृत राख्ने कि नराख्ने भन्ने विषयले एकपटक गर्मा गर्मी रूप लियो। पत्रपत्रिका जगत्मा स्वीकार र अस्वीकारका भाषा बोलिन थालियो। संस्कृतको पक्षमा लगभग ७६ जना सांसदहरू (सत्तापक्ष, विपक्ष र अन्य राजनैतिक दलका विविध विचार भएका) को हस्ताक्षर भयो। यसरी राष्ट्रिय सहमतिको विषयमा एक स्वर भएको यो पहिलो विषयनै मानियो। उताजनजाती महासंघले विभिन्न कार्यक्रम दिएर संस्कृतको विरोध गऱ्यो। विरोधीहरूका नारामा संस्कृत विदेशी भाषा हो, बाहुनको भाषा हो, जस्ता जस्ता नमिल्दा र असंबद्ध तर्कहरू प्रस्तुत गरिए। जुन कुरा सोच्नु र भ्रमात्मक वातावरण सिर्जना गर्नु एक प्रकारको अशिष्टताको परिचायक हुन जान्छ।

आजको वैज्ञानिक युगमा विश्वका प्रत्येक राष्ट्रहरूले आफ्नो पहिचान र मर्म बोकेको भाषा, धर्म संस्कृतिमा नवीनता र आधुनिकताका आँखाले हेरिरहेरका छन्, क्रमशः समृद्धिमा लम्कँदै छन्। हामी भने हाम्रो राष्ट्रभाषा नेपाली र अधिकांश राष्ट्रिय भाषाहरूको शब्दस्रोतको रूपमा रहेको संस्कृत भाषा प्रति अनास्था देखाइरहेछौं।

संस्कृतलाई भाषाकै रूपमा मात्र नहेरी धर्म, संस्कृति, दर्शन, कला, साहित्य आदि विशिष्ट वाङ्मय कै ज्ञानविज्ञानको स्रोतसागरको रूपमा हेर्नु जरूरी हुन जान्छ। "नेपालको संविधान २०४७ ले नेपालको राष्ट्रभाषा र राष्ट्रिय भाषाहरूलाई "देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो"। नेपाली भाषा सरकारी काम काजको भाषा हुनेछ। नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन्"। भनी किटान गरेको छ। नेपाली भाषाको अधिकांश शब्द भण्डार र व्याकरणगत विशेषता संस्कृतबाट प्रभावित छन्। संस्कृतका अधिकांश शब्दहरू तत्सम, तद्भव र अपभ्रंशका रूपमा नेपालीमा आएका छन्। बढ्दो वैज्ञानिक उत्पादनका वस्तुहरूलाई बुझाउने शब्दहरू समेत संस्कृतबाट आएका छन्। कानून, मानविकी, शिक्षा, सञ्चार, कृषि, वन, चिकित्सा, विज्ञान आदि क्षेत्रका ७५% शब्दहरू संस्कृतबाट आएका छन्। राष्ट्रभाषा नेपालीका हिज्जे र वर्णविन्यासको सही उच्चारण गर्नु राष्ट्रियताको सम्मान गर्नु हो। संस्कृतको सामान्य ज्ञान विना नेपालीका हजारौं संस्कृत मूल शब्दहरूको समुचित उच्चारण र लेखन हुन सक्दैन। नेपाली भाषामा शुद्ध किसिमले व्यवहार गर्न सक्ने बन्न पाउनु हाम्रो अधिकार हो र त्यस्तो बन्नु कर्तव्य हो। त्यसरीनै राष्ट्रिय भाषाहरूको विकासका लागि पनि संस्कृतको आवश्यकता अपरिहार्य नै छ। मैथिली, भोजपुरी, अवधी, नेवारी, तामङ, मगराती आदि भाषाको शब्द भण्डार हेर्दा यो कुरा पुष्टि हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्छ । केवल यिनै भाषाको मात्र नभई अन्य भाषाहरूमा समेत संस्कृत शब्दका मिल्दा जुल्दा रूपहरू पाइन्छन् । मातृ-मातर हुँदै Mother, दुहितृ= दुहितर= Daugther, गम् धातुबाट Go, 'अद भक्षणे' धातुबाट eat, 'डुकृञ् करणे'बाट do. जस्ता प्रशस्त उदाहरणहरू पाइन्छन् । त्यस्तै चित्रलिपिबद्ध चिनियाँ भाषामा सर्वोच्च अर्थ बुझाउने 'माउत्सेतुङ्ग' शब्दको 'मनुष्येषु उत्तुङ्ग' व्युत्पत्ति हेर्दा संस्कृतको अपभ्रंश होइन भनेर भन्न गाह्रो पर्छ ।

आज विश्वमा हेर्दा अमेरिकामा विश्वसंस्कृत सम्मेलन भएका छन् । जर्मनमा राष्ट्रिय समाचार संस्कृतमा प्रसार गरिन्छ । अफगानिस्तान जस्तो मुस्लिम राष्ट्रमा संस्कृत अनिवार्य पढाइन्छ । रूस, बेलायत,मङ्गोलिया जस्ता देशमा संस्कृतको अनुसन्धान गरिंदै छ । गेटे, मैक्समूलर जस्ता विद्वानहरू क्रमशः ऐश्वर्यं यदि वाञ्छसि प्रियसखे शाकुन्तलं सेव्यताम् र The greattest language in the world The most wonderful and the most perfect" भनेर समीक्षात्मक निर्देशन दिइरहेका छन् । त्यसैले नेपाली गेटे र मैक्समूलर पैदा गर्नु छ भने संस्कृतको आवश्यकता सबैले महसुस गर्नु पर्दछ । पश्चिमाहरू Character is lost, everything is lost भनेर चिच्याइरहेका छन् । चरित्र सम्बन्धी शिक्षाको खोजमा छन् । त्यसैले मान्छेलाई मान्छे भएर बाँच्न सिकाउनलाई आज संस्कृतको आवश्यकता छ।जानातु विविधा विद्या जानातु विविधाः कलाः । आत्मानं न स जानाति, यो न जानाति संस्कृतम्। त्यसैले संस्कृत आफूलाई चिन्नका लागि पनि आवश्यक छ ।

प्रकृत प्रसङ्गमा राष्ट्रिय शिक्षा आयोगले आफ्नो प्रतिवेदन प्रस्तुत गरिसकेको छ । जस अनुसार माध्यमिक तथा उच्च माध्यमिक शिक्षाको उद्देश्य यस प्रकार तोकिएको छ । त्यसका केही अंश यस प्रकार छन् । "भाषिक व्यवहारमा सक्षम, सिर्जनशील सहयोगी, राष्ट्रिय, परम्परा र संस्कृतसंग सचेत, चरित्रवान् नागरिक तयार गर्नु" । यस तथ्यलाई हृदयङ्गम गर्दा संस्कृत विना माथिका उद्देश्य नून विनाको तरकारी हुने कुरा निर्विवाद छ । भाषिक व्यवहारको कुरा माथि नै उल्लेख गरिसकिएको छ । यसबाट राष्ट्रिय परम्परा र संस्कृति प्रति सचेत नागरिक तयार गर्न साधारण शिक्षामा सस्कृत विषय एक पत्र राखिनु पर्ने तथ्य स्पष्ट हुन्छ । हामी नेपालीहरूको संस्कृति विविध छन् । हाम्रो संस्कृति भनेको हिन्दू संस्कृति, बौद्ध संस्कृति,राई लिम्बू संस्कृति आदि हुन् । हाम्रा जति वार्षिक चाडपर्व र सामाजिक कृत्यहरू छन्, ती परम्परा देखि चलिआएका छन् । तिनीहरूको उद्गम र विकास संस्कृतबाट भएको र विधि व्यवहार पनि संस्कृतमय छन् । तिनीहरूको ज्ञान विना कुनै पनि व्यक्ति व्यवहारिक र सचेत बन्न सक्दैन । त्यस्तै चरित्रवान् नागरिक तयार गर्न भावनात्मक रूपमानै प्रेरित गर्नुपर्ने देखिन्छ । घर परिवेश, विद्यालय र अन्य क्षेत्रहरूको व्यवहारमा अनुशासन, मर्यादा र नैकिताको परिपालन भएमा नै व्यक्ति चरित्रवान् बन्न सक्तछ । यसका लागि शिक्षाको ठूलो हात हुन्छ । शिक्षामा मातृदेवो भव पितृदेवो भव, आचार्य देवो भव सर्वे भवन्तु सुखिनःजस्ता भावनाको आवश्यकता पर्दछ भने मान्छे-मान्छेमा "मित्रस्यमा चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम्,मित्रस्याहञ्चक्षुषा सर्वाणि भूतानि समीक्षेमित्रस्य चक्षुषा समीक्षामहे" शु. य. ३६।१८ अर्थात् मलाई सम्पूर्ण प्राणीहरूले मित्र भावले हेरून्, म सबै प्राणीलाई मित्रका दृष्टिले हेरूँ हामी सबैमा मित्रताको दृष्टि रहोस्""मानवा बान्धवाः सर्वे स्वदेशोभुवनत्रयम्"जस्ता उदात्तभावनाको प्रवेश प्रत्येक जनमानसमा पुऱ्याउनु पर्दछ, तब मात्र व्यक्तिको चरित्रमा सुधार आउँछ र व्यक्ति नैतिक अनुशासित, मर्यादित बन्न सक्तछ । तसर्थ साधारण शिक्षाको उद्देश्य संस्कृत विना अधुरो हुन जान्छ । यी उद्देश्यको लक्ष्य प्राप्त गर्न संस्कृत विद्या अत्यधिक सहायक हुन जान्छ किनभने हाम्रो राष्ट्रिय सांस्कृतिक परिवेशभित्र पाइने धार्मिक सामाजिक सहिष्णुता संस्कृतमयी छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋग्वेदको 'एकं सद्विप्रा बहुधा वदन्ति'' अर्थात् एउटै परमेश्वरलाई विभिन्न विद्वान्हरू अनेकौं नाम र रूपले बयान गर्दछन्, जस्ता धार्मिक सहिष्णुता र हरेक धर्म एकअर्काका बाधक होइनन् भन्ने उदात्त भावना संस्कृत विद्यामा मात्रै पाइन्छ । हाम्रो देशको यो धरोहर अनादिदेखि चलिआएको छ । यही समन्वयवादी दर्शनले हाम्रा देश चारवर्ण छत्तीस जातको फूलबारी मानिएको छ । अतः राष्ट्रिय अखण्डताको जगेर्ना गरी सबै धर्म, सम्प्रदाय र जातजाति एवं विविध भाषा भाषीका बीचमा एकताको सूत्रको रूपमा संस्कृत विद्यालाई राष्ट्रिय शिक्षामा अभिन्न मानिनु अपरिहार्य हुन आउँछ ।

नेपालमा संस्कृत शिक्षाको इतिहास हेर्दा प्रामाणिक रूपमा प्राप्त तथ्य अनुसार विक्रमको १९ औं शताब्दी संस्कृतको विद्यालयीय रूपमा शुरूवात मानिएको छ । यस भन्दा अगाडि गुरूकुल परम्पराको इतिहास भने शदियौं वर्ष पुरानो मानिन्छ । जङ्गबहादुर बेलायतबाट फर्किए पछि नेपालमा अंग्रेजी शिक्षाको प्रारम्भ भयो । संस्कृत प्रति तत्कालीन सत्ताधारीको मोहभङ्ग हुन थाल्यो । त्यसपछि संस्कृतलाई अध्यात्म विद्या र कर्मकाण्डका रूपमा मात्र हेरिन थालियो । त्यसपछि संस्कृत पाठशालाहरू वि. सं. १९२६ मा नारायणहिटी पाठशाला वि. सं. १९३२ मा संस्कृत पाठशाला (षडानन्द अधिकारीको सक्रियतामा) वि सं.१९३४मा रानीपोखरी संस्कृत प्रधान पाठशाला खोलिए । त्यसपछि २००९ मा राजकीय संस्कृत महाविद्यालय राजधानीमा खोलियो । त्यस पछि २०४३ मा म. सं. वि वि. को स्थापना भयो ।

लामो परम्परा बोकेको संस्कृत क्षेत्र विश्व विद्यालयको रूपमा संस्थागत भएपनि प्रभावकारी शैक्षिक योजना तर्जुमा गर्न सकिरहेको छैन । म. सं. वि. वि. को ऐनमा ''नेपाललाई संस्कृत विद्याको केन्द्रको रूपमा विकसित गर्दै जाने'' भन्ने महत्वपूर्ण र सान्दर्भिक कुरालाई यसले अगाडि ल्याउनु स्वाभाकि हुन जान्छ तर आयस्रोतका दृष्टिले सरकारी बजेटमा निर्भर रहेको विश्वविद्यालय आफूसँग भएको साधन र स्रोतहरूको समुचित उपयोग गर्न सकिरहेको छैन र समयमै आफ्नै खुट्टामा उभिने आधार स्तम्भ नबनाएमा यसको दूरगामी परिणाम अन्धकारमय हुनेछ । संस्कृत क्षेत्रबाट उत्पादित जनशक्ति प्रशासनको हरेक उच्च ओहदामा आसीन हुनुका साथै अधिकांश नेता, समाजसेवी, बुद्धिजीवी पैदा गर्ने यस क्षेत्रले प्रभावकारी कदम अगाडि बढानु ज्यादै आवश्यक छ । विद्यार्थीहरुको भविष्यलाई ध्यानमा राख्दै विश्वका विभिन्न विश्वविद्यालयहरुद्वारा मान्यता प्राप्त गराई उत्कृष्ट विद्यार्थीहरुलाई विदेश भ्रमण र निश्चित योजना सहित पढ्न विदेश पठाउने र विदेशका संस्कृतका विद्यार्थीहरुलाई स्वदेशमा आह्वान गरी दुवै पक्षका विद्यार्थी बीच शैक्षिक, बौद्धिक, सांस्कृतिक तथा अन्य अनुभवको आदान प्रदान गराउनु पर्ने कुरा त यस विश्वविद्यालयले सोचेको सम्म छैन भने विश्वविद्यालय स्तरमा तथा विद्यापीठ स्तरमा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरुका लागि प्रमाणपत्र तथा पदकको व्यवस्था गरी विद्यार्थी जोश र हौसला अझ बढाउनु पर्ने नितान्त व्यावहारिक कुरा समेत गरिरहेको छैन । यसरी संस्कृत क्षेत्र पछाडि परेको छ भने यसै क्षेत्रका व्यक्तिको क्रियाकलापबाट पछि परेको छ, यस्तै स्थिति रहिरहने हो भने विश्वविद्यालय कतिञ्जेलका लागि हो भन्नु पर्ने हुन्छ । यसका मातहतमा रहेका छात्रावासहरूको जिर्णोद्धार गरी आधुनिक र सुविधायुक्त बनाउने योजना बने पनि फाइलमा मात्र सीमित रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२००४ सालदेखि आधुनिक शिक्षाका लागि आवाज उठाउने संस्कृत जगत र आज साधरण शिक्षामा संस्कृतको माग गर्ने संस्कृत जगत यही संस्कृत छात्रवासका उत्पादन पनि हुन् । असंख्य बुद्धिजीवीदेखि राजनेतासम्म उत्पादन गर्ने संस्कृत छात्रवास आज पनि आफ्नो कार्यमा अडिक छ । हिजो आधुनिक विषयका लागि र आज संस्कृतको अभावको चखतमा आधुनिक विषयसंग संस्कृतलाई सँगसँगै अगाडि बढाउनुपर्ने माग संस्कृत जगतले गर्नु कति घत लाग्दो कुरो छ।तानाशाही राणा र पञ्चायती शासकका विरुद्धमा कलम र वाणीबाट आवाज उठाउने स्वतन्त्रता प्रेमी व्यक्तित्वहरूको यशबाट उज्वल भएको छात्रावास आफ्नो लक्ष्यको पूर्णताका लागि दिलोज्यान दिनका साथै राष्ट्रिय समृद्धि र गौरवका खातिर पुनः यस धर्ति माताका कोखबाट भानुभक्त, लक्ष्मी प्रसाद, लेखनाथ, सोमनाथ, पूर्ण प्रसाद जस्ता राष्ट्रिय व्यक्तित्व जन्माउन पछि पर्ने छैन ।

यी सारा सामन्ती तत्वलाई चेताउन चाहन्छु, अब पुर्पुरोमा लखिने दिन गए । पुर्पुरोमा चाहे जे 'लेखियोस जग्गा हुन्छ जोत्नेको ।'

वि. पि. कोइराला

सम्बिधान भनेको गरीब, किसान, मजदूरहरूको भाइ। गर्ने दस्तावेज हो ।

वि. पि. कोइराला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री विश्वेश्वरप्रसाद कोइरालासंग लिइएको मौखिक अन्तर्वार्ताको सारांश

(श्री कोइरालासँग लिइएको यो अन्तर्वार्ता पहिले टेपमा रेकर्ड गरिएको थियो । तर यन्त्रको कमजोरी र उहाँकै स्वरको कमीले पनि राम्रो सुन्न सकिएन र खाली संझनाकै आधारमा यो वार्तालाप लेखियो । पछि उहाँलाई यो सारांश देखाउँदा उहाँले "हो यही हो, ठीक छ । छपाउनू" भन्ने स्वीकृति दिनु भएको छ र प्रकाशित छ ।)

– सम्पादक

प्रश्न– अस्तित्ववादले व्यक्तिगत अस्तित्वको लागि रहने संघर्षतर्फ इङ्गित गर्छ भने समाजवादले सामूहिक कार्यक्रमको कायान्वयनतर्फ । साहित्यमा अस्तित्ववादी र राजनीतिमा समाजवादी बन्दा यहाँलाई एक किसिमको द्वन्द्वको अनुभव हुनुपर्ने होइन ?

उत्तर– आजसम्म संसारमा सम्पूर्ण दार्शनिकहरूले गरेको एउटा भूल के हो भने उनीहरूले मानवजीवनलाई कुनै एक पक्षबाट अध्ययन गर्ने प्रयास गरेका छन्, कुनै एक व्यवस्था भित्र राखेर व्याख्या गर्ने प्रयास गरेका छन् । त्यसैले ती व्याख्याहरू (Interpretations) अपूर्ण या एकांगी खालका छन् । तर मानव कुनै जड वस्तु या धातु (Metal) हरूबाट बनेको मूर्ति त होइन, न त ऊ कुनै काठको पुतली नै हो । ऊ त विभिन्न जैविक तत्त्वहरूको सम्मिश्रणबाट बनेको छ जो अव्याख्येय छ । त्यसैले उसभित्र अनेकौं परस्पर विरोधी तत्त्वहरूको द्वन्द्व सदैव रहिरहन्छ ।

अर्को कुरो के भने व्यक्ति समाजको सदस्य मात्र होइन उसको आफ्नै मौलिक अस्तित्व र व्यक्तित्व पनि हुन्छ । समाज, राष्ट्र, सरकार भनेका त्यस्ता संस्था (Institutions) हुन् जसले मानव जीवनका शाश्वत र सामान्य नीति नियम, ऐन कानून, विधान भित्र मानव जीवनलाई समीकरण (Equation) गर्ने प्रयास गर्छन् र तिनले एक निश्चित एवं सुस्थिर बन्धन खडा गरेर व्यक्तिलाई ती बन्धनभित्र बाँध्ने प्रयास गर्छन् । तर सामान्यतया प्रत्येक व्यक्ति र विशेषतः कलाकार, कवि, विचारक, दार्शनिक, साहित्यकारहरू ती नीति नियमको बन्धनबाट उम्कन सदैव प्रयत्नशील रहन्छन् । उनीहरू सामान्य लोक साधारणका लागि बनाइएका नीति नियम, कानूनहरूको कदापि पालन गर्न तत्पर रहँदैनन्, तिनलाई तोड्ने मात्र उनीहरूको प्रयास भइरहन्छ र त्यही नै उनीहरूको विशेषता हो जसले समाजलाई, मानव सभ्यतालाई एउटा प्रगतिको दिशा प्रदान गर्छ । मलाई त कतिसम्म लाग्छ भने जुन डाँकूहरू हुन्छन् र तिनीहरूले समाज या सरकारका नीति नियम, ऐन कानूनको उल्लंघन गर्ने र तिनबाट उम्कने प्रयास गर्छन् तिनको त्यो प्रयासका पछाडि पनि उही मानसिक शक्ति सक्रिय हुन्छ, जो कलाकार, कवि, साहित्यकार दार्शनिकहरूको प्रयासमा विद्यमान हुन्छ ।

त्यसैले मानव (व्यक्ति मात्र होइन, समाज पनि) सदैव द्वन्द्वमा रहन्छ र अनेकौं विरोधाभास (Contradiction) हरूको पुञ्ज नै मानव जीवन हो ।

प्रश्न– 'तीन घुम्ती' र 'सुम्निमा' का साथै अन्य कथाहरूमा पनि यौनको अदम्यतालाई प्रदर्शन गरिएको छ । यदि त्यो कुनै दार्शनिक सिद्धान्त हो भने त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकारको यौनवादले या स्वतन्त्र यौनाचारले मानव समाज पशु समाज जस्तो बन्दैन ?

उत्तर– मेरा कथाहरूमा यौनको अदम्यतालाई या यौन स्वतन्त्रताको पक्षमा वकालत गरिएको छ भन्ने भनाइमा केही पक्षपात, केही पूर्वाग्रह छ जस्तो लाग्छ। वास्तवमा यौन स्वतन्त्रतासित यी कथाहरुको कुनै सम्बन्ध छैन। हो, मनोवैज्ञानिक अवस्थाहरुको चित्रण त्यहाँ छ। मेरो कथाहरुलाई यौनवादी भन्नुको कारण के होला जस्तो लाग्छ भने हाम्रो कथा परम्परामा केही निषिद्ध (Taboo) विषयहरु थिए होलान् र सदैव "एकादेशमा एउटा " भनेर शुरु गरिने कथाको परम्परामा मैले केही नयाँ विषयहरुमा नयाँ ढङ्गले कथा लेखिदिएँ, जुन मानिसहरूको लागि नौलो भयो। पवित्राको कथामा के यौन छ ? त्यो त एक मनोवैज्ञानिक अवस्था हो जहाँ बरु प्रेम छ र आफ्नो मालिकको विवाह हुन लागेको वेलामा खालि नरमाइलोको अनुभूति मात्र छ।

प्रश्न– "कर्नेलको घोडा" मा पनि यौन भावना छैन ?

उत्तर– त्यहाँ पनि एक मानसिक अवस्थाको चित्रण मात्र छ। त्यो के भने कर्नेल्नीले एक अनुर्वर (Impotent) मानिएको मानिसलाई आफ्नो लोग्ने मानेर उसँगै बस्नु परेको छ। तर घोडा एक उर्वर, शक्तिमान प्राणी छ र उनको मानसिक अवस्थामा एक विकल्पको रुपमा देखिन्छ। तर कर्नेल्नीको मनोविज्ञानमा र कुनै भजनमण्डलीको प्रमुख या रजनीशकहाँ जाने युवतीहरुको मनोविज्ञानमा खास अन्तर छैन। त्यस्ता साधु या धार्मिक प्रवक्ताकहाँ नियमित जाने युवतिहरुको घरायसी स्थिति या लोग्नेको अवस्था पनि कर्नेल्नीकै घरको जस्तो हुन सक्छ। त्यसैले त्यो एक मनोवैज्ञानिक स्थिति मात्र हो।

"तीन घुम्ती" मा इन्द्रमाया त्यस्ती युवती हो जसका अगाडि पीताम्बर एउटा सानो मान्छे मात्र छ। उसले गरेका निर्णयहरुका लागि इन्द्रमायालाई ठूलो मान्नु पर्छ। त्यसैले कुनै नारी, जो आफ्नो पतिको अधीनमा शासित अबला भएर बस्छे, त्यो भन्दा इन्द्रमाया धेरै माथि छ। यही आस्थाको समर्थनका लागि मैले "तीन घुम्ती" लेखेको हुँ।

प्रश्न– त्यसो भए यहाँ हाम्रा नारीहरुले इन्द्रमायाको देखासिकी गरुन् भन्ने चाहनु हुन्छ ?

उत्तर– यदि इन्द्रमाया जस्तै साहसी नारी हाम्रो समाजमा कतै छन् भने तिनका प्रति मेरो आदर छ।

"सुम्निमा" मा भने जीवनका दुई पक्ष (अध्यात्म पक्ष र शरीर पक्ष) को विमर्श छ। सामाजिक दृष्टिले हेर्दा पनि समाजलाई प्रगतिको मार्गमा डोऱ्याउन एउटा आदर्श चाहिन्छ जो अध्यात्म पक्षको कुरो हो। तर आदर्शले मात्रै पुग्दैन, शरीर पक्षले आदर्शको अनुसरण गर्नुपर्छ।

जेलमा एकजना हाम्रा साथी हुनुहुन्थ्यो– राम नारायण मिश्र, बडो अध्यात्मवादी। एक दिन यस्तै कुरो चल्यो, अध्यात्म पक्ष कि शरीर पक्ष (या भौतिक पक्ष) अनि मैले त्यो "सुम्निमा" लेखेको हुँ। सोमदत्तले अध्यात्म पक्ष र सुम्निमाले शरीर पक्षको प्रतिनिधित्व गर्छन्। सारांश के हो भने शुष्क आदर्शले व्यक्तिगत एवं सामाजिक उन्नति प्रगति गर्दैन, किनभने त्यसको शरीर पक्ष निष्क्रिय रहन्छ। त्यसरी नै आदर्श नै नभएको शरीरले पनि प्रगति गर्दैन किनभने त्यसको आदर्श (लक्ष्य) नै हुँदैन। तिनको समन्वय आवश्यक छ भन्ने "सुम्निमा" ले देखाएको छ।

प्रश्न– एउटै मानिस प्रजातन्त्रवादी र मार्क्सवादी हुन सक्छ ? कसरी ?

उत्तर– यो प्रश्न मलाई व्यक्तिगत रूपमा लक्ष्य गरेर सोधिएको त होइन ? मैले आफ्नो अध्ययनको आधारमा मार्क्सलाई जे जस्तो बुझें, त्यसको एक दृष्टिबाट म मार्क्सवादी हुँ। किनभने मलाई मार्क्सले गरेको ऐतिहासिक विश्लेषणको पद्धति मन पर्छ।

"प्रजातन्त्र नभए देश रहँदैन, राजा रहँदैनन्, हामीहरूको त कुरै भएन। त्यसैले आजको राष्ट्रियताको नारा हो– प्रजातन्त्र।"

वी. पी. कोइराला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनको आर्थिक, राजनीतिक विश्लेषणको आधार इतिहासै हो । हो,नियतिनिर्दिष्ट इतिहासको क्रम यसै हुन्छ भन्न गाह्रो छ । मानिस त्यहीं नेर पुगेर बडो ठूलो कठिनाइमा पर्छ जहाँ उसको इतिहासको आधारमा भविष्यत्को लागि निर्णय गर्नु पर्छ । त्यसैले मानसिक कुनै पनि निर्णय लिन्छ भने त्यो व्यक्तिगत या सामूहिक नियतिवश परेर नै लिन्छ जस्तो लाग्छ त्यसलाई हामी ऐतिहासिक आवश्यकता पनि भन्न सक्छौं । जे होस्, मार्क्सको अन्तिम लक्ष्य भने प्रजातन्त्र नै हो । किनभने मार्क्सले समाजको त्यो अवस्था देखेका छन् जहाँ राज्य या सरकारको आवश्यकता नै रहँदैन । अन्त्यमा राज्यले स्वयं आफ्नो विद्रोह गर्छ । प्रजातन्त्रवादीहरूको सोचाइमा पनि यही नै सर्वोत्तम सरकार हो जसले कम से कम शासन गर्छ । गान्धीले पनि सामूहिक या सरकारी नियन्त्रणमा रहेर गरिने काम भन्दा आफ्ना प्रयोजनका लागि आफ्नै व्यक्तिगत (या कम से कम सामूहिक) स्तरमा गरिने कामको पक्षमा बोले । त्यो पनि 'कम से कम शासन गर्ने सरकार' को धारणा अनुरूप नै हो । यसरी अन्ततोगत्वा प्रायः सबै विचारकहरूको लक्ष्य एक भएको देखिन्छ । तर मार्क्सवादलाई म त्यहाँ निर गलत ठान्छु जहाँ रूस या चीनमा जस्तो अधिनायकवादको स्थायित्वलाई नै मार्क्सवाद भनिन्छ । हो, मार्क्सले अधिनायकवादको पनि क्षणिक उपयोगिता मानेका छन् । तर अधिनायकवाद नै मार्क्सवाद भने होइन । किन भने उनको भनाइ अनुसार अधिनायकवाद अन्ततःसमाप्त भएर राज्यहीन या सरकारहीन अवस्थामा परिणत हुन्छ । त्यो अवस्था नै 'कम से कम शासन गर्ने सरकार' भनेर प्रजातन्त्रवादीले भने जस्तै अवस्था हो ।

प्रश्न– राजनीति र साहित्यको के सम्बन्ध छ? तपाईको राजनीतिक जीवन र तपाइको साहित्य एक अर्काबाट अलग छैनन् किन ?

उत्तर– यसको उत्तर मैले पैलो प्रश्नको उत्तर दिंदा नै आंशिक रूपमा दिइसके जस्तो लाग्छ । राजनीतिले मानवजीवनका विविध शक्ति र पक्षहरूको बीचमा सामञ्जस्य या सन्तुलन गर्ने प्रयास गर्छ ।अर्को शब्दमा भनौ भने (पहिले भने जस्तै) राजनीतिले समाजलाई कुनै विधान, ऐन कानून या नीति नियमहरूमा आबद्ध गर्ने प्रयास गर्छ । तर साहित्यकार रचनात्मक शक्तिशाली व्यक्ति भएको हुँदा ती नियमहरूहरूको पालनाबाट उम्किरहन खोज्छ । त्यसै प्रयासबाट समाज या सभ्यताको प्रगतिका लागि नयाँ दिशा पनि खुल्छ । जीवन वारे नयाँ सत्यहरूको उद्घाटन या खोजीमा साहित्यकारले आफ्नै जीवनलाई खतरामा राखेर काम गर्न सक्छ र त्यसबाट नयाँ सत्यको प्रसव हुन्छ । तर साहित्यकारले सरकारी या कुनै किसिमको संरक्षण पायो भने त्यसले पीडाको अन्त्य गरिदिन्छ, जुन सिर्जनात्मक पीडा हुन्छ ।

प्रश्न– साहित्यकारको आदर्शलाई राजनीतिले अनुसरण गर्न पर्छ, हैन ?

उत्तर– हो, तर कतिपय कुरामा गाह्रो मात्र हैन असम्भव पनि हुन्छ । किन भने साहित्यकारले उद्घाटन गरेका मूल्यहरूको अनुसरण गर्न साधारण मानव समाज सदैव तत्पर हुन सक्तैन । साहित्यकारको क्षमता (हरेक पक्षमा) सामान्य मानव समाजको भन्दा धेरै बढी हुन्छ । राजनीति साधारण मानव समाज सापेक्ष हुन्छ र कतिपय साहित्यिक आदर्शको पूर्ण परिपालन गर्न राजनीतिलाई पनि कठिन हुन्छ । तै पनि आदर्शको अनुसरण गर्ने यथाशक्य प्रयास भने भइरहनु पर्छ । आफ्नो अघिल्तिर आदर्श नभएको त राजनीति नै हैन ।

जहाँसम्म मेरो व्यक्तिगत (अर्थात् राजनीतिक जीवन र साहित्यिक जीवन) को प्रश्न छ, यिनै पूर्वोक्त विचारहरूको सारांश नै म माथि पनि घट्छ । कतिपय मानिसहरू मलाई भन्छन् "तपाईले साहित्य मात्रै किन लेख्नु भएन ? त्यसो गरेको भए तपाइलाई ठूलो सफलता हुन्थ्यो, अथवा शुष्क राजनीतिक व्यक्ति मात्रै भएको भए पनि हुन्थ्यो ।" तर म आफुलाई भने कामुको स्ट्रेन्जर (परदेशी) जस्तो पाउँछु । राजनीतिमा साहित्य लोकको परदेशी र साहित्य लोकमा राजनीतिक जगतको । कतिपय साहित्यकारले समाजको निम्ति प्रस्तुत गर्ने आदर्शका साथै तिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालना र अरूद्वारा कार्यान्वयन गराउन पनि सक्दो योगदान गरेको पाइन्छ। मेरो राजनीतिक जीवन त्यही साहित्य र राजनीतिका बीचमा रहने द्वन्द्व र त्यो द्वन्द्वबाट उत्पन्न सामाजिक प्रगतिको आदर्शको अनुसरण गर्ने प्रयास हुन सक्छ।

मानव जीवनका व्यक्तिगत, सामाजिक र राष्ट्रिय स्तरहरूमा (अथवा आदर्श जगत र जीवन जगतमा) भेद हुँदैन, विरोध या द्वन्द्व छैन भन्नु वास्तविकतालाई नकार्नु हो। महात्मा गान्धीलाई मानिसहरूले सोधे 'किन तपाईका कतिपय भनाइहरूमा विरोधाभास (Contradicstion) छ?'' उनले भने: ''होला, जीवनका कतिपय विरोधाभासपूर्ण प्रश्नहरूमा विरोधाभासपूर्ण विचार व्यक्त हुन सक्छन्'' हामीमा त्यो विरोधाभास स्वीकार गर्ने साहस हुनु पर्छ र त्यो विरोधाभासको बावजूद पनि हामी मानव जीवनलाई सुखमय बनाउने निश्चित आदर्शको बाटोमा लाग्नु पर्छ। यी त भए धेरै बौद्धिक मन्थन र विवाद ग्रस्त कुराहरू।

तर सामाजिक सुख सम्पत्तिका लागि भोलिको समाजवादी कार्यक्रम सम्बन्धमा के गर्ने भन्ने प्रश्न आउँदा त हाम्रा अगाडि स्पष्ट र ठोस कुरा माथि निर्णय लिने विषय नै आइपुग्छ। त्यो हो– विधान, ऐन, कानून, नीति, नियम, योजना कार्यान्वयन कर प्रशासन, शिक्षा दीक्षा, इत्यादिको ठोस लोकोपयोगी व्यवस्था।

–सम्पादन कर्ता-जयराज आचार्य
२०३५।७।१५

संविधान दिवस २०४९ को पावन उपलक्ष्यमा
सम्पूर्ण दाजुभाइ तथा दिदी बहिनीहरूमा हार्दिक
शुभ-कामना व्यक्त गर्दछौं।

राधा कृष्ण बर्तौला
चन्द्र विनायक ट्रेडिङ कन्सर्न
चावहिल, चुच्चेपाटी

अरुणोदय सञ्चालक समिति, अरूणोदयका यस अघिका अंकहरू बिक्रीमा राखिएको कुरा सबैमा जानकारी गराउँदछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बिधान दिवस २०४९ को

उपलक्ष्यमा

सम्पूर्ण नेपाली दाजुभाइ तथा

दिदीबहिनीहरूमा हार्दिक शुभकामना

व्यक्त गर्दछौं ।

Royal Nepal Airlines

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विदेशी छोराको यादमा

(पूर्वस्मृतिको साथमा)

– यज्ञराज अधिकारी

जन्माइकन कष्टले धरतीमा छोरा र छोरीहरू,
हुर्काइन् मलमूत्र केही नभनी अमृत पिलाइन् वरू ।
गर्थिन् प्यार सुसार शुद्ध मनले सानो छँदामा जब,
फर्केनौ यदि चाडमा घर भने आमा रुनेछिन् अब ।।

न्यानो स्नेह दिएर काख भरिको पोखेर माया जति
प्यारो पुत्र पढेर सज्जन बनोस् आशा छ ठूलो अति ।
खेली साथीसँगै मिलीजुली तिमी उम्केर जान्छौ जब
फर्केनौ यदि चाडमा पनि भने आमा रुनेछिन् अब ।।

बढ्दै गै तिमी आठमा जब पुग्यौ पढ्थ्यौ रमाइकन
खेल्थ्यौ ऋै-ऋगडा कतै नि नगरी साथी संगातीसँग ।
आमाले घरमा सुनी खबर त्यो खुशी ती हुन्थिन् जब
फर्केनौ यदि चाडमा घर भने आमा रुनेछिन् अब ।।

धेरै पुत्र भए सबैतिर गए जागीर खाए कति
पढ्ने उत्कट लालसा लिई यहाँ उर्लेर आए कति ।
चाडै मान्न दशैं भनेर अरूका छोरा ती फर्के जब
सम्झी पुत्रहरू सदा धुरू धुरू आमा रुँनेछिन् अब ।।

आमाको ममता भुलेर सहजै कोही विदेशी भए
फर्केनन् घरमा त चाड शुरूभो के भो कहाँ ती गए ?
ठूलो चाड रमाइलो घरमहाँ आमा र बाबा सब
आएनौ यदि चाडमा तिमी भने रून्छिन् तिनी धर् धर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चम्किन्छ तारा सधैं

– नवराज ढकाल

पत्तै भएन, औंशीको अन्धकार साम्राज्य भित्र
मुक्तिको बाटो खोज्दै
आगोको स्फुलिङ्गले
कोलम्बसको चाहना बोकेर
यौटा यथार्थताको खोजीमा, यात्रा शुरू गरिसकेको रहेछ ।।
मस्त निदाइएछ !!
ब्युँझदा, धर्ती मुसुक्क मुस्कुराइरहेकी–
यथार्थताको खोजीमा निक्लिएको, आगो स्फुलिङ्ग-
मेरै आँगनको पर्खालमा
सयपत्री र लालपत्ता भएर फुलिरहेको ।।
आफू त मस्त निदाइएछ !! २ ...
ओलँदाको दृष्य देख्नै पाइएन -
उसलाई धर्तीमा उतार्दा -
घेरै आमाहरूको काख रित्तियो रे !!
घेरै दिदीहरूको सिउँदो पुछियो रे !!
कत्ति बहिनीहरूले मखमली फूलको माला -
दाज्यूको अभाव पूर्ति गर्न,
त्यही आगोको स्फुलिङ्गोलाई, लगाइदिएका रे !! ।।
आमाहरूको काख रित्याएर -
चेलीहरूको चुल्ठो फुकाएर, धर्तीमा ओर्लिएको -
'यो' आगोको स्फुलिङ्गलाई, यति घेरै माया किन त आमा ?
आमा प्रश्नको जवाफ दिंदै हुनुहुन्थ्यो -
बाबु ! हामी बाँच्नको लागि, मृत्युसँग सम्झौता गरेर -
विवश रित्तो जिन्दगी बाँचिरहेका थियौं -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले, हामी बाँच्नका लागि -
स्वतन्त्र र बन्धनमुक्त समाजको खोजीमा थियौं ।।
हामीले देख्यौं 'यो' आकाशबाट देदीप्यमान चिराग भएर -
झर्दै थियो ।।
तर, बीचैमा, कसैको विषालु पञ्जाले रोक्ने कोशिस गऱ्यो
किन्तु रोकिएन, झन् चम्किन पो थाल्यो !!
यत्तिकैमा, मान्छे भित्रको मान्छे ब्युँझिएछ क्यारे !
सडकका काला मूर्तिहरू हल्लिन थाले
दूधे ओठहरूले अन्धकारको विरूद्ध
मूर्दावादको नारा घन्काए
सडकका पेटीहरूमा, रगतका टाटाहरू देखिए
मैले पनि यसको लागि, आपनो सिउँदो पुछिदिएँ ।
तर, तिमी नसुर्ताऊ !
यो प्रत्येक मान्छेको मुटु हो -
प्रत्येक मान्छेको आस्था हो -
र, प्रत्येक मान्छेको विश्वास हो ।।
मान्छेको जन्म भएसम्म
धर्तीको अस्तित्व रहेसम्म
यो चम्किरहने छ -
आकाशको तारा जस्तै भएर
सधैं सधैं, चम्किरहने छ ।।

(तीनधारा संस्कृत छात्रावास छाः का. सः ले आयोजना गरेको कविता प्रतियोगितामा प्रथम स्थान प्राप्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवश जिन्दगी

– उत्तम सापकोटा 'आँसु'

शून्यतामा हराएको आकाश जस्तै,
आषाढको त्यो विशाल भेलमा बगेछ ।
चैत्रको हुरीमा उडिरहेछ,
तैपनि बाध्यतामा बाँचिरहेछ, विवश जिन्दगी ।।
नशाको मात लागे जस्तै,
दुर्वाच्य बोल्न खोजिरहेछ ।
प्रीतको दशा लागे जस्तै,
हाँस्न खोजिरहेछ, विवश जिन्दगी ।।
उषाको आगमनमा हाँस्न खोज्ने,
उजाड जिन्दगी यो ।
नशामा पौडिन खोज्ने आत्मासँग,
मिलनको अपेक्षा गरिरहेछ, विवश जिन्दगी ।।
उजाडिएको बस्ती रहेछ,
रूमल्लिएको गस्ति रहेछ ।
विवशता र सङ्घारमा उभिएको,
निष्प्राण रहेछ यो, विवश जिन्दगी ।।
जीवन र मरणको प्रतीक्षामा बस्ने,
अर्धप्राण तुल्य हो जिन्दगी ।
रक्तपातको वेदना जस्तै,
पीडा र कष्ट हो यो, विवश जिन्दगी ।।
त्यसैले,
विवश जिन्दगी यो,
बाध्यता र भूमरीमा परिरहेछ ।
उत्पीडन र वेदनाको आगोमा पिल्सिएछ,
अनि, साहारा र प्रतीक्षामा दौडिरहेछ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'युवा'

–माधव प्रसाद दाहाल

स्रष्टाको इतिहासमा अमर भै बाँचेर बाँच्नै दिन
सिङ्गो हाँक धरित्रीको बुझ तिमो धर्ती सजाइदिने
आफ्नो देश उठाई यो जगत नै झुल्काउने प्रण गर
तिम्रै हो सब यो अठोट जगमा वन्धुत्व सारा भर ।

बाँचेको सब देशभक्ति जनको आस्था तिमी एकमै
यो छोटो पलको विचार गरी लौ झुल्नु परेको छ है
माया देशभरि छरी वढ अघि यो देशको गीतमा
तिम्रो लक्ष्य सधैं छवल्किन पुगोस् यो देशको प्रीतमा

तिम्रो स्वच्छ पवित्र बाहुलो यहाँ तारा वनी चम्कियोस्
तिम्रो आँठ अठोट यो धरतीमा छायाँ बनी लम्कियोस्
जे जे पर्छ डटेर कम्मर कसी छिल्दै अगाडि सर
भक्ति यो जगको अनन्त कहिल्यै मर्दैन भन्ने गर ।

डाँडाबाट पखेरीमा पुग तिमी मैदान छिट्टै ऊर
हो कर्तव्य बुझी धरा उपरमा जे गर्न सक्छौ गर
अन्यायो पथमा लडे अघि युवा सृष्टि तिमीभित्र छ
बाँची आफू बचाउ यो जगतने तिम्रो सबै मित्र छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन गीत

–रामहरि अधिकारी

आफ्नै मनको आँगनमा अविश्वासी घेरा ।
दीपशिखा बालौं भने कस्ले वर्तन देला ।।
मन आफैं वन हुने मनकै बाघदेखि ।
कसो गरी हटाउँ म कस्को साथ लिई ।।
अन्धकार अझ आई मलाई नै च्याउँछ ।
अलि अलि साहस पनि लुकी अन्त भाग्छ ।।
कहाँ गई खाजी ल्याउँ मेरो साहसलाई ।
लौ न हजूर ! कोही छौ कि साथदिनलाई ।।
विश्वासमा रोग पसी मनको वन खायो ।
मुटुभित्र मन दुख्यो रुन कर लाग्यो ।।
आँसु आयो मनभित्र मुटु पोल्न लाग्यो ।
निराशाले शरीर सल्की विश्वास वल्न लाग्यो ।।
विनाशको सागरमा पौडी खेल्दा खेल्दा ।
मनै हात थाकिसक्यो इच्छा फेर्दा फेर्दा ।।
बोलाउँ भने मुखभरी पानी भरिरैछ ।
नबोलाउँ त मेरो हजूर मनै डुब्ने रैछ ।।
आँखाले नै शान गरी बोलाउँ त भने ।
उल्टै यही मनै रुन्छ कसो गरी हुने ? ।।
बादल लाग्यो आँखाभरी संसार शून्य भयो ।
पिलपिले बत्ती आजै धिप्प निभ्ने भयो ।।
आँसुको यो सागरमा समाधिस्थ भएँ ।
निराकार भएँ ।।

यात्राका यी वस्त्रहरू फेर्नु पर्दो रैछ ।
जीवनरूपी नौका आफैं तर्नुपर्दो रैछ ।।
तर्नु आज कति थियो डुङ्गै डुबिगयो ।
वल्लोघाट न पल्लोतीर बीचै परिगयो ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाँसौं, सिकौं र हाँसौं

हाँसौं—

एक पत्रकारले गाउँमा अन्तर्वार्ता लिने क्रममा एकजना गाउँलेसँग सोधे–

पत्रकार:– यस गाउँमा कोही ठूलो मान्छे जन्मेको छ ?

गाउँले:– अहँ आजसम्म त मैले खालि बालकै मात्र जन्मेको देखेको छु हजुर ।

सिकौं—

१) POLICE को विस्तारित रूप– Patience, Obedience, Loyalty, Intelligence, Courage, Efficiency हो ।

२) विश्वकप फुटबल प्रतियोगिताको पहिलो (सन् १९३० जुलाई १३ मा उरुग्वेको राजधानी मन्टेभिडियोमा फ्रान्स र मेक्सिको बीच आयोजित) खेलमा फ्रान्सका लुइस लौरेटले पहिलो गोल गरेका थिए ।

३) सन् १९९२ जुलाई २५ देखि अगष्ट ९ सम्म आयोजित २५ औं ओलम्पिक खेलकुदमा पहिलो र अन्तिम स्वर्ण पदक क्रमशः दक्षिण कोरियाकी १४ वर्षीया Yee kab-soon र दक्षिण कोरियाकै Hwang young ले प्राप्त गरे ।

४) विश्व प्रसिद्ध फुटबल खेलाडी पेले (जसलाई 'Black Pearl' अर्थात् 'कालो मोती' भनिन्छ) को पूरा –"E Do Son Arantes Do Nascinanto" हो ।

५) Scout को विस्तारित रूप– Service, Courteous, Obedience, Unity, Trusty हो ।

फेरि एकपटक हाँसौं

– एक दुईजना अमेरिकनहरू आफ्ना साथीको चिहानमाथि फूल चढाउँदै थिए र त्यसैको छेऊमा एउटा जापानीज आफ्नो साथीको चिहानमा चामल चढाउँदै थियो । त्यो देखेर ती अमेरिकनहरूले सोधे– "तपाईको साथी चामल खान कहिले आउनुहुन्छ ?

– जापानीजले उत्तर दियो – "जब तपाईको साथी त्यो फूल सुँघ्न आउनुहुन्छ ।

– बस कण्डक्टर– "टिकट नलिई बस किन चढ्नु भयो ?"

यात्री– हुलाक बन्द भैसकेको रहेछ त्यसैले टिकट लिनै पाइनँ ।

संकलन

हरिशरण "अपरिचित"

संस्कृत छात्रावास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतका दर्जनौं ग्रन्थका लेखक, नेपाली विद्वान्, नेपाल
तथा भारतका सुविख्यात संस्कृतज्ञ कविरत्न श्री कृष्ण
प्रसाद घिमिरेज्यूको यही मार्ग महिनामा ७४ वर्षको
उमेरमा दुःखद निधन भएकोमा शोकसन्तप्त
परिवारप्रति हार्दिक सहानुभूति प्रकट गर्दै
लघुव्यासका रुपमा सम्मानित महाकवि
स्वर्गीय घिमिरेको दिवंगत आत्माको
चिरशान्तिको कामना
गर्दछौं ।

संस्कृत छात्रावास परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महामानव वी॰ पी॰ कोइराला प्रति

संस्कृत छात्रावास परिवार

अटल आस्था, विश्वास

र सम्मान प्रकट

गर्दछ ।

संस्कृत छात्रावास परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu